महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदन २०८२



महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

महालेखापरीक्षकको
सातौँ वार्षिक प्रतिवेदन
२०८२

बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र सङ्ख्या : २०८१।८२

च.नं.: १०५

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौडा, मकवानपुर।

नेपालको संविधानको धारा २४१ बमोजिम बागमती प्रदेशको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८२ साल वैशाख ३१ गते, बुधवार
नेपाल सम्वत् ११४५

फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति.....**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश.....**	९
	खण्ड - १ : मन्त्रालय र निकायगत बेहोरा	
	१. प्रदेश सभा सचिवालय	१९
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२१
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय.....	२७
	४. आर्थिक मामिला तथा योजना मन्त्रालय	३१
	५. उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालय.....	४६
	६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय	४९
	७. खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय.....	५७
	८. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	६४
	९. वन तथा वातावरण मन्त्रालय	७०
	१०. श्रम, रोजगार तथा यातायात मन्त्रालय	७४
	११. संस्कृति तथा पर्यटन मन्त्रालय	७७
	१२. सामाजिक विकास मन्त्रालय	८३
	१३. स्वास्थ्य मन्त्रालय	९१
	१४. प्रदेश नीति तथा योजना आयोग	१००
	१५. प्रदेश लोक सेवा आयोग	१०३
	१६. मुख्य न्यायाधिवक्ताको कार्यालय	१०५
	खण्ड - २ : स्थानीय तह	१०७
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति.....**	११३
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार.....**	११५
	अनुसूचीहरू.....	१२१

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०८१, वार्षिक लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका, २०८१, सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्वन गरिएका असल अन्तर्राष्ट्रिय अभ्याससमेतको आधारमा बागमती प्रदेशका निकाय तथा कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन, राजस्व, धरौटी, र अन्य कोष तथा बक्यौतासमेत लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको सातौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणमा देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

यस वर्ष सूचकका आधारमा जोखिम विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ। लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर आश्वस्तता पुनरावलोकन, भर्चुअल बैठक मार्फत सरोकारवालासँग छलफल, टोल फ्रि नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफ.एम. रेडियो र कार्यालयको वेवसाइटमार्फत सूचना प्रसारण र प्राप्ति, लेखापरीक्षणको प्रवेश र समापन बैठक, प्रतिक्रियाबाट फर्स्यौट नभएका विषयमा लेखा उत्तरदायी अधिकृत र मन्त्रीलाई जानकारी गराइ सकेको छ। त्यसैगरी, सम्परीक्षणको लागि अनुरोध भई आएको बेरुजु र प्रारम्भिक प्रतिवेदनमा प्राप्त भएका सबै जवाफ सम्बोधन गरिएको छ। प्रदेश सभाको सार्वजनिक लेखा समिति र प्रदेश सरकारका पदाधिकारीहरूसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत कार्यान्वयन गर्ने प्रयास गरिएको छ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा समिति र अन्य संस्थासमेत २१४ निकायको रु.८२ अर्ब ८२ करोड ३५ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भई रु.८५ करोड १७ लाख ८२ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.०३ प्रतिशत रहेको छ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन लगायतका विषय लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा सङ्घीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वृद्धि हुँदै गएको, उत्पादनशील क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनोट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भइरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप

आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भइरहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता एकिन गर्न नसकेको, ठेक्का सम्झौता विपरीत पटकपटक म्याद थप गरेको, ठेक्का सम्झौताहरूको कार्यान्वयन प्रभावकारी नभएको अवस्था छ। आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचान बेगर कतिपय सामान खरिद भएकोमा उपयोग हुन सकेको देखिँदैन।

लेखापरीक्षणबाट औंल्याइएका बेहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका बेहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत सार्वजनिक लेखा समितिमा समयमै छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा प्रभावकारी हुन सकेको छैन। लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, लेखापरीक्षण गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, मन्त्रीज्यूहरू, उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत २१४ निकायको २०८०।८१ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १४६ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ६८ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत् लेखापरीक्षण गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त

जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(शासकीय लेखा परीक्षकको कूटनीतिक विभाग)

पत्र संख्या : २०८१।८२
च.नं. : ६२६

मितिः २०८२।१।२८

श्री प्रदेश सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

विषयः एकीकृत वित्तीय विवरणमा राय ।

१. **कैफियतसहितको राय** - हामीले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट तथा गैर बजेट निकाय), बजेटको तुलनात्मक विवरण (बजेट निकाय) र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार-**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको विनियोजनतर्फ रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार, राजस्वतर्फ रु.२६ अर्ब २५ करोड १९ लाख ८९ हजार, धरौटीतर्फ रु.३ अर्ब ७२ करोड ९० लाख ६५ हजार, अन्य कारोबारतर्फ रु.१ अर्ब ८८ करोड ३५ लाख ३३ हजार र समिति तथा अन्य संस्थातर्फ रु.६ अर्ब ४४ करोड ५७ लाख ९१ हजारसमेत रु.८२ अर्ब ८२ करोड ३५ लाख ८१ हजारको लेखापरीक्षण गरिएकोमा रु.८५ करोड १७ लाख ८२ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.७ करोड ९ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु.६६ करोड ९९ लाख २५ हजार र पेस्की बाँकी रु.११ करोड ९ लाख १० हजार रहेको छ।

२.२. प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वार्षिक वित्तीय विवरणअनुसार यो वर्ष बागमती प्रदेश सञ्चित कोषमा गत वर्षको बचत रू.२६ अर्ब १५ करोड ८० लाख ५ हजारसमेत रू.६६ अर्ब ८२ करोड ९७ लाख २१ हजार जम्मा भएकोमा यो वर्ष रू.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार खर्च र सङ्घीय सरकारलाई सर्सत, समपुरक र विशेष गरी रू.२ अर्ब ३५ करोड ७८ लाख ५८ हजार फिर्ता गरेकोले वर्षको अन्तसम्म रू.१९ अर्ब ९५ करोड ८६ लाख ६० हजार मौज्दात देखिएको छ।

२.३. प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकार र मातहतमा रू.६ अर्ब ९ करोड ८८ लाख ६१ हजारको स्थिर सम्पत्ति रहेको खुलासा गरेको छ। ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको छैन । प्रदेश सरकार मातहतका सरकारी निकाय तथा समिति र अन्य संस्थामा रहेका स्थिर सम्पत्तिको विवरण खुलासा नगरेको कारण सो सम्बन्धमा मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

२.४. प्रदेश सरकारको लागि सशर्त अनुदान रू.५ अर्ब ७४ करोड ८२ लाख, समपुरक अनुदान रू.१ अर्ब ३० करोड र विशेष अनुदान रू.७३ करोड समेत रू.७ अर्ब ७७ करोड ८२ लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.२ अर्ब ३५ करोड ७८ लाख बचत रहेको छ। उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ। सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ।

२.५. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदानसमेत रू.६ अर्ब १६ करोड ३ लाख ५ हजार वित्तीय हस्तान्तरण गरेको छ । सो मध्ये सशर्त, समपुरक र विशेष अनुदानमा प्रदेशले रू.४ अर्ब ४९ करोड ७८ लाख ५ हजार हस्तान्तरण गरेकोमा स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली अनुसार स्थानीयतहहरुले रू.२ करोड ४६ लाख २६

हजार घटी आम्दानी गरेको देखिन्छ। सो रकम समायोजन गरेको छैन । वित्तीय हस्तान्तरण गरेको रकम मध्ये सम्बन्धित स्थानीय तहमा खर्च नभई बाँकी रहेको रकम २०८१ आषाढ मसान्तसम्म फिर्ता हुनुपर्नेमा यो वर्ष समेत फिर्ता भएको छ।

२.६. प्रदेश लेखा नियन्त्रक कार्यालयले जिल्ला अस्पताल अन्तर्गत रहेका अस्पताल व्यवस्थापन समितिहरुबाट भएको आम्दानी र खर्चको विवरण एकीकृत प्रतिवेदनमा गैर बजेटरी निकायको रुपमा समावेश गर्नुपर्नेमा गरेको छैन।

२.७. नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको एकीकृत वित्तीय विवरणको टिप्पणी नम्बर १५ मा लिन/उठ्न बाँकी रकमको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय तहबाट असुल गरी स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन र दहत्तर बहत्तर कर एवं प्रदेश आफैले प्राप्त गर्ने, सवारी साधन शुल्क, सवारी चालक अनुमति पत्र लगायतको नवीकरण शुल्क तथा जरिवाना लगायतकरको अद्यावधिक अभिलेख राखी वित्तीय विवरण साथ पेश गरेको छैन ।

२.८. नेपाल सार्वजनिक क्षेत्र लेखामानको टिप्पणी नं.२३ मा राजस्व खर्च र छुटको विवरण एकीकृत वित्तीय विवरण साथ पेस गर्नुपर्ने व्यवस्था छ। बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले रू.१ करोड ६ लाख ३७ हजार राजस्व छुट दिएको र रू.४ लाख ७३ हजार राजस्व फिर्ता गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सोको लेखाङ्कन गरी प्रतिवेदन पेस गरेको छैन। राजस्व छुट र खर्चसमेत एकीकृत वित्तीय विवरणमा समावेश हुनुपर्दछ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. **अन्य बेहोरा** - शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ती व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधी, सार्वजनिक प्रशासन र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ बमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र सम्बन्धित पदाधिकारीबाट उपयुक्त अनुसार उत्तरदायित्व बहन गरे नगरेको सम्बन्धमा रेखदेख गर्ने उत्तरदायित्व सम्बन्धित विभागीय मन्त्रीको हुने व्यवस्था छ। सोही ऐनको दफा ४ बमोजिम एकिकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सम्वन्धित मन्त्रालय तथा निकायको व्यवस्थापन र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको परीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ।

.....

(बिन्दु बिष्ट)

उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	रकम (रु.हजारमा)
१.	प्रदेश मन्त्रालय तथा निकाय	१९८	७६३७७९०
२.	समिति तथा अन्य संस्था	१६	६४४५७९१
	जम्मा	**२१४**	**८२८२३५८१**

द्रष्टव्यः *अन्तरसरकारी अख्तियारीका कार्यालयको कारोबारसमेत लेखापरीक्षण अङ्कमा समावेश छ।*

यो वर्ष प्रदेश मन्त्रालय र मातहतसमेत १९८ निकायको रु.७६ अर्ब ३७ करोड ७७ लाख ९० हजार र १६ समिति र अन्य संस्थाको रु.६ अर्ब ४४ करोड ५७ लाख ९१ हजारसमेत रु.८२ अर्ब ८२ करोड ३५ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची -१, १(क), १(ख) र ३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष १९८ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम (रु.हजारमा)
१.	विनियोजन खर्च	४४५१३२०३
२.	राजस्व	२६२५१९८९
३.	धरौटी	३७२९०६५
४.	अन्य कारोबार	१८८३५३३
जम्मा		**७६३७७९०**

लेखापरीक्षण रकमको विवरण **अनुसूची -२** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष १६ समिति तथा अन्य संस्थाको रु.६ अर्ब ४४ करोड ५७ लाख ९१ हजारको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद-३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ। लेखापरीक्षण गरिएका निकायको विस्तृत विवरण **अनुसूची -४** मा उल्लेख छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को बजेट अनुमान र यथार्थ खर्च (संघीय कार्यालयमा भएको खर्चसमेत) निम्नानुसार छ।

(रु.हजारमा)

क्र. सं.	शीर्षक/क्षेत्र	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को		
				बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
१.	चालु (वित्तीय हस्तान्तरणसमेत)	१५६९९९०६	१७९८२४००	२६२९०४६५	१५९७२५०३	६०.७५
२.	पुँजीगत	२०९९५०५७	२८२७९५६८	३५९१८६१३	२८५४०७००	७९.४६
३.	वित्तीय व्यवस्था	१३०००००	६०००००	५०००००	-	-
	कुल जम्मा	**३७९९४९६३**	**४६८६१९६८**	**६२७०९०७८**	**४४५१३२०३**	**७०.९८**

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल खर्च (चालु र पुँजीगत) को विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/केन्द्रीय निकायको नाम	अन्तिम कायम बजेट				यथार्थ खर्च				खर्च प्रतिशत
		चालु	पूंजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा	चालु	पुँजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा खर्च	
१	प्रदेश सभा सचिवालय	२७७१९३	४३०००	०	३२०१९३	२०१३१६	१९२३५	०	२२०५५१	६८.८८
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२०८७३६९	१८६५०	०	२१०६०१९	२४३११०	१०११२	०	२५३२२२	१२.०२
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१८९३७९	४४७१२७	०	६३६५०६	१२२७२२	२८०१३५	०	४०२८५७	६३.२९
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१६८०१६	११०००	०	१७९०१६	११८३१०	७२०५	०	१२५५१५	७०.११
५	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	४३३६६५	८१०७०	०	५१४७३५	२९७४९४	४९८३९	०	३४७३३३	६७.४८
६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२२४९२०८	७२१६८५	०	२९७०८९३	१५५७१०२	४२३४७१	०	१९८०५७३	६६.६७
७	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	४१९५८३	७७५९२६२	०	८१७८८४५	३०७७९९	७१४८२३२	०	७४५६०२३	९१.१६
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	४०७६६६	२१२८१२१३	०	२१६८८८७९	२७९५३४	१६५८५८७७	०	१६८६५४११	७७.७६
९	वन तथा वातावरण मन्त्रालय	१३०७९९१	१७५६८७५	०	३०६४८६६	८८२७७९	१४६०८५८	०	२३४३६३७	७६.४७
१०	श्रम, रोजगार तथा यातायात मन्त्रालय	५५३५४२	२४५४४५	०	७९८९८७	४०४८६७	४४६०७	०	४४९४७४	५६.२६
११	संस्कृति तथा पर्यटन मन्त्रालय	२७८७९३	१४१९३३५	०	१६९८१२८	१५५४१६	११५९४१२	०	१३१४८२८	७७.४७
१२	सामाजिक विकास मन्त्रालय	२९८४५२३	१०४८१७९	०	४०३२७०२	२३९७५००	७४६७९४	०	३१४४२९४	७७.९७
१३	स्वास्थ्य मन्त्रालय	३५३०५३३	७११७१९	०	४२४२२५२	२७२९४०५	५९८३७०	०	३३२७७७५	७८.४४
१४	प्रदेश नीति तथा योजना आयोग	४४५३३	२४५०	०	४६९८३	२५९०४	२३८३	०	२८२८७	६०.२१
१५	प्रदेश लोक सेवा आयोग	१११६०७	९१०६	०	१२०७१३	७२०१४	२९१०	०	७४९२४	६२.०७
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	२०८८६	१३१३	०	२२१९९	१६९३४	१२६०	०	१८१९४	८१.९६
१७	वित्तीय व्यवस्था	०	०	५०००००	५०००००	०	०	०	०	०.००
१८	कर्मचारी सुविधा	४६५०	०	०	४६५०	०	०	०	०	०
१९	अर्थ - विविध	३५६६४०२	३६११८४	०	३९२७५८६	०	०	०	०	०.००
२०	स्थानीय तह	७६५४९२६	०	०	७६५४९२६	६१६०३०५	०	०	६१६०३०५	८०.४८
कूल जम्मा		**२६२९०४६५**	**३५९१८६१३**	**५००००**	**६२७०९०७८**	**१५९७२५०३**	**२८५४०७००**	**०**	**४४५१३२०३**	**७०.९८**

२.३. **स्रोतगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

स्रोत	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० यथार्थ को खर्च	२०८०/८१ को			अनुमानको तुलनामा खर्च प्रतिशत
			अनुमान	प्राप्ति	यथार्थ खर्च	
१. सङ्घीय सरकार अनुदान						
१.१ समानीकरण अनुदान	५८५४३६३	६७५०७३४	८०१३५००	५९३८८०५	६०१००१३	७५
१.२ सशर्त अनुदान	४७६९२५९	५३८९१९३	५७६८८००	५७४८२२२	३९००६९६	६७.६२
१.३ विशेष अनुदान	२३२७१४	४१८१६९	७३००००	७३००००	५७४१८६	७८.६५
१.४ समपुरक अनुदान	२१८१९४	४०८५८९	१३०००००	१३०००००	९४५४८२	७२.७३
जम्मा	**११०७४५३०**	**१२९६६६८७**	**१५८१२३००**	**१३७१७०२७**	**११४३०३७७**	**७२.२८**
२. प्रदेश सरकार	२६९२०४३३	३३८९५२८१	४६८९६७७८	५३११२६९४	३३०८२८२६	७०.५४
कुल जम्मा	**३७९९४९६३**	**४६८६१९६८**	**६२७०९०७८**	**६६८२९७२१**	**४४५१३२०३**	**७०.९८**

२.३.१. यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजारमध्ये सङ्घीय सरकारको अनुदानबाट २५.६८ प्रतिशत र प्रदेश सरकारको राजस्व र गत वर्षको बचतसमेतबाट ७४.३२ प्रतिशत व्यहोरेको छ।

२.३.२. सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान बजेट अनुमान भन्दा १३.२५ प्रतिशत घटी प्राप्त भएको छ। समानीकरण अनुदानमा गतवर्षको मौज्दात रकम यस वर्ष खर्च नभएको कारण प्राप्ति भन्दा खर्च रु.७ करोड १२ लाख ८ हजार बढी देखिएको छ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ असुली तथा २०८०।८१ को अनुमान र यथार्थ असुलीको अवस्था निम्नानुसार छ। यो वर्षको राजस्व असुली विवरण **अनुसूची -८** मा छ।

(रु.हजारमा)

क्र. सं.	स्रोत	२०७८।७९ को यथार्थ असुली	२०७९।८० को यथार्थ असुली	२०८०।८१ को		प्रतिशत
				अनुमान	प्राप्ति	
१.	कर राजस्व	२५७०९१५६	२१०३०४०५	२५१७२६५२	२०७०४८३३	८२.२५
२.	अन्य राजस्व, बेरुजु र अन्य प्राप्ति	७७५७६९२	६३६७०९५	६३६८९२३	५५४७१५६	८७.१०
	जम्मा	**३३४६६८४८**	**२७३९७५००**	**३१५४१५७५**	**२६२५१९८९**	**८३.२३**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ४.१८ प्रतिशतले घटेको देखिन्छ। यो वर्ष २०८०।८१ को राजस्व असुलीमा गत वर्षको नगद मौज्दात रु.२६ अर्ब १५ करोड ८० लाख ४ हजार र सङ्घीय सरकारबाट प्राप्त अनुदान रु.११ अर्ब ३५ करोड ९१ लाख ६९ हजारसमेत रु.३७ अर्ब ५१ करोड ७१ लाख ७३ हजार समावेश छैन।

३. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रु.हजारमा)

स्रोत	बजेट	हस्तान्तरण	खर्च प्रगति प्रतिशत
समानीकरण अनुदान	१६६२५००	१६६२५००	१००
सशर्त अनुदान	२९०४५२६	२३८३३५३	८२.०६
समपुरक अनुदान	२३५०७००	१६१९९८०	६८.९१
विशेष अनुदान	७३७२००	४९४४७२	६७.०७
जम्मा	**७६५४९२६**	**६१६०३०५**	**८०.४८**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत् यो वर्ष ११९ स्थानीय तहमा रु.६ अर्ब १६ करोड ३ लाख ५ हजार उपलब्ध गराएको छ। यो वर्ष हस्तान्तरित अनुदानमध्ये समानीकरण अनुदानको हिस्सा २६.९९ प्रतिशत रहेकोले अन्य अनुदान क्रमश घटाई समानीकरण अनुदानको हिस्सा बढाउनु पर्दछ।

४. **अन्तर सरकारी अख्तियारी प्राप्ति** - बागमती प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित

निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐनबमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका मन्त्रालयले यो वर्ष नेपाल सरकारका ११३ निकायलाई अन्तर सरकारी अख्तियारीमार्फत प्रदेश सरकारको कार्यक्रम कार्यान्वयनका लागि रु.१ अर्ब ३६ करोड ६२ लाख २९ हजार बजेट विनियोजन गरी रु.१ अर्ब ५ करोड ५२ लाख २७ हजार खर्च गरेको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका बेहोराहरू सम्बन्धित निकायको प्रतिवेदनमा समावेश गरिएको छ। यस सम्बन्धी विवरण **अनुसूची -१२** मा समावेश छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ।नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समुहमा वर्गीकरण गरेको छ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.८५ करोड १७ लाख ८२ हजार रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छ :

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**६२४९१३**	**२२६८६९**	**८५१७८२**	**१००.**
१. असुल गर्नुपर्ने	**६५१९७**	**५७५०**	**७०९४७**	**८.३३**
२. नियमित गर्नुपर्ने	**४५०२४५**	**२१९६८०**	**६६९९२५**	**७८.६५**
• अनियमित भएको	१८०४२४	२३१४२	२०३५६६	२३.९
• प्रमाण कागजात पेस नभएको	२६९४३३	१९५६०७	४६५०४०	५४.६
• सोधभर्ना नलिएको	३८८	९३१	१३१९	०.१५
३. पेस्की	**१०९४७१**	**१४३९**	**११०९१०**	**१३.०२**

द्रष्टव्यः *उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

बेरुजु वर्गीकरणको विवरण **अनुसूची ९ र १०** मा छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु** - यो वर्ष प्रदेश मन्त्रालय र अन्य संस्था तथा समितिसमेत २१४ निकायको रु.८२ अर्ब ८२ करोड ३५ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा बेरुजु रु.८५ करोड १७ लाख ८२ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको १.०३ प्रतिशत हुन आउछ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१९८	७६३७७७९०	६२४९१३	०.८२
२.	समिति र अन्य संस्था	१६	६४४५७९१	२२६८६९	३.५२
	जम्मा	**२१४**	**८२८२३५८१**	**८५१७८२**	**१.०३**

३. **अद्यावधिक बेरुजु -** प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाहरूतर्फ अद्यावधिक बेरुजु रु.४ अर्ब ८६ करोड ८९ लाख ६६ हजार कायम भएको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा २०.७९ प्रतिशतले बढेको छ। यस सम्बन्धी विवरण **अनुसूची -११** मा रहेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	सम्परीक्षबाट थप	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
१.	प्रदेश सरकारी निकायहरू	४०८१६४४	४९०२	२५७५५१	३८२८९९५	६२४९१३	४४५३९०८
२.	समिति तथा अन्य संस्थाहरू	१९८९१७	०	१०७२८	१८८१८९	२२६८६९	४१५०५८
	जम्मा	**४२८०५६१**	**४९०२**	**२६८२७९**	**४०१७१८४**	**८५१७८२**	**४८६८९६६**

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

४.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको दफा ३५(४) मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०८०।८१ को बेरुजु फर्स्यौट नभएकाले उक्त बेहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-१५** मा रहेको छ।

४.२ यो वर्ष रकमगत आधारमा मन्त्रालयहरूको बेरुजु निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण अङ्क	बेरुजु			जम्मा	कुल बेरुजु प्रतिशत	लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की			
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	१९१३६९५८	४९४१७	२८८८३७	३०९५२	३६९२०६	५९.०८	१.९३
२	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	८४०४११७	६५०९	९६४२३	६५१५	१०९४४७	१७.५१	१.३
३	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	७९०३०४२	२९७३	१४२४५	६९७४८	८६९६६	१३.९२	१.१
४	वन तथा वातावरण मन्त्रालय	२९४०९०५	२८३०	१७७२०	१८६०	२२४१०	३.५९	०.७६
५	सामाजिक विकास मन्त्रालय	३७३३४०२	२६२३	१०९६६	०	१३५८९	२.१७	०.३६
६	स्वास्थ्य मन्त्रालय	४३८९३४०	३७८	१००१५	३९६	१०७८९	१.७३	०.२५
७	अन्य १० मन्त्रालय तथा निकाय	**२९८७००२६**	**४६७**	**१२०३९**	**०**	१२५०६	२.	०.०४
	जम्मा	**७६३७७७९०**	**६५१९७**	**४५०२४५**	**१०९४७१**	**६२४९१३**	**१००**	**०.८२**

सरकारी कार्यालयतर्फ बढी बेरुजु हुनेमा भौतिक पूर्वाधार विकास मन्त्रालय पहिलो, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय दोस्रो, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तेस्रो, वन तथा वातावरण मन्त्रालय चौथों र सामाजिक विकास मन्त्रालय पाँचौ नम्बरमा रहेका छन्।

४.३ यो वर्ष १९८ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा २५ कार्यालय (१२.६३ प्रतिशत) मा बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था १६ मध्ये ३ कार्यालयमा लगती बेरुजु देखिएको छैन।

४.४ यो वर्ष प्रदेश मातहतका निकाय र अन्य संस्था तथा समितितर्फ ३ हजार ५९० दफामध्ये प्रतिक्रियाबाट ३०८ दफा फर्स्यौट भई ३ हजार २८२ दफा बेरुजु बाँकी देखिएकोमा २ हजार ५३ दफा सैद्धान्तिक र १ हजार २२९ दफा लगती बेरुजु कायम भएको छ।

४.५ यो वर्ष प्रदेश मातहत निकायको रु.६७ करोड १९ लाख ५३ हजार लगती बेरुजुसहितको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा रु.४ करोड ७३ लाख ६४ हजार प्रतिक्रियाबाट फर्स्यौंट तथा रु.३ लाख २४ हजार थप भई रु.६२ करोड ४९ लाख १३ हजार बाँकी रहेको छ। अन्य संस्था तथा समितितर्फ रु.२२ करोड ८२ लाख ९१ हजारमा प्रतिक्रियाबाट रु.२३ लाख २६ हजार फर्स्यौंट तथा रु.९ लाख ४ हजार थप भई रु.२२ करोड ६८ लाख ६९ हजार बेरुजु बाँकी रहेको छ।यस सम्बन्धी विवरण **अनुसुची-९ र १०** मा छ।

४.६ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.९९ करोड ४७ लाख ५२ हजारमा यो वर्ष ७ करोड ११ लाख ६७ हजार फर्स्यौंट भई गत वर्ष सम्मको बाँकी रु.९२ करोड ३५ लाख ८५ हजारमा यो वर्ष रु. ११ करोड ९ लाख १० हजार थप भएकोले वर्षको अन्त्य सम्म म्याद नाघेको पेश्की रु. १ अर्ब ३ करोड ४४ लाख ९५ हजार रहेको देखिन्छ । पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.७ लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थातर्फ यो वर्ष लेखापरीक्षणको दौरानमा रु.१ करोड ३६ लाख ९६ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.३० लाख ५० हजार र सम्परीक्षणको क्रममा रु.१ करोड ७३ लाख ३७ हजारसमेत रु.३ करोड ४० लाख ८३ हजार असुल भई राजस्व दाखिला भएको छ। यस सम्बन्धी विवरण **अनुसुची-६** मा छ।

४.८ सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ १२ निकायको रु.५ लाख ३८ हजार अग्रिम कर कट्टी नगरेकोमा १ निकायबाट रु.४ हजार असूल भई रु.५ लाख ३४ हजार असुल गर्न बाँकी छ। यस सम्बन्धी विवरण **अनुसूची -७** मा छ।

४.९ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ७ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	२७४६२९	९७२	०.३५	९७२	०.३५
दोस्रो २०७७	२०७५।७६	३९४७५४०१	९८७३१५	२.५०	५१०७१०	१.२९
तेस्रो २०७८	२०७६।७७	५१०९०५८३	७२५२२९	१.४२	६५५८४९	१.२८
चौथों २०७९	२०७७।७८	६८३३७९७७	१०९४४१०	१.६०	८५०७६०	१.२४
पाँचौं २०७९	२०७८।७९	७६९०४७२२	१०५३१०४	१.३७	७०४९३९	०.९१
छैटौं २०८१	२०७९।८०	८४२२८२०२	९६४९१४	१.१४	७७९५६७	०.९३
सातौं २०८२	२०८०।८१	८२८२३५८१	८५१७८२	१.०३	७४०८७२	०.८९

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद -३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **कानुन निर्माण -** बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा नेपालको संविधानबमोजिम बनाउनु पर्ने प्रदेश कानुन तथा स्थानीय तह सम्बन्धी प्रदेश कानुन तर्जुमा गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ। प्रदेश सरकारले सालबसाली निर्माण गर्ने ऐन र संशोधन गर्ने कानुनबाहेक विभिन्न ८३ ऐन र २५ नियमावली बनाएको छ। नेपालको संविधानले तोकेका प्रदेशका एकल अधिकार सूचीमा उल्लिखित विषयमा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२. **सङ्गठन र कर्मचारी व्यवस्थापन** - प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सेवा प्रवाहको लागि आवश्यक जनशक्ति निर्धारण गरी पदपूर्ति गर्नुपर्दछ। प्रदेश सरकारका १६ मन्त्रालय तथा केन्द्रीय निकायअन्तर्गतका सरकारी निकायमा ४ हजार ९७१ दरबन्दी रहेकोमा २ हजार ८४५ पदपूर्ति भई २ हजार १२६ पद रिक्त रहेको छ। यथार्थ कार्य विवरणअनुसार सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणबाट यसको यकिन गर्नुपर्दछ।

३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र लागु गरी सक्नुपर्ने व्यवस्था छ। ऐन प्रमाणिकरण भएको ६ वर्ष बितिसक्दा पनि कतिपय मन्त्रालय तथा निकायले आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको र तयार गरेकोले समेत लागु गरेको पाइएन। ऐनको दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण समिति गठनसमेत भएको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **कानुनको परिपालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक खरिद कार्यविधि, प्रक्रिया तथा निर्णयलाई, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने व्यवस्था छ। प्रदेश कार्यालयहरूले तोकिएबमोजिम खरिद योजना र गुरुयोजना नबनाएको, खरिद आवश्यकता पहिचान एवं खरिद प्याकेज प्रतिस्पर्धात्मक नभएको, निर्माण स्थलको तयारी नगरी खरिद सम्झौता गरेको, सम्झौताअनुसार कार्य सम्पन्न नगर्ने तथा निर्माण कार्य अधुरो राख्ने व्यवसायीलाई ठेक्का फरफारक गरी कारबाहीको सिफारिस नगरेको, योजनाको आवश्यकता र उपलव्ध जनशक्तिको मूल्यांकन नगरी परामर्श सेवा खरिद गरेको, प्रभावकारी अध्ययन वेगर निर्माण शुरु गर्दा पटक-पटक भेरियशन गरेको, स्वीकृत मूल्य सूची फरक पारी मूल्य समायोजन भुक्तानी गरेको, व्यवसायीको कारण निर्माण कार्यमा ढिलाइ भएकोमा पूर्व निर्धारित क्षतिपूर्ति नलिइ म्याद थप गरेकोलगायतका अवस्था देखिएको छ। कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४९सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको तोकिएबमोजिम जवाफदेहिता वहनगर्नुपर्ने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौंट भए कारवाही गरिने र विवरण अद्यावधिक गरी वित्तीय एंव अन्य प्रतिवेदन सार्वजनिक गर्नुपर्नेलगायतका वित्तीय जिम्मेवारी र जवाफदेहिता उल्लेख गरिएको छ। प्रदेशले यो वर्ष रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार खर्च गरेकोमा तोकिएका फारामहरू प्रयोग

गरी वित्तीय प्रतिवेदन तयार नगरेको, लक्ष्यअनुसार वित्तीय प्रगति हाँसिल नगरेको, पुँजीगत बजेट खर्च न्यून रहेको, सम्पतिहरूको उचित उपयोग, संरक्षण व्यवस्थापन नगरेको अवस्था छ। प्रदेशका कार्यालयहरूलाई वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गराई आर्थिक अनुशासन कायम गराउनु पर्दछ।

६. **कार्यक्षेत्रमा हेरफेर -** प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या ७ रहने गरी सिफारिस गरेको छ। प्रदेश सभाको पहिलो निर्वाचन पश्चात गठन भएको प्रदेश सरकारले २०७४।११।३ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८।५।२३ मा मन्त्रालय संख्या ८, तत्पश्चात पाँच पटक नियमावलीमा संसोधन गरी पछिल्लो पटक २०८१।७।२७ को निर्णयले १४ मन्त्रालय कायम गर्ने गरी कार्यविभाजन नियमावलीको अनुसूचीमा संशोधन गरेको छ। मन्त्रालयहरूको संख्या उपयुक्त आधारमा निर्धारण गर्नुपर्दछ।

७. **बार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारले प्रदेश प्रमुखमार्फत् यो वर्षको लागि सभामा प्रस्तुत नीति तथा कार्यक्रममध्ये एकीकृत मानव संसाधन योजना तर्जुमा एवं कार्यान्वयन गर्ने, प्रदेश एकीकृत सेवा कार्यालय सञ्चालन गर्ने, प्रदेश गौरवका आयोजनाको कार्यान्वयन गर्ने, प्रदेश राजधानी तथा सङ्घीय राजधानी लगायतका उपयुक्त स्थानमा जलपुनर्भरणको लागी पोखरी निर्माण, हस्तकला ग्रामलगायतका उद्योगको लागि भौतिक पुर्वाधार निर्माण, काठमाडौं-हेटौडा रज्जु मार्गको पूननिर्माण, शहरी यातायातलाई सहज तुल्याउने, प्रमुख शहरहरूमा नदी परिपथ विकास, सहकारीको नियमन एवं अनुगमन, गुणस्तर परीक्षण प्रयोगशाला निर्माण, शिक्षाको गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, विद्यार्थी र शिक्षक केन्द्रित नीति योजना कार्यान्वयन, ट्राफिक समस्या समाधान गर्न फ्लाईओभर, आकाशे पुल, वाइपास तथा झोलुंगे पुल निर्माण, प्रदेशलाई दुध मासु र तरकारीमा अत्मनिर्भर वनाउने, विद्युतीय सवारी साधनको उपयोगमा प्रोत्साहन गर्न पूर्वाधारमा लगानी वढाउने, विपदका आयामहरू न्यूनीकरणका लागि प्रविधिमैत्री सुरक्षा प्रणाली कार्यान्वयन, प्रदेश भित्रको सुरक्षा व्यवस्था सुदृढीकरण, प्रदेश लोकमार्ग तथा प्रदेश मार्गको सडक अधिकार क्षेत्र यकिन, ट्राफिक समस्या समाधानका लागि पूर्वाधारका संरचना निर्माण, वायोईन्जिनियरिङ्ग कार्यलाई जोड दिने, जैविक विविधता संरक्षणका कार्यक्रम कार्यान्वयन, काभ्रेको नमोबुद्ध चैत्यलगायतका सांस्कृतिक सम्पदालाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल, प्रदेश पर्यटन गुरुयोजना तयार, सीप परीक्षण केन्द्र स्थापना, सार्वजनिक नीतिको अध्यापन तथा बहसका लागि शैक्षिक संस्था स्थापना गर्न, सम्भाव्यता अध्ययन गर्ने, गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति तर्जुमा, बालविवाह मुक्त प्रदेश अभियान र गरिव घरपरिवार पहिचान लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गरेको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **आयोजना बैङ्क** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३(१) मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने उल्लेख छ। प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ अनुसार प्रदेश नीति तथा योजना आयोगलाई लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक निर्माण गर्ने, गराउने कार्य जिम्मेवारी तोकेको छ। आयोजना बैङ्क स्थापना गर्नको लागि पटक पटक निर्णय भएतापनि आयोग गठन भएको ६ वर्ष व्यतित हुँदासमेत आयोजना बैङ्क स्थापना भएको छैन। कार्यान्वयन गर्ने निकाय/मन्त्रालयहरूले सम्भाव्यता अध्ययन गरेको,

आवधिक योजना र प्रदेशको प्राथमिकता अनुकुलका आयोजना समावेश हुने गरी आयोजना बैङ्क निर्माण गरेर सोअनुसार बजेट प्रस्ताव गर्ने व्यवस्था मिलाउनु पर्दछ।

९. **प्रदेश समन्वय परिषद् -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनैतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद रहने र परिषद्को बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था छ। परिषद्को २०७७।७८ मा एकपटक बैठक बसेको, २०७९।८० सम्म परिषद्को बैठक नबसेको र २०८०।८१ मा १ पटक वैठक वसी १४ निर्णय भएका छन्। विगत वर्षको बैठकमा गरेका २३ निर्णयसमेतको कार्यान्वयनको अनुगमन गरेको छैन। बैठकको निर्णयहरू कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

१०. **आवधिक योजनाको समीक्षा -** प्रदेशको पहिलो आवधिक योजना(२०७६।७७-२०८०।८१) ले विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गरेको पाइएन।नतिजाको समीक्षा गरी कार्य योजनाबमोजिम तोकिएको समयभित्र क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ।

११. **दिगो विकास लक्ष्य -** प्रदेशले दिगो विकासका लक्ष्यहरू सम्बन्धमा २०७७ मा बागमती प्रदेशको अवस्था तथा मार्गचित्र तर्जुमा गरेको भएतापनि दिगो विकासका १७ लक्ष्यहरू मध्ये अधिकांश सूचकहरूको विद्यमान स्थितिको सूचकाङ्क तयार गरेको पाइएन। आयोगले तयार गरेको पछिल्लो प्रगति विवरणअनुसार २०७९।८० सम्मको प्रदेशका दिगो विकास लक्ष्य प्राप्ति स्थिति देहायअनुसार छः

लक्ष्य	दिगो विकास लक्ष्य	उपलब्धि (२०७९/८०)
सबै ठाउँबाट सबै स्वरुपको गरिबीको अन्त्य	३.०८	१२.६
खाद्यसुरक्षा भण्डारणको सङ्ख्या	१३	४
नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	१०	१३
जम्मा कृषियोग्य भूमिमा आवाद गरिएको भूमि	९०.०३	५६.८३
प्रजनन् उमेरका महिलामा रक्तअल्पता	८.९६	२१.५१
पाँच वर्ष मुनिको मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	२३	२७
गिनी कोफिसियन्ट	०.२५	०.४३
सामुदायिक बिउ बैङ्कहरूको सङ्ख्या	३०	१०
कम पोषणको व्यापकता	३.५	२४.०४

उल्लिखित तालिकाअनुसार सबै सूचकहरूमा लक्ष्यअनुसार प्रगति भएको नदेखिएकोले दिगो विकासका लक्ष्यहरूलाई योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी समन्वयात्मक व्यवस्था मिलाउनुपर्दछ।

१२. **सञ्चितकोषको प्राप्ति खर्च एवं मौज्दात-** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वार्षिक वित्तीय विवरणअनुसार यो वर्ष बागमती प्रदेशमा गत वर्षको बचत रु.२६ अर्ब १५ करोड ८० लाख ५ हजारसमेत रु.६६ अर्ब ८२ करोड ९७ लाख २१ हजार प्राप्ति रहेकोमा यो वर्ष जम्मा रु.४४ अर्ब ५१

करोड ३२ लाख ३ हजार खर्च र सङ्घीय सरकारलाई सशर्त, समपुरक र विशेष गरी रु.२ अर्ब ३५ करोड ७८ लाख ५८ हजार फिर्ता गरेकोले वर्षको अन्तसम्म रु.१९ अर्ब ९५ करोड ८६ लाख ६० हजार मौज्दात देखिएको छ।

गत वर्ष प्राप्ति रु.४१ अर्ब ७ करोड ८५ लाख ९६ हजार भएकोमा यो वर्ष रु.२ अर्ब ७६ करोड ४७ लाख ३८ हजार अर्थात ६.७३ प्रतिशत घटी र खर्चतर्फ रु.४६ अर्ब ८६ करोड १९ लाख ६९ हजार खर्च भएकोमा यो वर्ष रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार अर्थात ५.०१ प्रतिशत घटी खर्च भएको देखिन्छ। कुल प्राप्तिमा प्रदेशको राजश्व, वेरुजु र अन्य प्राप्तिको हिस्सा ६८.५२ प्रतिशत मात्र रहेको देखिएकोले प्रदेशको प्राप्ति गत वर्षको बचत र अनुदानमा निर्भर देखिन्छ।

१३. **राजश्व प्रक्षेपण र असुली -** प्रदेशको आयको प्रक्षेपणको आधार स्पस्ट हुनुपर्दछ। प्रदेश सरकारले उपयोग गर्ने राजश्व र अन्य प्राप्तिको विवरणअनुसारको यो वर्ष बागमती प्रदेश सरकारको कर, अन्य राजश्व, वेरुजु रकम र अन्य प्राप्तिसमेत रु.३१ अर्ब ५४ करोड १५ लाख ७५ हजार प्राप्त हुने अनुमान रहेकोमा वर्षको अन्तसम्म रु.२६ अर्ब २५ करोड १९ लाख ८९ हजार प्राप्त भएकोले लक्ष्यको ८३.२३ प्रतिशत मात्र प्राप्त भएको छ। राजश्व प्राप्ति गत वर्षको यथार्थ असुली रु.२७ अर्ब ३९ करोड ७५ लाख भन्दा ४.१८ प्रतिशत घटी असुल भएको देखिन्छ। लक्ष्यअनुसार राजश्व प्राप्ति हुनुपर्दछ।

१४. **लेखाङ्कन तथा प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा महालेखानियन्त्रक कार्यालयले स्वीकृत सार्वजनिक क्षेत्र लेखामानबमोजिम लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागु गर्नुपर्ने व्यवस्था छ। सोअनुसार नेपाल सरकारले २०६६।०५।३० मा स्वीकृत गरेको लेखामानलाई २०७९ मा परिमार्जन गरी लागु गरेकोमा यो वर्ष प्रदेशअन्तर्गतका १६ मन्त्रालय र केन्द्रिय निकायमध्ये १० ले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित)अनुसार एकीकृत वित्तिय विवरण तयार गरेका छैनन्। तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन तयार गर्नुपर्दछ।

१५. **स्थानीय तह अनुदान** - स्थानीय तहलाई दिइने अनुदानमध्ये अनुदान सम्बन्धी कार्यविधिबमोजिम समपुरक र विशेष अनुदान सशर्त हस्तान्तरण हुने र समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेअनुसारको सुत्रबमोजिम हस्तान्तरण हुने गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार ११९ स्थानीय तहलाई ससर्तमा रु.२ अर्ब ३८ करोड ३३ लाख ५३ हजार, समानीकरणमा रु.१ अर्ब ६६ करोड २५ लाख, समपूरकमा रु.१ अर्ब ६१ करोड ९९ लाख ८० हजार र विशेषमा रु.४९ करोड ४४ लाख ७२ हजारसमेत गरी कुल जम्मा रु.६ अर्ब १६ करोड ३ लाख ५ हजार अनुदान उपलब्ध गराएको छ। समानीकरण अनुदानबाहेक ससर्त, समपूरक र विशेष गरी रु.४ अर्ब ४९ करोड ७८ लाख ५ हजार निकासा भएको छ। समानीकरण अनुदान वढाई समपुरक, शर्सत र विशेष अनुदान क्रमश घटाउनु उपयुक्त देखिन्छ।

१६. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधनलगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। त्यस्तो लगत आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्ने उल्लेख छ। मन्त्रालयहरूले आ-आफ्नो र मातहत कार्यालयसमेतको एकीकृत जिन्सी प्रतिवेदन तयार गरेका छैनन।सङ्घीय सरकार अन्तर्गत रहेका कृषि,

सहकारी, भवनलगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण गरेको पाइएन। कानुनमा व्यवस्था भएबमोजिम सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

१७. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकारअन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ। प्रदेश सरकार मातहतका सबै कार्यालयको प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमार्फत् लेखापरीक्षण सम्पन्न गरेको छ। लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.६८ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु.२८ करोड ६६ लाख ७६ हजार, पेश्की रु.१९ करोड २३ लाख ६६ हजार गरी जम्मा रु.४८ करोड ५८ लाख ७६ हजार बेरुजु कायम भएको छ। कानुनी व्यवस्थाअनुसार अन्तिम लेखापरीक्षण हुनु अगावै बेरुजू फछर्यौट गर्नुपर्दछ।

१८. **तलवी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा स्थानीय तहहरूले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालय तथा यसअन्तर्गतका प्रदेश लेखा इकाईहरूले २०८०।८१ का लागि प्रदेशअन्तर्गतका १८ कार्यालयहरूका कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी पारिश्रमिक र सुविधामा रु.२० करोड ८५ लाख ९८ हजार खर्च गरेका छन्। २ नगरपालिका र १ गाँउपालिका बाहेक ११६ स्थानीय तहहरूको तलबी प्रतिवेदन प्रदेश किताबखाना वा प्रदेश लेखानियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयबाट पारित भएको छैन। ऐनमा भएको व्यवस्थाको पालना गरी स्थानीय तहका कर्मचारीको तलबी प्रतिवेदनसमेत पारित हुने व्यवस्था गर्नुपर्दछ ।

१९. **पुँजीगत खर्च** - प्रदेश आर्थिक कार्यवधि ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन जारी भएपछि सोअनुसार मन्त्रालयहरूले सम्बन्धित कार्यालयहरूलाई निकासा दिने र कार्यालयहरूले उक्त ऐनको दफा १८ बमोजिम खर्च नभएमा बजेट समर्पण गराई रकमान्तर गरेर खर्च गर्ने व्यवस्था छ।प्रदेश सरकारको २०८०।८१ को पुँजीगत बजेटमा रु.३५ अर्ब ५५ करोड ७४ लाख २९ हजार विनियोजन भएकोमा देहायअनुसार रु.२८ अर्ब ५४ करोड ७ लाख खर्च भएको छ :

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय/केन्द्रीय निकायको नाम	पुँजीगत बजेट	पुँजीगत खर्च	खर्च प्रतिशत
१	प्रदेश सभा सचिवालय	४३०००	१९२३५	४४.७३
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	१८६५०	१०११२	५४.२२
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४४७१२७	२८०१३५	६२.६५
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	११०००	७२०५	६५.५०
५	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	८१०७०	४९८३९	६१.४८
६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	७२१६८५	४२३४७२	५८.६८
७	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	७७५९२६२	७१४८२३२	९२.१३
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	२१२८१२१३	१६५८५८७६	७७.९४
९	वन तथा वातावरण मन्त्रालय	१७५६८७५	१४६०८५८	८३.१५
१०	श्रम, रोजगार तथा यातायात मन्त्रालय	२४५४४५	४४६०७	१८.१७
११	संस्कृति तथा पर्यटन मन्त्रालय	१४१९३३५	११५९४१२	८१.६९

क्र. सं.	मन्त्रालय/केन्द्रीय निकायको नाम	पुँजीगत बजेट	पुँजीगत खर्च	खर्च प्रतिशत
१२	सामाजिक विकास मन्त्रालय	१०४८१७९	७४६७९४	७१.२५
१३	स्वास्थ्य मन्त्रालय	७११७१९	५९८३७०	८४.०७
१४	प्रदेश नीति तथा योजना	२४५०	२३८३	९७.२७
१५	प्रदेश लोक सेवा आयोग	९१०६	२९१०	३१.९६
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	१३१३	१२६०	९५.९६
कुल जम्मा		**३५५५७४२९**	**२८५४०७००**	**८०.२७**

पुँजीगततर्फ कुल बजेटको औसतमा ८०.२७ प्रतिशत खर्च देखिन्छ। सबैभन्दा कम खर्च श्रम, रोजगार तथा यातायात मन्त्रालय १८.१७ प्रतिशत र बढी प्रदेश नीति तथा योजना आयोगको ९७.२७ प्रतिशत रहेको छ। मन्त्रालय एवं निकायहरूले समयमा बजेट समर्पण एवं बजेटअनुसार खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ।

२०. **प्रदेश गौरवका आयोजना -** बागमती प्रदेश सरकारले २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा प्रदेश विश्व विद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी (भिमफेदी कुलेखानी) सुरुङ्ग मार्ग गरी ४ र २०७९।६।६ मा मानव निर्मित पर्यटकीय ताल दोलखासमेत ५ योजनालाई प्रदेश गौरवका आयोजना घोषणा गरी कार्यान्वयनमा ल्याएको छ। आयोजनामध्ये पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्गमा विगत वर्षमा रु.७५ करोड र मानव निर्मित पर्यटकीय ताल दोलखामा विगत वर्षमा रु.१५ करोड र यो वर्ष रु.२० लाख बजेट विनियोजन गरेकोमा खर्च हुन सकेको देखिँदैन। सङ्घीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ(रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ्ग-चितवन-मकवानपुर-सिन्धुली र काभ्रेपलान्चोक) को गुरुयोजनाको मस्यौदा २०७६।७७ मा तयार गरी चक्रपथ खण्डको पहिचान भए तापनि त्यस पछिका वर्षमा कुनै पनि कार्य अगाडि बढाएको देखिएन। प्रदेश गौरवका आयोजना कार्यान्वयनका लागि बजेट व्यवस्था नभएको, केही आयोजनामा छुट्याइएको बजेट कम भएको र केही आयोजना कार्यान्वयन नभएको स्थिति छ। प्रदेश सरकारले समृद्धिका लागि छनोट गरी कार्यान्वयनमा ल्याएका प्रदेश गौरवका आयोजनालाई आवश्यक बजेटसमेतको व्यवस्था गरी प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनुपर्दछ।

२१. **जग्गा उपयोग -** वन निर्देशनालयअन्तर्गतका १३ जिल्लाका १५ डिभिजन वन कार्यालयको वन क्षेत्रको अनुगमन मुल्याङ्कन प्रतिवेदन, २०८१ अनुसार १ हजार ३९७.५८ हेक्टर वन क्षेत्र नेपाली सेना, जल विद्युत उत्पादन, होटल, रिसोर्ट, पर्यटन प्रवर्धन, निजी कम्पनी तथा प्रा.लि, सिमेन्ट उद्योग, खानेपानी आयोजना सरकारी तथा निजी सञ्चार क्षेत्रलगायतका अन्य प्रयोजनमा उपलब्ध गराएकोमा सो को क्षेत्रगत विवरण पेस भएन। सम्झौताबमोजिम भोगाधिकार उपलब्ध गराउदा रोयल्टी आम्दानी र क्षतिपूर्ति प्राप्त भएको सुनिश्चित हुनुपर्दछ।

२२. **शीतभण्डार निर्माण-** शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७८ को बुँदा नं.१(३) अनुसार ७० प्रतिशत मन्त्रालय तथा ३० प्रतिशत साझेदार संस्थाको लागत सहभागितामा प्रदेश अन्तर्गत स्थानीय स्तरमा शीत भण्डार स्थापना गर्न २०७५।७६ देखि १ जिल्ला १ शीत भण्डार कार्यक्रम स्वीकृत गरेको छ। प्रदेश सरकार र साझेदार संस्थाहरूसँगको सहकार्यमा एक वर्षभित्र निर्माण सक्ने गरी २०७६।३।२५ मा पहिलो चरणमा ८, २०७७।१०।१३ मा दोस्रो चरणमा २ र २०७९।३।३० मा तेस्रो चरणमा २ वटासमेत १२ शीत भण्डार निर्माणका लागि प्रदेश सरकारको रु.१ अर्ब ६ करोड लगानी रहने गरी निर्माण सञ्चालनका लागि सम्झौता भई ६ स्थानमा निर्माण सम्पन्न भएकोमा सम्पन्न

भएका शीत भण्डारहरू हस्तान्तरण र सञ्चालन भएका छैनन्। बाँकी शीत भण्डार सम्पन्न हुन नसकी अधुरा रहेका छन्। मन्त्रालयले सम्पन्न भएकाको हकमा सञ्चालन मोडालिटी बनाएर सञ्चालनमा ल्याउनुपर्ने र निर्माण सम्पन्न हुन बाँकी कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ। प्रदेश अनुदानमा सरकारको हिस्साबाट नागरिकलाई पुग्ने लाभ र रोजगारी सिर्जना जस्ता विषय सम्बोधन हुनुपर्दछ।

२३. **राहत वितरण -** कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०७९बमोजिम कृषि तथा पशुपन्छी क्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट नकारात्मक असर पुगेका कृषि पेशालाई पुर्नस्थापना गर्न र पिडित कृषक परिवारलाई राहतवापत कृषि तथा पशुपन्छी मन्त्रालयले यो वर्ष ४१ पशुपन्छी फर्मलाई रु.१ करोड ७ लाख ८५ हजार र ३४ कृषि फर्मलाई रु.११ लाख ७९ हजारसमेत रु.१ करोड १९ लाख ६४ हजार रकम राहत वितरण गरेकोमा कार्य सञ्चालनस्तरका कार्यालयहरूले रु.३ करोड २८ लाख ३६ हजारसमेत यो वर्ष रु.४ करोड ४७ लाख ९९ हजार राहत वितरण गरेको देखिन्छ। कृषकलाई वितरित राहत रकमबाट कृषकको उत्पादनमा बढोत्तरी भएको, पेशा व्यवसायमा सुधार भई थप उत्पादन एवं उत्पादकत्व वृद्धि भएको सम्बन्धमा मन्त्रालयले अनुगमन मूल्याङ्कन गरेको छैन।

२४. **बीउपुँजी परिचालन -** बीउपुँजी परिचालन कार्यविधि, २०८० को परिच्छेद ३ को बुँदा नं ८ (२) मा कृषि व्यवसाय सम्बन्धी उत्पादन, प्रशोधन र बजारीकरणको लागि अधिकतम रु.१ करोडसम्म बीउपुँजी उपलब्ध गराउन सकिने तथा स्वीकृत बीउपुँजी लाभग्राहीलाई व्यावसायिक योजनाको आधारमा ३ किस्तामा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने उल्लेख छ। कृषि विकास निर्देशनालय, हेटौंडाले ९ सहकारी संस्था तथा लाभग्राही समूहलाई रु.१ करोड ५५ लाख ७९ हजार, जिल्ला कृषि विकास कार्यालय सिन्धुलीले ३ कृषकलाई ३० लाख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले १० सहकारी फर्म तथा लाभग्राही समुहलाई रु.२ करोड ८१ लाख ८६ हजार, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिन्धुलीले १७ किसानलाई रु.६७ लाख ८७ हजार, नुवाकोटले ९ फर्मलाई गाई भैंसी पालनको लागि रु.३५ लाख ६७ हजार, ३ फर्मलाई ट्राउट माछापालनको लागि रु.१४ लाख ५२ हजार र १ बाखा फार्मको लागि रु.४ लाख ३४ हजारसमेत रु.५ करोड ९० लाख ५ हजार बीउ पुँजी परिचालनको लागि अनुदान दिएको छ। प्रदेश सरकारले उक्त कार्यक्रमलाई २०८१।८२ मा निरन्तरता दिएको छैन। कार्यालयहरूले बीउपुँजी लगानी र ऋणको अभिलेख अद्यावधिक राखेको पाइएन। बीउपुँजी वितरण हिसाबको लगत राखी अध्यावधिक गर्ने तथा पाँच वर्ष व्यतीत भएपश्चात लाभग्राहीबाट उक्त रकम अनिवार्य रुपमा फिर्ता गर्नुपर्ने व्यवस्थाअनुसार अनुदानको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

२५. **टुक्रे योजना -** वार्षिक आयोजना छनोट कार्यविधि, २०७८ को बुँदा नं.१३ मा सम्बन्धित मन्त्रालय र प्रदेश सरकारका निकायहरूलाई आयोजना छनोट गर्दा नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने खालका, बहुवर्षीय, क्रमागत, उत्पादकत्व वृद्धि, रोजगारी सृजना, आय आर्जन र गरिबी निवारणमा योगदान गर्ने आयोजनाहरू छनोट गर्नुपर्ने र पहिलो प्राथमिकतामा परेका आयोजना कम्तीमा ५० प्रतिशत हुनुपर्ने उल्लेख छ। यो वर्ष भौतिक पूर्वाधार विकास मन्त्रालय र संस्कृति तथा पर्यटन मन्त्रालय मातहतका निकायबाट रु.२० लाख भन्दा घटीका २ हजार ७१७ (६६.५८ प्रतिशत), रु.२० लाख देखि रु.५० लाखसम्मका ९२८ (२२.७४ प्रतिशत) र ५० लाख भन्दा बढीका ४३५ (१०.६३ प्रतिशत)समेत ४ हजार ८१ योजना सञ्चालन भएको देखिन्छ। स-साना योजना सञ्चालन गर्दा सञ्चालन खर्च बृद्धि भई अपेक्षित लाभ नहुने हुदाँ ठुला बजेटका महत्वपूर्ण योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

२६. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु २० लाख भन्दा बढिको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयअन्तर्गतका ३ खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले निर्माणतर्फ ९ करोड ४३ लाख ६६ हजारको कार्य सोझै खरिद गरेको देखियो। त्यस्तै प्रदेश खेलकुद विकास परिषद, हेटौंडाले ४४ फर्मवाट प्रथम अन्तर प्रदेश राष्ट्रिय खेलकुद उद्घाटन तथा समापन फिल्ड ट्याक निर्माण, खेल व्यवस्थापनलगायतका मसलन्द समान सोझै खरिद गरी रु.२ करोड १६ लाख ९२ हजार भुक्तानी गरेको छ। खरिद कार्य कानुनसम्मत र प्रतिस्पर्धी हुनुपर्दछ।

२७. **अधुरा योजना-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेर कामको प्रगति नगरेमा पेश्की जमानत प्राप्त गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालो सूचीमा राख्ने लगायतको व्यवस्था छ। खानेपानी मन्त्रालयअन्तर्गतका ५ खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले यो वर्ष पाँच वर्षभन्दा बढी अवधिका १०४ योजनामा रु.१ अर्ब ४६ करोड ६७ लाख २१ हजार खर्च गरेकोमा त्यस्ता योजनाहरू सम्पन्न भएको देखिएन। सोमध्ये खानेपानी तथा सरसफाई डिभिजन रामेछापले स्वीकृत कार्यक्रमबमोजिम २०७०।७१ भन्दा अगाडिदेखि शुरुगरी हालसम्म सम्पन्न नभएका ३० योजनामा रु.४९ करोड ३५ लाख ६५ हजार खर्च गरेको र आगामी वर्ष रु.५४ करोड ६२ लाख ४० हजार भुक्तानी दिन बाँकी दायित्व सारेको छ। खरिद सम्बन्धी कानुन र सम्झौताबमोजिम ठेक्का सम्पन्न एवं फरफारक गर्नुपर्दछ।

२८. **उपभोक्ताको सहभागिता**- सङ्घीय मन्त्रालयबाट हस्तान्तरित जलवायु अनुकुलित खानेपानी आयोजनाहरू सञ्चालन गर्दा कुल लागत अनुमानको ९० प्रतिशत कार्यालयले व्यहोर्ने र बाँकी १० प्रतिशतमध्ये ९ प्रतिशत श्रम सहभागिता र १ प्रतिशत नगद सहभागिता गर्नुपर्ने व्यवस्था छ। यो वर्ष खानेपानी, तथा सरसफाई डिभिजन कार्यालय धादिङ्गका ५ योजनामा रु.४ लाख ३२ हजार, रामेछापका १६ योजनामा रु.१२ लाख ८७ हजार र भक्तपुरका ५ योजनामा रु.१७ लाख १२ हजार गरी रु.३४ लाख ३१ हजार सम्झौता भन्दा न्यून सहभागिता भएको अवस्थामासमेत कार्य स्वीकार गरी उपभोक्तालाई भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ।

२९. **मूल्य समायोजन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) मा निर्माण सम्पन्न भएको क्रममा लागेको श्रम, सामाग्री, र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारित गर्नुपर्ने र सोहीअनुसार सम्झौता उल्लेख गरी मूल्य समायोजन भुक्तानी हुनपर्ने व्यवस्था छ। पुर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोकले गेल्दुम गोल्माकोट सडकको मूल्य अभिवृद्धि करसहित रु.२५ लाख २७ हजार, रामेछापले लिखु-तामाकोशी गाउँपालिका र गोकुलगंगा गाउँपालिका जोड्ने छतिवन पुल निर्माण कार्यमा रु.५ लाख २२ हजार, सिन्धुपाल्चोकले २ योजनाको रु.२७ लाख १६ हजार, नुवाकोटले दुई सडक निर्माण व्यवसायीलाई रु.४० लाख ८० हजारसमेत मूल्य समायोजन बापत कुल रु.९८ लाख ४५ हजार बढी भुक्तानी भएको रकम असूल गर्नुपर्दछ।

३०. **त्रुटिपूर्ण डिजाइन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा तयार भएको निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकहरूको समूहलाई डिजाइन ड्रईङसमेत जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउन लगाउनु पर्ने उल्लेख छ। चितवनको मेघौलीमा गैंडाको प्रतिमा/सालिक निर्माणको लागि २०७६।७७

मा भौतिक पूर्वाधार मन्त्रालयबाट तयार भएको विस्तृत परियोजना प्रतिवेदनअनुसार रु.३ करोड ४९ लाख ३७ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रु.२ करोड १६ लाख ६३ हजार (लागत अनुमान भन्दा ३८ प्रतिशत घटी) को कार्य १५ महिना भित्र सम्पन्न गर्ने गरी २०७७।५।१५ मा सम्झौता भएको छ। सम्झौताअनुसार गैंडाको स्ट्रक्चर निर्माण सम्पन्न हुने अवस्थामा पुग्दा गैंडाको बाहिरी स्वरूप बनाउन विस्तृत परियोजना प्रतिवेदनमा ड्रइङ नभएको उल्लेख गरी अर्को १ परामर्शदातासँग रु.४ लाख ९४ हजारको सम्झौता गरी साविकको ड्रइङ संशोधन गरेको छ। सोअनुसार स्ट्रक्चरमासमेत परिवर्तन गर्दा रु.१ करोड ९८ लाख लागत थप हुने उल्लेख छ।

सुरु लागत अनुमान भन्दा ५६.६८ प्रतिशत बढिको भेरियसन गर्नुपर्ने र निर्माण व्यवसायीसँग परिमार्जित ड्रइङअनुसार सम्पादित स्ट्रक्चरमा रेट्रोफिटिङ गर्ने दक्षता तथा अनुभवसमेत नरहेकोले निर्माण कार्यको गुणस्तरको प्रत्याभूति नहुने जनाई आयोजनाले सुविस्ताको आधारमा २०८१।३।१२ मा खरिद सम्झौता अन्त्य गरेको छ। निर्माण व्यवसायीलाई यस वर्षसम्म रु.१ करोड ६१ लाख (७४.३२ प्रतिशत) भुक्तानी भएको छ। काम पूरा नगराई खरिद सम्झौता अन्त्य भएकोले उक्त खर्च उपलब्धि विहीन बनेको छ। उक्त निर्माणका परामर्शदाता र उक्त कार्यसँग सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३१. **औद्योगिक प्रशिक्षार्थी तालिम-** दिगो तथा सम्मानित रोजगारीका लागि सीप(इन्स्योर) परियोजना अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यक्रममध्ये ६ विषयमा २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालनको लागि २०७९।८० मा ८ र २०८०।८१ मा १३ प्राविधिक शिक्षालय तथा विद्यालयहरूसँग सम्झौता गरी मन्त्रालयले रु.८ करोड ७ लाख ९७ हजार खर्च गरेको छ। २०७९।८० मा ३०० प्रशिक्षार्थी भर्ना भएकोमा ११७ जनाले तालिम पुरा गरेको र २०८०।८१ मा ४५७ भर्ना भएकोमा २७४ जनाले तालिममा निरन्तरता दिएको देखिन्छ। सोअनुसार २०७९।८० मा ६१ प्रतिशत र २०८०।८१ मा ४०.०४ प्रतिशत प्रशिक्षार्थीहरूले तालिम पुरा नगरी बीचमै छोडेको देखिएकोले दिगो तथा सम्मानित रोजगारीको लागि दक्ष जनशक्ति तयार गर्ने कार्यक्रमले लिएको उद्देश्य पुरा हुने देखिदैन। राज्यकोतर्फबाट हुने यस प्रकारको लगानीको सदुपयोग तथा अपेक्षित प्रतिफल प्राप्तिको लागि प्रशिक्षार्थी छनोट प्रक्रियामा सुधार गरी त्यसको समीक्षा एवं विश्लेषण हुनुपर्दछ।

३२. **स्वास्थ्य बीमा -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐनबमोजिम भुक्तानी दावी गर्दा बीमा व्यवस्थापन सूचना प्रणालीमार्फत दावी प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। बीमा सेवा प्रदायक संस्थाले बीमा सेवामा खर्च गरेको रकम सोधभर्ना लिने व्यवस्थाअनुसार हेटौंडा, भक्तपुर, बकुलहरलगायतका ८ अस्पतालले रु.१ अर्ब ३७ लाख ४३ हजार सोधभर्ना दावी गरेकोमा रु.७६ करोड २ लाख ९८ हजार सोधभर्ना भई रु.२४ करोड ३४ लाख ४५ हजार सोधभर्ना हुन बाँकी रहेकोले समयमा सोधभर्ना हुनुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५बमोजिम प्रदेश सभा सचिवालय स्थापना भएको हो। प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको काम कारबाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारको विषयमा प्रदेश सभा छलफल गर्नु रहेको छ।

०. **लेखापरीक्षण अङ्क -** सचिवालयको यो वर्ष निम्नानुसार रु.२२ करोड ४३ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२२०५५०	१२६९	२५६७	०	२२४३८६

१. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	२१६९१०	२१०८७१	१६३६३८	७७.६०
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४८६	४८६	६६	१३.५८
२२१०० सेवा महसुल	२७७५	२७७५	२१७५	७८.३८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१४९९८	१४९९८	९५८४	६३.९०
२२३०० कार्यालय सामान तथा सेवाहरू	६८२४	६८२४	४१४१	६०.६८
२२४०० सेवा तथा परामर्श खर्च	१०७९५	११०५९	८८७०	८०.२१
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१२७५०	१४३०९	७१९४	५०.२७
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	७८५०	७८५०	१६४०	२०.८९
२२७०० विविध खर्च	५८२१	५८२१	२७९३	४७.९८
२७३०० सामाजिक लाभ	५००	५००	१७६	३५.२०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१२००	१७००	१०३८	६१.०६
जम्मा चालु	२८०९०९	२७७१९३	२०१३१५	७२.६२
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	५५०००	४३०००	१९२३५	४४.७३
जम्मा पुँजीगत	**५५०००**	**४३०००**	**१९२३५**	**४४.७३**
कुल जम्मा खर्च	**३३५९०९**	**३२०१९३**	**२२०५५०**	**६८.८८**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७२.६२, पुँजीगततर्फ ४४.७३ र समग्रमा ६८.८८ प्रतिशत खर्च भएको छ।

२. **विधेयक दर्ता तथा पारित -** आर्थिक वर्ष २०७४।७५ मा प्रथम पटक गठित प्रदेश सभाको २०८०।८१ सम्म १४ वटा अधिवेशन सम्पन्न भई कानुन निर्माणका लागि सभामा ९९ विधेयक दर्ता भएकोमध्ये ८३ विधेयक पारित भएको छ। यो वर्ष १२ विधेयक दर्ता भएकोमा ८ पारित भएकोमध्ये प्रमाणीकरण गरेको विधेयक संख्या ७ रहेको छ।

३. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र लागु गरी सक्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३०(२) मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन प्रमाणिकरण भएको ७ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु नगरेको र ऐनको दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण समिति गठनसमेत भएको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **समिति गठन -** प्रदेश सभाको दोस्रो कार्यकालमा गठित विशेषाधिकार समितिसमेत ६ समिति क्रियाशील छन्। प्राप्त विवरणअनुसार ती समितिको बैठक र स्थलगत अनुगमनको स्थिति निम्नानुसार छः

समितिको नाम	बैठक संख्या	स्थलगत अनुगमन(पटक)
प्रदेश मामिला समिति	१४०	९
अर्थ तथा विकास समिति	१२२	६
सार्वजनिक लेखा समिति	९१	७
शिक्षा स्वास्थ्य तथा कृषि समिति	१३९	५
उद्योग, पर्यटन तथा वातावरण समिति	१२६	८
विशेषाधिकार समिति	४	०
जम्मा	**६२२**	**३५**

विशेषाधिकार समिति २०८१ जेष्ठमा गठन भएकोमा ४ बैठक बसेको छ। उल्लिखित समितिको ६२२ बैठक बसेको र ३५ पटक स्थलगत अनुगमन गरेको देखिन्छ।

५. **सार्वजनिक लेखा समिति -** सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन वेरुजु फर्स्यौट र प्रदेश सरकारका सार्वजनिक लेखा सम्बन्धी अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने कार्यक्षेत्र रहेको छ। प्रदेश लेखा समितिको २०८१।८।१३ मा महालेखापरीक्षकको छैंटौ वार्षिक प्रतिवेदनमा औल्याइएका विषयगत मन्त्रालयका सम्बन्धमा नियमित गर्नुपर्ने, सैद्धान्तिक र म्याद नाघेको पेस्की वेरुजु ३ महिना भित्र फर्स्यौट गरिसक्नुपर्ने, बागमती प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त हुने समपुरक, समानीकरण र विशेष अनुदान रकम फिर्ता नै नहुने गरी बजेट कार्यान्वयन गर्ने, त्यसैगरी कृषि मन्त्रालय अन्तर्गत शीत भण्डार निमार्णको विवरण पटक पटक माग गरेकोमा मन्त्रालय तथा निकायहरूले उक्त निर्देशनको पालना गरेको पाइएन। साथै सो सम्बन्धमा गरेको प्रतिवद्धता पेस गरेका छैनन्।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा संसदीय समितिको निर्णय कार्यान्वयन, दरबन्दी पदपूर्ति, कानुन तर्जुमा,लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण-** सचिवालयको यो वर्ष रु.२ लाख ७० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फस्यौट नभएकोले बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धी,
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन,
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्य सञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा र स्वीकृति,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन,
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन,
- सुशासन, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार,
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,
- सङ्घीय सरकारको स्वीकृतिबमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति,
- प्रदेश प्रमुखको सम्पर्क सम्बन्धी विषय (प्रतिवेदनसमेत),
- अन्तरप्रदेश परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,
- प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी।

१. **लेखापरीक्षण अङ्कः** यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निम्नानुसार रु.२५ करोड ७० लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२५३२२२	१०६	१७५८	१९५९	२५७०४५

यो वर्ष कार्यालय मातहत प्रदेश सुशासन केन्द्रको रु.६ करोड १९ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च-** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	९७१०३	९७४३६	७९६३९	८१.७३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२५०	२५०	०	०

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२२१०० सेवा महसुल	५९२४	५९९४	३७३६	६२.३३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२६९०२	२७७४६	२४४५३	८८.१३
२२३०० कार्यालय सामान तथा सेवाहरू	१७२००	२०४००	१६१६०	७९.२२
२२४०० सेवा तथा परामर्श खर्च	१४७५०	१४६९७	११७७६	८०.१२
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१८९९२७५	१८९८५२७	८८०२३	४.६४
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	१२५००	१३९००	१२९८६	९३.४२
२२७०० विविध खर्च	५५४४	६०१९	५६००	९३.०४
२३१०० स्थिर सम्पत्ति उपभोग खर्च	२००	२००	०	०
२६४०० सामाजिक सेवा अनुदान	८१०००	१०००	०	०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१२००	१२००	७३८	६२.००
जम्मा चालुगत	**२१६१८४८**	**२०८७३६९**	**२४३११०**	**११.६४**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१८६५०	१८६५०	१०११२	५४.२२
जम्मा पुँजीगत	**१८६५०**	**१८६५०**	**१०११२**	**५४.२२**
कुल जम्मा	**२१८०४९८**	**२१०६०१९**	**२५३२२२**	**१२. ०२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ११.६४, पुँजीगततर्फ ५४.२२ र समग्रमा १२.०२ प्रतिशत खर्च भएको देखिन्छ।

३. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रममध्ये प्रदेश गौरवका आयोजनाको छनोट मापदण्ड तर्जुमा गर्ने, प्रदेश सरकारको आन्तरिक आयको योगदानमा वृद्धि गर्ने, प्रत्येक निर्वाचन क्षेत्रस्तरमा १५ शय्याको अस्पताल निर्माण एवं सुदृढीकरण गर्ने, भ्रष्टाचार नियन्त्रण, लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिने, उद्यमी महिलालाई प्रोत्साहन गर्ने, कृषि क्षेत्रको व्यावसायीकरणमार्फत कृषि उपजमा प्रदेशलाई आत्मनिर्भर बनाउने, आर्थिक विकासमा सहकारी संस्थाको भूमिका प्रवर्धन गरी नियमनलाई प्रभावकारी बनाउने, एकीकृत मानव संसाधन योजना तर्जुमा एवं कार्यान्वयन गर्ने, प्रदेश एकीकृत सेवा कार्यालय सञ्चालन गर्ने, प्रदेश सरकारअन्तर्गतका निकायहरूको सङ्गठन तथा संरचना पुनरावलोकन गरी जनशक्ति आपूर्तिको व्यवस्था मिलाउने, कानुन तर्जुमालाई प्राथमिकतामा राख्नेलगायतका महत्वपुर्ण नीति तथा कार्यक्रमहरू बजेट व्यवस्था गरी कार्यान्वयन गरेको छैन। नीति तथा कार्यक्रमअनुसार बजेट विनियोजन गरी कार्यान्वयन हुनुपर्दछ।

४. **दरबन्दी पदपूर्ति-** प्रदेशअन्तर्गतका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले प्राविधिक र अप्राविधिक गरी ४ हजार ९७१ दरबन्दी स्वीकृत गरेकोमा २ हजार ८४५ पदपूर्ति भई २ हजार १२६ पद रिक्त रहेको छ। स्वीकृत स्थायी दरवन्दीमध्ये ४२.७७ प्रतिशत पद रिक्त रहेको छ। रिक्त पदहरू आवस्यकताअनुसार करारमा पुर्ती गरी कार्य सम्पादन गरेको छ। प्रदेशको समग्र कार्यसम्पादन र सेवा प्रवाह प्रभावकारी हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

५. **अनुगमन मूल्याङ्कन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकारको नीति कार्यान्वयन अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष अनुगमनमा रु.१ करोड २७ लाख विनियोजन गरी रु.१ करोड २२ लाख खर्च गरेता पनि अनुगमन सूचकाङ्क तयार गरेको तथा अनुगमन र मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन। प्रभावकारी अनुगमन गरी प्राप्त पृष्ठपोषणका आधारमा देखिएका कमी, कमजोरी सुधार गर्नुपर्दछ।

६. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४९ मा कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधनलगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई वार्षिकरुपमा तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र प्रतिवेदन पेस गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफ्नो र मातहत कार्यालयकोसमेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको छैन। सङ्घीय सरकार अन्तर्गत रहेका सडक, भवन, सिँचाइलगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण हुन सकेको छैन। कार्यालयले आफु र मातहत कार्यालयहरूको सम्पत्तिको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

७. **मन्त्रालय हेरफेर -** नेपालको संविधानको धारा १६८ (९) मा प्रदेश सभाका कुल सदस्य संख्याको २० प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद्को गठन हुने व्यवस्था छ। अधिकार सम्पन्न संङ्घीय प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या ७ रहने गरी सिफारिस गरेको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८।१०।१६ मा १३, २०८०।५।१८ मा ११ र २०८१।७।२७ को निर्णयले १४ मन्त्रालय कायम गरेको छ। पटक पटक मन्त्रालय संख्या हेरफेर गर्दा प्रशासनिक खर्च र कार्यक्षेत्रमा हेरफेरले जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाइ, नीतिगत अस्थिरता, जिम्मेवारी र जवाफदेहिता कमजोर हुने जस्ता विषयमा प्रभाव परेकोले उपयुक्त र मितव्ययी संरचना निर्माण गर्नुपर्दछ ।

८. **पद दर्ता -** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ (५)बमोजिम सङ्गठन संरचना वा दरबन्दी स्वीकृत भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाई पदपूर्ति गर्न सकिने व्यवस्था छ। मन्त्रिपरिषद्को कार्यालयले २०८०।१२।३२ देखि प्रदेशस्तर तथा स्थानीय स्तरको कर्मचारीको संकेत नम्बर वितरणको कार्य सुरु गरेकोमा २०७९।८० मा प्रदेश तथा स्थानीय तहको ३५० कर्मचारीको सिटरोल दर्ता भएको देखिन्छ। २०८०।८१ को उक्त विवरण प्राप्त हुन सकेन। बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २४(२) मा स्थानीय सेवाका कर्मचारीले नियुक्त भएको १ महिनाभित्र वैयक्तिक विवरण (सिटरोल फाराम) कार्यालयबाट प्रमाणित गरी प्रदेश किताबखानामा पठाउनुपर्ने तथा दफा २४(४) मा स्थानीय तहमा समायोजन भई सिटरोल प्राप्त हुन नसकेका कर्मचारीहरूले सिटरोल फाराम भरी प्रदेश किताबखानाबाट संकेत नम्बर प्राप्त गर्नुपर्ने व्यवस्था भएकोमा समायोजन भई सिटरोल प्राप्त गर्न नसकेको कर्मचारीको पद दर्ताको कार्य अद्यावधिक गरी कानुनको पालना गर्नुपर्दछ।

९. **प्रदेश समन्वय परिषद् -** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। यो वर्ष २०८१।२।१० को परिषद्को बैठकले दोस्रो आवधिक योजना, आगामी वर्षको नीति कार्यक्रम, परिषदको बैठक सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने तथा राष्ट्रिय समन्वय परिषदमा सिफारिस गर्नुपर्ने प्रदेश स्तरीय विषयहरूमा छलफल भई विभिन्न १४ निर्णय गरेको छ।

१०. **तहगत दोहोरो संरचना -** नेपालको संविधानमा सङ्घीय व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीयतहले गर्ने एकल र संघ र प्रदेश, संघ प्रदेश र स्थानीयतहले गर्ने साझा कार्य सम्बन्धमा उल्लेख छ। समान कार्यप्रकृति र कार्यक्षेत्र भएका पूर्वाधार, सिचाई, खानेपानी, भवन सम्बन्धी कार्यहरू सम्बन्धित तहमा हस्तान्तरण नगरी सङ्घ र प्रदेश दुवैले कार्यालय स्थापना गरेर र स्थानीय तहलेसमेत त्यस्ता कार्यहरू

गरेका छन्। यसबाट समग्र शासकीय प्रणालीको प्रशासनिक खर्च बढेको र कार्यक्षेत्रमा दोहोरोपना रहेको छ।

११. **प्रदेश गौरवका आयोजना -** प्रादेशिक संगठनात्मक संरचनासँगै निम्नानुसार पाँचवटा योजनालाई प्रदेशका गौरवका आयोजना घोषणा गरी कार्यान्वयनमा ल्याएको छ।

सि.नं.	आयोजनाको नाम	क्षेत्र/प्रतिवद्धता
१.	पुष्पलाल प्रदेश चक्रपथ	रामेछाप- दोलखा सिन्धुपाल्चोक नुवाकोट धादिङ्ग चितवन मकवानपुर र सिन्धुली जिल्लाका ग्रामीण क्षेत्र जोड्ने।
२.	प्रदेश विश्वविद्यालय	प्रदेश विश्वविद्यालय स्थापनाका लागि नीति तथा कानुनी व्यवस्था, भौतिक पूर्वाधार तयारी।
३.	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान	हेटौडा अस्पताललाई प्रतिष्ठान अन्तर्गत स्तरोन्नति गरी भरपर्दो स्वास्थ्य सेवा प्रवाह गर्ने।
४.	पोष्टबहादुर बोगटी सुरुङमार्ग	भीमफेदी कुलेखानी ३.४२५ किलोमिटर सुरुङ निर्माण २०८१ भित्र सम्पन्न गर्ने।
५	मानव निर्मित पर्यटकीय ताल दोलखा	२०७९।६।६ मा आयोजना स्वीकृत भई ४० मिटर अग्लो, आर.सि.सि.ड्यामसहितको १० लाख १५ हजार घनमिटर क्षमताको रु.३ अर्ब ११ करोड लागतको जलाशय ६ वर्षमा निर्माण सम्पन्न गर्ने।

उल्लिखित ५ आयोजनामध्ये पोष्ट बहादुर बोगटी सुरुङ्ग मार्गमा विगत वर्षमा रु.७५ करोड र मानव निर्मित पर्यटकीय ताल दोलखामा विगत वर्षमा रु.१५ करोड र यो वर्ष रु.२० लाख बजेट विनियोजन गरेकोमा खर्च हुन सकेको छैन। प्रदेश गौरवका आयोजना कार्यान्वयनका लागि बजेट व्यवस्था नभएको, केही आयोजनामा बजेट विनियोजन भएतापनि कार्यान्वयन भएको छैन। सरकारले समृद्धिका लागि छनोट गरी कार्यान्वयनमा ल्याएका प्रदेश गौरवका आयोजनालाई आवश्यक बजेटको व्यवस्था गरी कार्यान्वयन हुनुपर्दछ।

१२. **प्रमुख राजनीतिक सल्लाहकार -** प्रदेश मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-३ मा सचिवालयमा रहने कर्मचारीको पद र संख्या तोकेको छ। उल्लिखित ऐनमा मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकार नियुक्त गर्ने कानूनी व्यवस्था रहेको देखिदैन। प्रदेश सरकार मन्त्रीपरिषद्को २०७९।१०।१७ को निर्णयले योग्यता निर्धारण नगरी मुख्यमन्त्रीको एक प्रमुख राजनीतिक सल्लाहकार नियुक्ति गरी मासिक पारिश्रमिक रु.५६ हजार ८४० तथा मासिक आवास सुविधा रु.२५ हजारका दरले यो वर्ष रु.१० लाख ३९ हजार खर्च लेखेको छ। कानुनी व्यवस्था नभएको प्रमुख राजनीतिक सल्लाहकार नियुक्त गरी पारिश्रमिक तथा आवास सुविधा बापत भुक्तानी भएको रकम नियमसम्मत छैन।

प्रदेश सुशासन केन्द्र

प्रदेश सरकारले तहगत सरकारको सहकारिता, सहअस्तित्व र समन्वय गर्न एवं प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा कर्मचारीहरूलाई प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्यले २०७७।६।५ मा प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश,२०७७ जारी गरी केन्द्रको स्थापना भएको हो। केन्द्रमा यो बर्ष रु.१५ करोड बजेट व्यवस्था भएकोमा रु.६ करोड १९ लाख ६४ हजार खर्च भएको छ।

१३. **वार्षिक कार्यक्रम -** केन्द्रको वार्षिक प्रतिवेदनअनुसार यो वर्ष ५९ कार्यक्रम स्वीकृत भई रु.१२ करोड ८१ लाख विनियोजन भएकोमा ३८ कार्यक्रम सम्पन्न भई रु.४ करोड ४८ लाख ९९ हजार अर्थात् विनियोजित बजेटको ३५.०५ प्रतिशत खर्च भएको छ। स्थानीय तहको क्षमता विकास, स्थानीय तहको आवधिक योजना तर्जुमा, जिल्ला समन्वय प्रमुख/उपप्रमुख र सदस्य तथा समन्वय अधिकारीलाई क्षमता विकास तालिम कार्यक्रम, तालिम व्यवस्थापन सूचना प्रणाली निर्माणलगायतका २१ कार्यक्रम सञ्चालन भएका छैनन्। कार्यालयले विनियोजन दक्षता वृद्धि गरी कार्यसम्पादन गर्नुपर्दछ।

१४. **वित्तीय जोखिम -** स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनलाई व्यवस्थित गर्न प्रदेश सुशासन केन्द्रलाई रु.५९ लाख ६० हजार बजेट विनियोजन भएकोमा रु.४५ लाख खर्च भएको देखिन्छ। प्रदेशअन्तर्गतका ११९ मध्ये हेलुम्बु गाउँपालिका र काठमाण्डौं महानगरपालिका बाहेक ११७ स्थानीय तहमा ५ आधारमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरेको छ। मूल्याङ्कनबाट सबैभन्दा धेरै खैरहनी नगरपालिका चितवनले ९९ र सबैभन्दा कम रुविभ्याली गाउँपालिका, धादिङ्गले १७ अङ्क प्राप्त गरेका छन्। सबै पालिकालाई वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा सहभागी गराउनुपर्दछ।

१५. **संस्थागत क्षमता स्वमूल्याङ्कन -** स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्यको लागि रु.१५ लाख विनियोजन भएकोमा रु.१० लाख २२ हजार खर्च भएको छ। प्रदेशअन्तर्गतका ११९ मध्ये रासी नगरपालिका, र हेलम्बु गाउँपालिका, बाहेक ११७ स्थानीय तहले संस्थागत क्षमताको जोखिम मूल्याङ्कन गरेका छन्। मूल्याङ्कनबाट सबैभन्दा धेरै अङ्क प्राप्त गर्ने बेनिघाट रोराङ गाउँपालिकाले ९९.७५ र सबैभन्दा कम विगु गाउँपालिका दोलखाले ४१.५ अङ्क प्राप्त गरेका छन्। सबै पालिकालाई मूल्याङ्कन प्रकृयामा सहभागी गराई मूल्याङ्कनबाट प्राप्त नतिजाअनुसार संस्थागत क्षमता सुधार गर्न पहल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा दरबन्दी तथा पदपूर्ति, नीति तथा कार्यक्रम, वित्तीय जोखीम मुल्याङ्कन, संस्थागत क्षमता स्वमुल्याङ्कन, विनियोजन दक्षता, अनुगमन मूल्याङ्कन, मन्त्रालय हेरफेर, पद दर्तालगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मुख्यमन्त्री कार्यालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रु.३३ लाख ४५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौंट नभई रु.३३ लाख ४५ हजार बेरुजु कायम गरिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
- अन्य संस्थातर्फ १ निकाय रु.६ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट नभई रु.६ हजार बेरुजु कायम गरिएको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० वमोजिम मन्त्रालयको कार्यक्षेत्रमा देहायअनुसारका मुख्य कार्य क्षेत्रहरूको नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन नियमन, निर्देशन, सुपरिवेक्षण, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य रहेको छन।

- प्रदेश शान्ति योजना र सुव्यवस्था सम्बन्धी सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा उक्त विषयमा सङ्घसँगको समन्वय र सहकार्य,
- अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क सम्बन्ध, सूचना आदान प्रदान र सङ्घीय कानुनबमोजिम प्रदेश प्रहरी सञ्चालन र व्यवस्थापन,
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन र रोकथाम,
- कानुन, न्याय तथा प्रदेश सभा मामिला, विधेयक तर्जुमा र प्रमाणीकरण,
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तर,
- प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख,
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार),
- विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम नक्साकंन र बस्ती स्थानान्तरण सम्बन्धी,
- प्रदेश सरकारले दिने उपाधि, सम्मान तथा बिभुषणको सिफारिस र सार्वजनिक समारोह, उत्सव उर्दी आदिको व्यवस्थापन,
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना एवं सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी,
- प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन (रेडियो, एफ.एम. तथा टेलिभिजनसमेत) अनुमति, इजाजत र नवीकरण,
- प्रदेशस्तरमा तारयुक्त र तारररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्क निर्माण र सञ्चालन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत २ निकायको निम्नानुसार रु.६८ करोड ५३ लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४०२८५८	११२८७	६३१७३	२०८०७५	६८५३९३

उल्लिखित लेखापरीक्षण अङ्कमा नेपाल प्रहरीका १३, सशस्त्र प्रहरीको १ र नेपाली सेनाको १ गरी १५ अन्तरसरकारी निकायलाई दिएको अख्तियारीबमोजिमको खर्चसमेत समावेश छ।

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक / सुविधा	३७२१६	३६२६१	१९९३५	५४.९७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१८४	५०९	१३०	२५.५४
२२१०० सेवा महसुल	२३२१	२३२१	१७३७	७४.८४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	७३२०	७३२०	५३२२	७२.७०
२२३०० कार्यालय सामान तथा सेवाहरू	७३७०	७३७०	५२१७	७०.७९
२२४०० सेवा तथा परामर्श खर्च	१०२६४	१०८९४	७२५८	६६.६२
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१००७००	१०४३३९	६३७१२	६१.०६
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	२६०५	२६०५	१७७३	६८.०६
२२७०० विविध खर्च	१६००	१६००	१५४१	९६.३१
२७२०० सामाजिक सहायता	०	१५०००	१५०००	१००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	११६०	११६०	१०९८	९४.६५
चालु जम्मा	**१७०७४०**	**१८९३७९**	**१२२७२३**	**६४.८०**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४४७१२७	४४७१२७	२८०१३५	६२.६५
पुँजीगत जम्मा	४४७१२७	४४७१२७	२८०१३५	६२.६५
कुल जम्मा	**६१७८६७**	**६३६५०६**	**४०२८५८**	**६३.२९**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६४.८०, पुँजीगततर्फ ६२.६५ र समग्रमा ६३.२९ प्रतिशत खर्च गरेको छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६/२०७७-२०८०/८१) को रणनीतिले हरेक किसिमको प्रकोपको सम्मुखता, सङ्कटासन्नता र जोखिमको आकंलन तथा नक्सांकन गर्ने, बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्ने, प्रादेशिक विपद, जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न कानुनी र नियामक संयन्त्रको स्थापना गर्ने उल्लेख गरेपनि कार्यान्वयन गरेको छैन। त्यसैगरी निजी क्षेत्र, बैङ्क, सरकारी तथा सामुदायिक संस्थाहरूबाट विपद् जोखिम न्यूनीकरणमा लगानीका लागि सहज वातावरण गराउने सूचना तथा सञ्चार प्रविधि अन्तर्गत प्रदेश स्तरका मन्त्रालयमा अफिस अटोमेशन प्रणाली लागु गर्ने, टेलिसेन्टरहरूको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने, आम सञ्चारसम्बन्धी कानुन बनाउने, नेपाललाई चलचित्र छायाङ्कनको स्थल बनाउन दोलखा र अन्य सम्भाव्य स्थानहरूमा चलचित्र नगरी तथा छायाँङ्कन स्थलको व्यवस्था गर्ने कार्यक्रम रहेकोमा बजेट र कार्यक्रमबाट सम्बोधन हुन नसक्दा कार्यान्वयन भएको छैन।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा "विपदबाट बचौं, उत्थानशील समाज निर्माण गरौं" भन्ने नारालाई आत्मसात गरी विपद् सम्बन्धी सचेतना, क्षमता विकास र कृत्रिम अभ्यास कार्यलाई जोड दिने उल्लेख छ। यस अनुरुप स्थानीय तहका जनप्रतिनिधि, जनसमुदाय र विद्यार्थीलगायतका सरोकारवालाहरूको सहभागितामा चितवन र हेटौंडामा सचेतना कार्यक्रम सञ्चालन र कृत्रिम अभ्यास सम्पन्न गरेको छ। विपद् व्यवस्थापनको पूर्वतयारी गर्दा विपद्का आयामहरू

भुकम्प, आगलागी, नदीमा उद्धार, बाढी नियन्त्रण र प्रविधिमैत्री सुरक्षा प्रणालीलाई कार्यान्वयन गरिनु पर्दछ।

५. **बजेट कार्यान्वयन** - यो वर्षको बजेट वक्तव्यमा विपद् व्यवस्थापनलाई प्रदेशको शासन व्यवस्थामा आन्तरिकीकरण गर्न विपद् व्यवस्थापन र सञ्चालन गर्ने, विपद् जोखिम न्यूनीकरणलाई जीवन पद्धतिको रुपमा स्थापित गर्ने उल्लेख छ। बजेट कार्यान्वयन सम्बन्धी प्रमुख बेहोरा निम्नानुसार छन् ;

५.१. बजेट वक्तव्यको बुँदा नं. १६० मा अपराध अनुसन्धान, सूचना सङ्कलन, विश्लेषण गर्न प्रविधिमैत्री सुरक्षा जाँच गर्ने उल्लेख गरेको छ। साथै जिल्ला सदरमुकाममा सार्वजनिक नागरिक प्रदर्शनी स्थल निर्माण गर्ने कार्यक्रम रहेकोमा दुई/दुई लाखको दरले रु.२६ लाख जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराएकोमा अख्तियारी बमोजिमको प्रगति पेस भएको छैन। कार्यक्रमको अनुगमन मूल्यांकन गरी खर्चको प्रभावकारिता यकिन हुनुपर्दछ।

५.२. बजेट वक्तव्यको बुँदा नं. १६२ मा द्वन्द्व पिडित तथा विपद्का कारण अपाङ्गता भएका व्यक्तिहरूलाई सीप, विउपुँजी र प्रविधि प्रदान गरी सेवा र वस्तुको बजारीकरण गर्न रु.१ करोड बजेटको व्यवस्था गरेकोमा ११३ जना द्वन्द्व पिडितसँग उनीहरू आफैले सञ्चालन गरेका व्यवसाय र पेशालाई सहयोग पुग्ने गरी अभिमुखीकरण तथा कार्यक्रम सम्बन्धी सम्झौता गर्ने लक्ष्य अनुरुप ११२ जनालाई रु.१ लाखको दरले रकम हस्तान्तरण गरेको विवरण पेस गरेको छ। बजेटमा विपद्को कारणले अपाङ्गगता भएका व्यक्तिलाईसमेत उक्त कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेतापनि सो कार्यक्रम सञ्चालन गरेको छैन। बजेटमा घोषित लक्ष्यहरूको कार्यान्वयन हुनुपर्दछ।

६. **रकमान्तर** - विनियोजन ऐन, २०८० को दफा ३(३) मा विनियोजित खर्च शीर्षकको बजेटको १० प्रतिशतभन्दा वढी रकम रकमान्तर गर्न नपाइने व्यवस्था छ। यो वर्ष मन्त्रालयलाई रु.६३ करोड ६५ लाख ६ हजार बजेट विनियोजन भएकोमध्ये चालुतर्फ रु.४ करोड ३१ लाख ६८ हजार र पुँजीगततर्फ रु.१६ करोड ६९ लाख ६५ हजारसमेत रु.२१ करोड १ लाख ३३ हजार अर्थात ३३.०१ प्रतिशत रकमान्तर भएको छ। कानुनले तोकेको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ।

७. **अन्तर सरकारी अख्तियारीः** प्रदेश विनियोजन ऐन, २०८० को ५(१) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यन्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐनबमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत् कार्यान्वयन गर्ने गरी निर्णय गर्नेसक्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष नेपाल सरकारको १३ जिल्ला प्रहरी कार्यालय, १ मध्यपृतना हेडक्वाटर, १ सशस्त्र प्रहरी बल नेपाल ३ नं.समेत १५ निकायलाई रु.२५ करोड १४ लाख ४२ हजार खर्चको अख्तियारी दिएकोमा नेपाल सरकार सन्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको पाइएन। कानूनी प्रकृया पूरा गरी अन्तरसरकारी अख्तियारी दिनुपर्दछ ।

८. **कानुन निर्माण** - बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई शान्ति सुरक्षा, विपद व्यवस्थापन, कानुन तर्जूमा, सूचना तथा सञ्चारलगायतका ५१ कार्यजिम्मेवारी तोकिएकोमा कानुन निर्माणतर्फ कुल ८३ ऐन राजपत्रमा प्रकाशन भएको र यो वर्ष ५६ कानुनहरू (ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका) को राय सहमति प्रदान गरेको छ। प्राप्त

विवरणअनुसार कानुन मस्यौदा उपसमितिले २०७९ मा गरेको अध्ययनबाट पहिचान भएका ९९ कानुनमध्ये यो वर्षसम्म ८३ ऐन निर्माण भई राजपत्रमा प्रकाशन भएको र सो मध्ये १७ ऐन संशोधन भएका छन्।

९. **निजी आवास अनुदान** - मनसुनजन्य विपद् निजि आवास पुनर्निमाण, पुनरर्स्थापना अनुदान कार्यविधि, २०७७अनुसार निजि आवास पुननिर्माण अनुदान बढीमा हिमाली जिल्लामा रु.५ लाख, पहाडी जिल्लामा रु.४ लाख र तराईका जिल्लामा रु.३ लाख तीन किस्तामा जिल्ला प्रशासन कार्यालयले नै स्थानीय तहको प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिने व्यवस्था छ। यो वर्ष मन्त्रालयले प्रदेशका १३ जिल्ला प्रशासन कार्यालयलाई निजि आवास निर्माणमा रु.५ करोड ४३ लाख ७ हजार निकासा गरेको छ। यस्तो रकम गत विगत देखिनै उपलब्ध गराउदै आएकोमा उपयोगको प्रगति पेस भएको छैन। अनुदान सम्झौता गरेको २ वर्षभित्रमा निर्माण सम्पन्न गर्नुपर्ने र पहिलो किस्ता प्राप्त गरेका लाभग्राहीहरूले २ वर्षभित्र सम्पन्न नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर हुनुपर्ने व्यवस्था भएकोले मनसुनजन्य विपदको रकमबाट भएका निर्माण संरचनाको प्रगति र विगतको अभिलेख राखी रकम सदुपयोगको सुनिश्चितता हुनुपर्दछ।

सञ्चार रजिष्ट्रारको कार्यालय

१०. **बजेट तथा खर्च -** कार्यालयमा यो बर्ष रु.३ करोड ९८ लाख ८३ हजार विनियोजन भएकोमा रकमान्तरबाट बजेट थपघट भई रु.५ करोड १६ लाख ९१ हजार बजेट कायम भएको छ। बजेटमध्ये चालुतर्फ रु.३ करोड ७० लाख २३ हजार (७१.६२ प्रतिशत) र पुँजीगततर्फ रु.३ लाख ४ हजार (०.५९ प्रतिशत) गरी जम्मा रु.३ करोड ७३ लाख २७ हजार खर्च भएकोले समग्रमा ७२.२१ प्रतिशत वित्तीय प्रगति देखिएको छ।

११. **दर्ता र नवीकरण-** कार्यालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म ८७६ सञ्चार संस्था दर्ता भएकोमा यो वर्ष १८५ संस्था दर्ता भई १ हजार ६१ पुगेकोमा ६२० संस्थाले मात्र नवीकरण गराएका छन्। विगतमा दर्ता भएका २५६ संस्थाले वर्षको अन्त्यसम्म नवीकरण गराएका छैनन्। तोकिएको समयभित्र नवीकरण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कानुन निर्माण, रकमान्तर, बजेट वक्तव्य,लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय तथा मातहतकासमेत २ निकायमा रु.२० लाख ५१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि उक्त बेरुजु फर्स्यौट गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीति, प्रादेशिक वित्त सन्तुलन सम्बन्धी नीति, प्रदेश राजस्व सम्बन्धी नीति, प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीति तथा कानुनको तर्जुमा,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, सङ्घीय नीति अनुरुप सहवित्तीयकरण तथा स्थानीय तह अनुदान,
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर, सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति,उपयोग, लेखाङ्कन र प्रतिवेदन सम्बन्धी,
- प्रदेशस्थित विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रम सम्बन्धी,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुन निर्माण,
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् कर्मचारी व्यवस्थापन,
- प्रदेश पूरक अनुमान तथा पेस्की खर्च र प्रदेश आकस्मिक कोष, प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखापरीक्षण,
- घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा लाग्ने कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी रोयल्टी अन्तशुल्क सङ्कलन नियमन र हस्तान्तरण,
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा,
- सङ्घसंगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य ,
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन तथा सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत १४ निकायको रु.६ अर्ब ८३ करोड ८९ लाख ४१ हजारको लेखापरिक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२५५१६	६६८९६६६	१५०१९	८७४०	६८३८९४१

द्रष्टव्यः माथिको लेखापरीक्षण अङ्कमा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेको रु.६ अर्ब १६ करोड ३ लाख ५ हजार समावेश गरिएको छैन ।

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	४४७७४	४४७७४	२६१२२	५८.३४
२१२००कर्मचारीको सामाजिक सुरक्षा	२९३	२९३	१५५	५२.९६
२२१०० सेवा महसुल	२३८४	२३८४	१०६८	४४.७९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	८१८६	८१८६	६१८६	७५.५६
२२३०० कार्यालय सामान तथा सेवाहरू	७९१८	७९१८	६२७३	७९.२३
२२४०० सेवा तथा परामर्श खर्च	७८३३	८२६३	६८५४	८२.९५
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	३७०१०	३९८८१	१७९३१	४४.९६
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	४३८०	४३८०	२९२९	६६.८७
२२७०० विविध खर्च	३०७०	३०७०	२४४७	७९.७०
२६४०० सामाजिक सेवा अनुदान	०	४५२६७	४५२६७	१००.००
२८१००सम्पत्ति सम्बन्धी खर्च	३६००	३६००	३०७९	८५.५४
जम्मा चालु	११९४४८	१६८०१६	११८३१०	७०.४२
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	९९९०	११०००	७२०५	६५.५०
जम्मा पुँजीगत	९९९०	११०००	७२०५	६५.५०
कुल जम्मा	**१२९४३८**	**१७९०१६**	**१२५५१५**	**७०.११**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७०.४२, पुँजीगततर्फ ६५.५० र समग्रमा ७०.११ प्रतिशत खर्च भएको देखिन्छ।

प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा १७अनुसार विनियोजन ऐनमा तोकिएको बजेट उपशीर्षकमा रकम नपुग भएमा एक वा बढी उपशीर्षकमा बचत हुने रकमबाट विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सक्नेमा मन्त्रालयले सामाजिक सेवा अनुदानतर्फ सुरुमा विनियोजन नभएकोमा रु.४ करोड ५२ लाख ६७ हजार रकमान्तरबाट बजेट कायम गरी खर्च गरेको देखिन्छ। त्यसैगरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा सुरुमा रु.१२ करोड ९४ लाख ३८ हजार रहेकोमा रकमान्तरबाट ३८.३० प्रतिशत थप गरेर रु.१७ करोड ९० लाख १६ हजार अन्तिम बजेट कायम गरेको देखिन्छ। सुरु विनियोजन नगरेको शीर्षकमा रकमान्तर गर्ने कानुनी व्यवस्था नरहेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा रु.३७ खर्व ६८ अर्ब २४ करोड कुल लगानी अनुमान गरेको मध्ये प्रदेश सरकारको ५ वर्षको विनियोजन र खर्चको स्थिति देहायअनुसार छः

(रु.लाखमा)

आर्थिक वर्ष	विनियोजन भएको रकम (चालु)	विनियोजन भएको रकम (पुँजीगत)	जम्मा विनियोजन	खर्च भएको (चालु)	खर्च भएको (पुँजीगत)	जम्मा खर्च	विनियोजनको खर्च प्रतिशत
२०७६।७७	२४४६७९	२२८३९८	४७३०७७	१२२६८८	१५६८०२	२७९४९०	५९.०८
२०७७।७८	२४२८७३	२५१४०१	४९४२७४	१४१८६६	२०००८२	३४१९४८	६९.१८
२०७८।७९	२२५०५१	३३२१५८	५५७२०९	१५६९९९	२०९९५१	३६६९५०	६५.८६
२०७९।८०	२६८४०७	४२०९८५	६८९३९२	१७९८२४	२८२७९६	४६२६२०	६७.११
२०८०।८१	२६२९०५	३५९१८६	६२७०९१	१५९७२५	२८५४०७	४४५१३२	७०.९८
जम्मा	**१२४३९१५**	**१५९२१२८**	**२८४१०४३**	**७६११०२**	**११३५०३८**	**१८९६१४०**	**६६.७४**

प्रदेशले ५ वर्षमा पुँजीगत लगानी जम्मा रु.१ खर्ब ६ करोड हुने अनुमान रहेकोमा रु.१ खर्ब १३ अर्ब ५० करोड अर्थात ११३.४२ प्रतिशत पुँजीगत खर्च भएको छ। २०८०/८१ मा कुल रु.५९ अर्ब ८१ करोड खर्च गर्नुपर्नेमा जम्मा रु.४४ अर्ब ५१ करोड ३२ लाख खर्च गरेको र यो ५ वर्षमा जम्मा रु.१ खर्ब ८९ अर्ब ६१ करोड ४० लाख मात्र खर्च भएको छ।

४. **दिगो विकास -** दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रवन्ध, अनुगमन तथा मुल्यांकनसमेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ। प्रदेश सरकारले बजेट तर्जुमा गर्दा दिगो विकासका १७ लक्ष्यमध्ये ११ संकेतमा बजेट बिनियोजन गरेको छ। संकेत नगरी ६९.०३ प्रतिशत अर्थात् रु.४३ अर्ब २८ करोड ६० लाख १६ हजार र संकेत गरेर ३०.९७ प्रतिशत अर्थात् रु.१९ अर्ब ४२ करोड ३० लाख ६२ हजार बजेट विनियोजन गरेको छ। यसरी संकेत गरी विनियोजन गरेतापनि सांकेतिकरणअनुसारको खर्च अभिलेख राखेको छैन।

५. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ (१) मा कुनै एक शिर्षक अन्तर्गतको बजेट उपशिर्षकमा बजेट नपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही आर्थिक मामिला मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१ (३) मा सम्बन्धित खर्च शीर्षकमा विनियोजित रकमको २० प्रतिशतसम्म सम्बन्धित सचिव वा विभागिय प्रमुखले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष रु.१२ अर्ब ४ करोड ३२ लाख ४० हजार थप गरेको र रु.१२ अर्ब १२ करोड ३४ लाख ७० हजार घटाएको छ। तर प्रदेश लेखा नियन्त्रक कार्यालयले वित्तीय विवरण तयार गर्दा सोअनुसार खुलाएको छैन। रकमगत रुपमा भौतिक पूर्वाधार मन्त्रालयमा सबै भन्दा बढी रकमान्तर भएको छ।

६. **राजस्व प्रक्षेपण र प्राप्ति -** प्रदेशको आयको प्रक्षेपणको आधार स्पस्ट हुनुपर्दछ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्तिको विवरणअनुसार विगत तीन आर्थिक वर्षको कर, राजस्व, वेरुजु र अन्य प्राप्तितर्फको प्रक्षेपण र असुली देहायअनुसार रहेको छ।

आर्थिक वर्ष	लक्ष्य	असुली	असुली प्रतिशत
२०७८।७९	३१६९२६२७	३३४६६८५०	१०५.५९
२०७९।८०	३४२५०५४१	२७३९७५००	७९.९९
२०८०।८१	३१५४१५७५	२६२५१९८९	८३.२३

तालिकाअनुसार २०८०।८१ को असुली २०७८।७९ को यथार्थ असुलीको तुलनामा २१.५६ प्रतिशत र गत वर्षको यथार्थ असुलीको तुलनामा ४.१८ प्रतिशत घटी रहेको देखिन्छ।

७. **भुक्तानी दायित्व -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(६) मा विषेश कारण एवं परिस्थितिबस चालु वर्षको बजेटले नखामेको पारिश्रमिक, भत्ता सरुवा भ्रमण खर्च, भाडा एवं सम्झौताबमोजिमको रकम भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी राख्ने र उपनियम ७ बमोजिम भुक्तानी गर्न सकिने व्यवस्था छ। कार्यालयहरूले समयमा अनिवार्य दायित्व अन्तर्गतको रकम भुक्तानी नगरेकोले वर्षको अन्तमा चालुतर्फ ४ मन्त्रालयमा रु.७१ लाख ८८ हजार र पुँजीगततर्फ २ मन्त्रालयमा रु.४ करोड ४६ लाख २ हजार गरी जम्मा रु.५ करोड १७ लाख ९० हजार भुक्तानी दिन बाँकी रहेको एकीकृत वित्तीय विवरण पेस गरेको छ। यसरी मन्त्रालयहरूले एकातर्फ बजेट तथा कार्यक्रम संसोधन एवं रकमान्तर गर्ने र अर्कोतर्फ समयमा भुक्तानी नदिई भुक्तानी दिन बाँकी राखेको उपयुक्त देखिएन। आगामी वर्षको वजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८. **प्रतिबद्धता र दायित्वको लेखाङ्कन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ११ मा प्रदेश सरकारले प्रतिबद्धता र दायित्वको लेखा राखी सो को नियन्त्रण तोकिएबमोजिम गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको विवरणअनुसार बहुवर्षीय योजनाको दायित्वको देहायबमोजिम प्रदेशअन्तर्गतका ८ मन्त्रालयले ४४८ योजनामा रु.३६ अर्ब ८७ करोड ४८ लाख ५८ हजारको कन्ट्रयाक्चुअल लायविलिटी सिर्जना गरेकोमा २०८०।८१सम्म रु.११ अर्ब ८९ करोड ७२ लाख ७ हजार भुक्तानी भई रु.२४ अर्ब ९७ करोड ७६ लाख ५१ हजार दायित्व बाँकी रहेको देखिन्छ। मन्त्रालयले सम्भाव्य दायित्वको विवरण समावेश गर्न नेपाल सार्वजनिक क्षेत्र लेखामानको टिप्पणी नं २० मा व्यवस्था भएतापनि एकीकृत वित्तीय विवरणमा सो समावेश गरेको छैन।

(रु.हजारमा)

मन्त्रालयको नाम	आयोजना संख्या	सम्झौता रकम	२०८०।८१सम्मको खर्च	बाँकी दायित्व
सामाजिक विकास मन्त्रालय	६	५१६०८४	२३७११९	२७८९६५
भौतिक पूर्वाधार विकास मन्त्रालय	३१०	२७३६२१२९	७०९८१५७	२०२६३९७२
खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय	८९	५०३८७६०	२११४६४५	२९२४११५
संस्कृति, पर्यटन तथा सहरी सहकारी मन्त्रालय	९	३५३१२९	२१४२९३	१३८८३६
कृषि तथा पशुपन्छी विकास मन्त्रालय	५	२१६८३५५	१६२६६८१	५४१६७४
स्वास्थ्य मन्त्रालय	४	६४०८००	१६६२२४	४७४५७६
वन तथा वातावरण मन्त्रालय	२३	६६३९६९	४०१३४१	२६२६२८
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	२	१३१६३२	३८७४७	९२८८५
जम्मा	**४४८**	**३६८७४८५८**	**११८९७२०७**	**२४९७७६५१**

बाँकी काम र उल्लिखित दायित्वलाई आगामी वर्षहरूका बजेटमा सम्बोधन गर्ने गरी स्रोत व्यवस्थापन गर्नुपर्ने हुँदा प्रदेश सञ्चित कोषमा चाँप पर्न जाने देखिन्छ। सम्झौताअनुसार बहुवर्षीय योजनाको दायित्वको अभिलेख व्यवस्थित गरी सोअनुसार बजेट व्यवस्थापन गर्नुपर्दछ।

९. **बजेट प्रविष्टि -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी आर्थिक वर्षको बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायमा पठाउनुपर्ने व्यवस्था छ।जसअनुसार मन्त्रालयले २०८०।८१ को बजेटका लागि २०७९। १२।२९ मा बजेट सीमा र मार्गदर्शनको परिपत्र गर्दा २०८० बैशाख २५ भित्र बजेट प्रस्ताव गर्न रु.५३ अर्ब १९ करोड १९ लाख ८३ हजारको सीमा निर्धारणको निर्णय गरेको छ। तर सो सीमा प्रदेशलाईन

मिनिस्ट्री व्यवस्थापन सुचना प्रणालीमा प्रवृष्टि गर्दा रु.५३ अर्ब १९ करोड ६९ लाख ८३ हजारको सीमा प्रविष्टि गरेकोले सीमाको प्रविष्टि रु.५० लाखले बढी रहेको देखिन्छ।

त्यसैगरी यस वर्षको बजेट वक्तव्यअनुसार कुल रु.६२ अर्ब ७० करोड ९० लाख ७८ हजारको बजेट प्रदेश सभामा प्रस्तुत भै पारित भएता पनि प्रदेश मन्त्रालयगत बजेट व्यवस्थापन प्रणालीमा रु.६२ अर्ब ७१ करोड १२ लाख ६३ हजार रकम प्रविष्ट भएकोले पारित बजेट र प्रदेश लाइन मिनिष्ट्रि बजेट व्यवस्थापन प्रणाली बीच रु.२१ लाख ८५ हजार फरक परेको देखिन्छ। प्रदेश सभाबाट स्वीकृत बजेटअनुसार प्रविष्टि गर्नुपर्दछ।

१०. **बजेट विनियोजन -** बजेट विनियोजन सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् :

१०.१. प्रदेश सरकारले बजेट व्यवस्थापनलाई प्रभावकारी बनाउन स्रोतको पूर्ण उपयोग हुने गरी बजेट निर्माण गर्नुपर्दछ। प्रदेश सरकारले यो वर्षको स्रोत अनुमान गत वर्षको बचत तथा वेरुजु रकम रु.२६ अर्ब १५ करोड ८० लाख, वित्तीय हस्तान्तरण अनुदान रु.१७ अर्ब ८१ करोड २३ लाख, कर राजस्व रु.२५ अर्ब १७ करोड २६ लाख, अन्य राजस्वबाट रु.५ अर्ब २६ करोड ९४ लाख गरी जम्मा रु.७४ अर्ब ४१ करोड २३ लाख रहेकोमा रु.५३ अर्ब १९ करोड १९ लाख सिलिङ कायम गरी मन्त्रालयहरूसँग बजेट प्रस्ताव माग गरेकोमा बजेट निर्माण गर्दा अनुमानित स्रोत भन्दा न्यून हुनेगरी रु.६२ अर्ब ७० करोड ९० लाख बजेट पेस गरेकोले प्रदेश सरकारले अनुमानित स्रोत भन्दा रु.११ अर्ब ७० करोड ३३ लाख घटीको बजेट पारित भएको देखिन्छ। स्रोत अनुमान र बजेट सीमालाई यथार्थपरक बनाउनुपर्दछ।

१०.२. प्रदेशलाईन मिनिष्ट्रि बजेट सूचना प्रणालीमा सीमा र सोअनुसारको बजेट माग गरी प्रविष्टि गर्नुपर्दछ। सो प्रणालीमा रु.५३ अर्ब १९ करोड ६९ लाख ८३ हजारको बजेट सिलिङ प्रविष्टि भएतापनि मन्त्रालयले रु.६२ अर्ब ७१ करोड १२ लाख ६३ हजारको बजेट प्रस्ताव गरेको देखिन्छ। बजेट सीमा निर्धारण पश्चात मन्त्रालयहरूबाट बजेट नपुग भएको माग आएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ६ मन्त्रालयहरूलाई रु.८८ करोड बजेट सीमा थप गरी रु.५४ अर्ब ७ करोड १९ लाख ८३ हजारको सीमा कायम भएको छ। थप कायम भएको सीमा भन्दा रु.८ अर्ब ६३ करोड ९२ लाख ८० हजार बढीको बजेट निर्माण गरेतापनि कुल बजेट खर्च रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार मात्र देखिन्छ ।

१०.३. प्रदेशले यो वर्ष विगत वर्षमा योजना छनोट गरी कार्यान्वयनमा ल्याइएको र अधुरो रहेका प्रदेश सभा सचिवालयका २, मुख्य न्यायाधिवक्ताको कार्यालयका २, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका ३, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका ३१, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयका ५५१, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका १८, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयका १६८, वन तथा वातावरण मन्त्रालयका ९८, भौतिक पूर्वाधार विकास मन्त्रालयका २६२, सामाजिक विकास मन्त्रालयका १३७, स्वास्थ्य मन्त्रालयका २२१, श्रम रोजगार तथा यातायात मन्त्रालयको १ र प्रदेश नीति तथा योजना आयोगको १ गरी १ हजार ४९५ योजना तथा कार्यक्रममा यो वर्ष कुनै रकम विनियोजन गरेको छैन। अधुरो योजनाहरू समयमै सम्पन्न गरी विगतको खर्चको सार्थकता पुष्टि हुनुपर्दछ।

११. **बजेटको प्राथमिकता** - प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा प्रदेशको संस्थागत विकास र सवलीकरण, पूर्वाधार विकास, कृषि क्षेत्रको विकास, सामाजिक क्षेत्रको विकास, रोजगारी सिर्जना, पर्यटन

क्षेत्रको विकास, सामाजिक न्याय, औद्योगिक विकास र निजी क्षेत्रको प्रवर्धन र वातावरण संरक्षण तथा विपद् व्यवस्थापनको क्षेत्रलाई प्राथमिकता दिएको उल्लेख भएतापनि बजेट विनियोजनको अवस्था देहायबमोजिम रहेको छ।

शीर्षक	विनियोजन (रु.हजारमा)	प्रतिशत
सामान्य सार्वजनिक सेवा	१८९५४५४३	३०.२३
सार्वजनिक शान्ति सुरक्षा	५९९३४४	०.९६
आर्थिक मामिला	२७९१९२०९	४४.५२
वातावरण संरक्षण	१४९५२५५	२.३८
आवास तथा सामुदायिक सुविधा	७७८८१४१	१२.४२
स्वास्थ्य	३३३८९१९	५.३२
मनोरञ्जन सस्कृति तथा धर्म	३३७१९१	०.५४
शिक्षा	१७७६४७६	२.८३
सामाजिक सुरक्षा	५०००००	०.८०
जम्मा	**६२७०९०७८**	**१००**

१२. **जलवायु परिवर्तन बजेट -** प्रदेशको कुल बजेट रु.६२ अर्ब ७० करोड ९० लाख ७८ हजारमध्ये जलवायु परिवर्तनलाई सम्वोधन गर्ने प्रत्यक्ष ७.४९, अप्रत्यक्ष २५.४० र तटस्थ ६७.१० प्रतिशत कायम गरी बजेट स्वीकृति भएता पनि मन्त्रालयले २०८०।८१ को खर्चको विवरणसाथ प्रत्यक्ष लाभ पुग्ने, अप्रत्यक्ष लाभ पुग्ने एवं तटस्थ योजनामा खर्च भएको रकम र कार्यक्रम खुल्ने गरी कोडिङ्ग गरी विवरण राखेको देखिएन।

१३. **सङ्घीय वित्तीय हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ देखि ११ सम्ममा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारबाट प्राप्त अनुदान र खर्चको अवस्था निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

खर्च शीर्षक	बजेट	प्राप्ति	खर्च	फिर्ता गरेको
समानीकरण अनुदान	८०१३५००	५९३८८०५	६०१००१३	०
सशर्त अनुदान	५७६८८००	५७४८२२२	३९००६९६	१८४७५२६
समपुरक अनुदान	१३०००००	१३०००००	९४५४८२	३५४५१८
विशेष अनुदान	७३००००	७३००००	५७४१८६	१५५८१४
अन्य अनुदान	२००००००	०	०	०
जम्मा	**१७८१२३००**	**१३७१७०२७**	**११४३०३७७**	**२३५७८५८**

तालिकाअनुसार बजेटको तुलनामा समानिकरण अनुदानतर्फ प्रदेशले यो वर्ष प्राप्त गरे भन्दा रु.७ करोड १२ लाख ८ हजार बढी खर्च गरेको छ। त्यसैगरी प्रदेशमा बजेटको तुलनामा एकातर्फ अनुदान प्राप्ति ७७ प्रतिशत भएकोमा प्राप्त अनुदानसमेत खर्च नगरी समपुरक, सशर्त तथा विषेश अनुदानतर्फ रु.२ अर्ब ३५ करोड ७८ लाख ५८ हजार सङ्घीय सरकारलाई फिर्ता गरेको छ।

१४. **विकास समितिलाई अनुदान** - प्रदेश आर्थिक कार्यविधी नियमावली, २०७६ को नियम ३४ मा प्रदेश

सरकारबाट अन्य निकायलाई निकासा गरेको रकम प्रदेश लेखा इकाई कार्यालयमार्फत फिर्ता ल्याउनु पर्ने व्यवस्था छ। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलाई दिने अनुदान रकमको परिचालन सम्बन्धमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति बीच सम्पन्न भएको समझदारी पत्रबमोजिम निम्नानुसारको अनुदान उपलब्ध गराएको छ।

(रु. हजारमा)

आर्थिक वर्ष	सम्झौता मिति	सम्झौता रकम	निकासा	खर्च	मौज्दात	खर्च प्रतिशत
२०७८।७९	२०७८।१०।२०	२० करोड	२०००००	२८००३	१७१९९७	१४.००
२०७९।८०	२०७८।०९।०१	२५ करोड	७८००३	१४५२६७	(६७२६४)	५८.११
२०८०।८१	२०८०।०७।२२	१५ करोड	४५२६७	६३२९०	(१८०२३)	४२.१९
	जम्मा	**६० करोड**	**३२३२७०**	**२३६५६०**	**८६७१०**	**३९.४३**

सो समितिसँग २०८०।८१ सम्म रु.६० करोड दिने गरी सम्झौता गरेकोमा रु.३२ करोड ३२ लाख ७० हजार निकासा र रु.२३ करोड ६५ लाख खर्च गरेको देखिन्छ । निकासा दिएको रकममध्ये यो वर्षको अन्त्यसम्म खर्च नभई रु.८ करोड ६७ लाख १० हजार मौज्दात बाँकी रहेको देखिन्छ । बाँकी रकम ऐन र सम्झौताबमोजिम प्रदेश संचित कोषमा फिर्ता ल्याउनुपर्दछ।

१५. **राजस्व छुट -** आर्थिक ऐन, २०८० को दफा १२ मा प्रदेश सरकारले आवश्यकताअनुसार यो ऐन र अन्य कानुनबमोजिम लगाईने दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार २०८०।८१ मा मन्त्रालयले विभिन्न ९ बहुउद्देशीय बचत तथा ऋण सहकारी संस्थाहरूको लागि रु.२० करोड ४२ लाख ६४ हजार मूल्यको जग्गामा लाग्ने रजिष्ट्रेसन दस्तुर ३ प्रतिशतदेखि ५.३० प्रतिशतसम्म छुट दिने सिफारिस गरेकोले यो वर्ष रु.१ करोड ६ लाख ३७ हजार राजस्व छुट भएको देखिन्छ।

१६. **वित्तीय हस्तान्तरण -** मन्त्रालयबाट प्राप्त वित्तीय विवरणअनुसार ११९ स्थानीय तहमा यो वर्ष प्रदेश समानीकरण, ससर्त, विशेष तथा समपुरक अनुदानमा रु.७ अर्ब ६५ करोड ४९ लाख २६ हजार विनियोजन गरी रु.६ अर्ब १६ करोड ३ लाख ५ हजार हस्तान्तरण गरेको छ ।

(रु.हजारमा)

अनुदानको किसिम	बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
समानीकरण	१६६२५००	१६६२५००	१००
सशर्त	२९०४५२६	२३८३३५३	८२.०६
विषेश	७३७२००	४९४४७२	६७.०७
समपुरक	२३५०७००	१६१९९८०	६८.९१
जम्मा	**७६५४९२६**	**६१६०३०५**	**८०.४८**

उल्लिखित रकममा सशर्त, विशेष तथा समपुरक अनुदानतर्फ रु.४ अर्ब ४९ करोड ७८ लाख ५ हजार (७३.०१) प्रतिशत रहेको देखिन्छ।

प्रदेशबाट स्थानीय तहहरूलाई रु.६ अर्ब १६ करोड ३ लाख ५ हजार वित्तीय हस्तान्तरण गरेकोमा स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीअनुसार स्थानीय तहहरूले सशर्ततर्फ रु.२ करोड ६०

लाख १४ हजार बढी, विशेषतर्फ रु.१ अर्ब १२ करोड ६८ लाख १४ हजार घटी र समपुरकतर्फ रु.१ अर्ब १२ करोड ५४ लाख २६ हजार बढी गरी रु.६ अर्ब १३ करोड ५६ लाख ७९ हजार मात्र आम्दानी गरेकोले समग्र स्थानीय तहमा रु.२ करोड ४६ लाख २६ हजार घटी प्राप्ति जनाएको विवरण प्राप्त भएको छ। फरक कारोबारको हिसाब मिलान विवरण पेस गर्नुपर्दछ।

१७. **ऋण लगानी** - उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९ अनुसार मन्त्रालयले कृषि विकास बैङ्क लिमिटेडलाई रु.१ अर्ब ६६ करोड र साना किसान विकास लघुवित्त संस्थालाई रु.१ अर्ब ६४ करोड गरी रु.३ अर्ब ३० करोड बढीमा पाँच वर्ष अवधिको लागि लगानी गर्न सहुलियतपूर्ण ऋण उपलव्ध गराएको छ। यस सम्वन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन्।

१७.१. आर्थिक वर्ष २०७८।७९ देखि सहुलियतपूर्ण कर्जा उपलब्ध गराई उद्यमशीलता विकास गर्ने र स्वदेशमै रोजगारी सिर्जना गर्ने गरी सहुलियतपुर्ण कर्जा उपलब्ध गराएकोमा यो वर्ष रु.७० करोड २७ लाख फिर्ता प्राप्त भएपनि वर्षको अन्तसम्म रु.९३ करोड ७३ लाख रकम फिर्ता गर्न बाँकी देखिएको छ।

१७.२. ऋण लगानी कार्यविधिमा मन्त्रीको संयोजकत्वमा निर्देशक समिति, सचिवको संयोजकत्वमा अनुगमन समिति, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला अनुगमन समिति रहने व्यवस्था भएतापनि ऋण लगानी तथा सुरक्षाको सम्बन्धमा सोअनुसार अनुगमन गरेको पाइएन।

१७.३. बैङ्क तथा वित्तीय संस्थाले सम्बन्धित आर्थिक वर्षमा गरेको लगानी र बाँकी राखेको रकमको अभिलेखिकरण गरी आवधिक प्रतिवेदन पेस गर्नुपर्नेमा त्यस्तो प्रतिवेदन प्राप्त भएको छैन। ऋण प्राप्त गर्नको लागि कृषि, पर्यटन, व्यापार, वन तथा वातावरण, महिला तथा दलित समुदायको विकास र फोहोरमैला व्यवस्थापनको क्षेत्र तोकिएको देखिन्छ। मन्त्रालयको एक अनुगमन टोलीले चितवन जिल्लाका ४ र मकवानपुर जिल्लाका ७ समेत ११ फर्मको अनुगमन गरेकोमा उक्त अनुगमनको क्रममा उद्देश्यबमोजिमको ऋण लगानी तथा परिचालन नरहेकोले जोखिम देखिएको बेहोरा प्रतिवेदनमा उल्लेख छ। तसर्थ अन्य ऋणीकोसमेत अनुगमन गरी ऋण परिचालन भएको क्षेत्र, उपयोग, उत्पादन र उत्पादकत्वमा परेको असरसमेत विश्लेषण गरी सहुलियतपुर्ण ऋणलाई उत्पादनमुलक वनाउनुपर्दछ।

१७.४. **अन्तर सरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ५(१) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगतर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, अदालत, जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल र प्रदेश प्रमुखको कार्यालय एवं मालपोत तथा नापी कार्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायत प्राविधिक शिक्षालयसमेत सङ्घीय सरकार र अन्य सरकारअन्तर्गत व्यवस्थापन गरेका ११३ कार्यालयमा रु.१ अर्ब ३६ करोड ६२ लाख २९ हजार विनियोजन गरी रु.१ अर्ब ५ करोड ५२ लाख २७ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको पाइएन। सम्बन्धित तालुक निकायसँग

स्वीकृति लिई कानुनअनुसार बजेट कार्यान्वयन हुनुपर्दछ।

१७.५. प्रदेश सरकारले यो वर्ष स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र रहेको माध्यमिक शिक्षा अन्तर्गत आधारभूत तथा माध्यमिक विद्यालय निर्माण, घेराबारा, शौचालय आदि निर्माण गर्न र विद्यालयमा सरसफाई, मर्मत, विद्यालय वस अनुदान, आईसिटी ल्यावलगायत विद्यालय शिक्षासँग सम्बन्धित ३२४ योजना तथा कार्यक्रममा विनियोजन गरी प्रदेश कार्यालय तथा स्थानीय तह समेतबाट रु.७३ करोड ४८ लाख खर्च गरेको छ।

१८. **कार्यक्रम संशोधन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २१ को अनुसूची २अनुसार योजना तथा कार्यक्रमको परिमाण, लागत र भार निर्धारणगरी सोअनुसार मन्त्रालयले बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष वन तथा वातावरण मन्त्रालयका ५ वटा शीर्षकमा विनियोजित रु.१ करोड ८० लाख रकमलाई ८ कार्यक्रममा संशोधन गरी अन्तिम बजेट कायम गरेको, भौतिक पूर्वाधार विकास मन्त्रालयले रुविभ्यालीलगायत मानव विकास सुचांकाङ्कमा पछाडी परेका स्थानीय तहहरूको एकीकृत विकास नामक कार्यक्रममा रु.१३ करोड १० लाख विनियोजन भएकोमा उक्त कार्यक्रम संशोधन गरी प्रादेशिक सडक डिभिजन कार्यालयअन्तर्गतका १२ योजनामा रु.१२ करोड १५ लाख र सहरी विकास तथा भवन कार्यालय नुवाकोटका ६ योजनामा रु.९५ लाख विनियोजन गरेको छ। यसरी वर्षको अन्तमा योजना संशोधन गरी पटके निर्णयबाट बजेट खर्च गर्ने परिपाटीले बजेटमा संसदीय निगरानी र नियन्त्रण कमजोर हुन गएको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१९. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। कार्यालयबाट प्राप्त २०८०।८१ को एकीकृत वित्तीय प्रतिवेदनअनुसार प्रदेश सरकारको यस वर्षको प्राप्ति र भुक्तानीको अवस्था देहायअनुसार छ।

(रु.हजारमा)

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेटर गैरबजेट निकाय)					
क्र.स	विवरण	चालु आ.व.को कारोबार		गत आ.व. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
क.	**प्राप्ति**	**३८३१३८५८**	**३८३१३८५८**	**४१०७८५९६**	**४१०७८५९६**
	राजस्व, अनुदान र अन्य प्राप्ति	३६८६३५६२	३६८६३५६२	३९५०८११५	३९५०८११५
	अन्य प्राप्ती	७४७५९६	७४७५९६	१४५९३६१	१४५९३६१
	लगानी तथा वित्तीय प्राप्ती	७०२७००	७०२७००	१११११२०	१११११२०
ख.	**भुक्तानी**	**४४५१३२०३**	**४४५१३२०३**	**४६२६१९६९**	**४६८६१९६९**
	चालु खर्च	**१५९७२५०३**	**१५९७२५०३**	**१७९८२४०२**	**१७९८२४०२**
	पुँजीगत खर्च	**२८५४०७००**	**२८५४०७००**	**२८२७९५६७**	**२८२७९५६७**
	स्थिर सम्पत्ति प्राप्ति खर्च	२८४७७२३९	२८४७७२३९	२८२७५३३०	२८२७५३३०
	प्राकृतिक सम्पत्ति खर्च	६३४६१	६३४६१	४२३७	४२३७
	वित्तीय व्यवस्था	०	०	६०००००	६०००००
ग.	**बचत /कमी (ग = क-ख)**	**-६१९९३४५**	**-६१९९३४५**	**-५१८३३७३**	**-५७८३३७३**

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेटर गैरबजेट निकाय)					
क्र.स	विवरण	चालु आ.व.को कारोबार		गत आ.व. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
घ.	धरौटीलगायतका अन्य कोषको मौज्दातको थप/घट (+/)	२३२९३०	२३२९३०	५५६६१०	५५६६१०
ङ.	यस वर्षको नगद तथा बैङ्क मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-५९६६४१५	-५९६६४१५	-४६२६७६३	-५२२६७६३
च.	गतवर्षको नगद तथा बैंक मौज्दात	२९४५३५३१	२९४५३५३१	३४६८०२९४	३४६८०२९४
ज.	**वर्षको अन्तको बाँकी मौज्दात (ज= ङ+च+छ)**	**२३४८७११६**	**२३४८७११६**	**३००५३५३१**	**२९४५३५३१**

१९.१. बजेटरी र गैर बजेटरी निकायको एकीकृत वित्तीय विवरणअनुसार वर्षको अन्तमा नगद तथा बैंक मौज्दात रु.२३ अर्ब ४८ करोड ८२ लाख १६ हजार रहेको छ।

१९.२. प्रदेश लेखा नियन्त्रक कार्यालयले जिल्ला अस्पताल अन्तर्गत रहेका अस्पताल व्यवस्थापन समितिहरूबाट भएको आम्दानी र खर्चको विवरण एकीकृत प्रतिवेदनमा गैर बजेटरी निकायको रुपमा समावेश गर्नुपर्नेमा गरेको छैन।

१९.३. नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसारको एकीकृत वित्तीय विवरणको टिप्पणी नम्बर १५ मा लिन/उठ्न बाँकी रकमको विवरण पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय तहबाट असुल गरी स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन र दहत्तर बहत्तर कर एवं प्रदेश आफैले प्राप्त गर्ने, सवारी साधन शुल्क, सवारी चालक अनुमति पत्रलगायतको नवीकरण शुल्क तथा जरिवानालगायत करको अद्यावधिक अभिलेख राखी वित्तीय विवरणसाथ पेस गरेको छैन।

२०. **प्रदेश सञ्चित कोष**- प्रदेश सरकारको २०८०।८१ को प्राप्ति तथा भुक्तानीको एकीकृत सञ्चित कोषको तुलनात्मक आर्थिक विवरण देहायअनुसार रहेको छ।

(रु.हजारमा)

विवरण	२०८०।८१	२०७९।८०
प्राप्ती		
१. राजस्व, अनुदान र अन्य प्राप्ति	**३७६१११५८**	**४०९६७४७६**
१.१.राजस्व	२५५०४३९३	२५९३८१३८
१.२. वित्तीय हस्तान्तरणबाट प्राप्ति	११३५९१६९	१३५६९९७७
१.३ वेरुजु तथा अन्य प्राप्ति	७४७५९६	१४५९३६१
२. ऋणलगानी फिर्ता	**७०२७००**	**१११११२०**
३.यसवर्षको खुद प्राप्ति (१+२)	**३८३१३८५८**	**४१०७८५९६**
४. भुक्तानी		
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च	१३६२७	११९४३
४.२.विनियोजन ऐनद्वारा भएको खर्च	४४४९९५७६	४६८५००२६
५.यस वर्षको जम्मा भुक्तानी (४)	**४४५१३२०३**	**४६८६१९६९**
६.यस अवधिको कोषमा भएको थप घट (+/-) (३-४)	-६१९९३४५	-५७८३३७२

विवरण	२०८०।८१	२०७९।८०
७. आर्थिक वर्षको सुरूवातको मौज्दात	२६१५८००५	३१९४१३७७
८. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+६)	**१९९५८६६०**	**२६१५८००५**

गत वर्ष प्राप्ति रु.४१ अर्ब ७ करोड ८५ लाख ९६ हजार भएकोमा यो वर्ष रु.२ अर्ब ७६ करोड ४७ लाख ३८ हजार अर्थात ६.७३ प्रतिशत घटी प्राप्ति र खर्चतर्फ गत वर्ष रु.४६ अर्ब ८६ करोड १९ लाख ६९ हजार खर्च भएकोमा यो वर्ष रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार अर्थात ५.०१ प्रतिशत घटी खर्च भएको देखिन्छ। कुल प्राप्तिमा प्रदेशको राजस्व र अन्य प्राप्तिको हिस्सा ६८.५२ प्रतिशत मात्र रहेको देखिएकोले प्रदेशको प्राप्तिको झण्डै एक तिहाई गत वर्षको बचत र अनुदानमा निर्भर देखिएको अवस्थामा सुधार गर्नुपर्दछ।

२१. **सञ्चितकोषको प्राप्ति खर्च एवं मौज्दात** - बागमती प्रदेश सरकारको प्रदेश लेखा नियन्त्रक कार्यालयबाट २०८१ मंसिरमा महालेखापरीक्षक समक्ष पेस गरेको एकीकृत वार्षिक वित्तीय विवरणअनुसार यो वर्ष बागमती प्रदेशमा गत वर्षको बचत रु.२६ अर्ब १५ करोड ८० लाख ५ हजारसमेत रु.६६ अर्ब ८२ करोड ९७ लाख २१ हजार कोषमा जम्मा भएकोमा यो वर्ष जम्मा रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार खर्च र सङ्घीय सरकारलाई सशर्त, समपुरक र विशेष गरी रु.२ अर्ब ३५ करोड ७८ लाख ५८ हजार फिर्ता गरेकोले वर्षको अन्तसम्म रु.१९ अर्ब ९५ करोड ८६ लाख ६० हजार मौज्दात देखिएको छ।

२२. **वित्तीय विवरण** - प्रदेश लेखा नियन्त्रक कार्यालय र मन्त्रालयहरूले पेस गरेको वित्तीय विवरण बीच एकरुपता हुनुपर्दछ। यो वर्ष प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत बार्षिक वित्तीय विवरण र मन्त्रालयहरूले पेस गरेको एकीकृत वित्तीय विवरण बीच देहायअनुसार प्रदेश लेखानियन्त्रक कार्यालयले देखाएको वित्तीय विवरण भन्दा मन्त्रालयहरूले विनियोजनतर्फ रु.१३ लाख ९३ हजार बढी, राजस्वतर्फ रु.१ करोड ११ लाख ३३ हजार घटी, धरौटीतर्फ रु.१६ लाख १५ हजार घटी र अन्य कारोबारतर्फ रु.२० लाख ५६ हजार बढी गरी रु.९२ लाख ९९ हजार घटी भएको वित्तीय विवरण पेस गरेका छन्। सो को कारण खुलाई हिसाब मिलान विवरण पेस हुनुपर्दछ।

(रु.हजारमा)

क्र.सं.	कार्यालयको नाम	प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरणअनुसार	मन्त्रालयको विवरणअनुसार	फरक (घटी/बढी)
१	**बिनियोजनतर्फ**	**२८२८६**	**२९६७९**	**-१३९३**
क.	प्रदेश नीति तथा योजना आयोग	२८२८६	२९६७९	-१३९३
२	**राजस्वतर्फ**	**१३१७८८१७**	**१३१६७६८४**	**१११३३**
क.	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१२८७४१७७	१२८६३२८३	१०८९४
ख.	उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय	३०४६४०	३०४४०१	२३९
ग.	संस्कृति तथा पर्यटन मन्त्रालय			
३	**धरौटीतर्फ**	**९१८१९७**	**९१६५८२**	**१६१५**
	खानेपानी ऊर्जा तथा सिचाई मन्त्रालय	९१८१९७	९१६५८२	१६१५
४	**अन्य कारोबारतर्फ**	**३२५२१३**	**३२७२६९**	**-२०५६**
	सामजिक विकास मन्त्रालय	३२५२१३	३२७२६९	-२०५६

क्र.सं.	कार्यालयको नाम	प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरणअनुसार	मन्त्रालयको विवरणअनुसार	फरक (घटी/बढी)
	कुल जम्मा फरक (१+२+३+४)	१४४५०५१३	१४४४१२१४	९२९९

२३. **खर्चको विश्लेषण -** प्रदेश लेखानियन्त्रक कार्यालयले प्रदेश आर्थिक ऐन, २०८० अनुसार चालु तथा पुँजीगत खर्च लेखाङ्कन गरेको छ। प्रदेश मातहतका कार्यालयले चालुतर्फ रु.२६ अर्ब २९ करोड ४ लाख ६५ हजार र पुँजीगततर्फ रु.३५ अर्ब ९१ करोड ८६ लाख १३ हजार गरी यो वर्ष कुल रु.६२ अर्ब ७० करोड ९० लाख ७८ हजार विनियोजन भएकोमा चालुतर्फ रु.१५ अर्ब ९७ करोड २५ लाख ३ हजार र पुँजीगततर्फ रु.२८ अर्ब ५४ करोड ७ लाख गरी रु.४४ अर्ब ५१ करोड ३२ लाख २ हजार खर्च भएको छ। चालूतर्फ बजेटको तुलनामा ६०.७५ र पुँजीगत खर्चतर्फ ७९.४६ प्रतिशत खर्च भएको छ। मन्त्रालयहरूले खर्च क्षमतामा वृद्धि गरी बजेट प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

२४. **सेवा तथा कार्यक्रमगत खर्च -** नेपाल सार्वजिनक क्षेत्र लेखामानअनुसार एकीकृत वित्तीय विवरणको साथमा सेवा तथा कार्यक्रमगत खर्चको एकीकृत विवरणसमेत पेस गर्नुपर्ने गरी वित्तीय विवरणको ढाँचा स्वीकृत भएको छ। प्रदेश लेखानियन्त्रक कार्यलयले पेस गरेको वित्तीय विवरणअनुसार आर्थिक मामिलामा ३६.६६ प्रतिशत, सामान्य सार्वजनिक सेवामा ३३.९३ प्रतिशत, आवास तथा सामुदायिक सुविधामा १४.५२ प्रतिशत खर्च गरेको छ भने मनोरञ्जन, धर्म र संस्कृतितर्फ १ प्रतिशत भन्दा घटी रकम खर्च गरेको देखिन्छ।

२५. **मन्त्रालयगत निकासा र खर्च -** मन्त्रालयगत निकासा र खर्चको विवरणअनुसार बागमती प्रदेशले यो वर्ष रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार खर्च गरेकोमध्ये केन्द्रीय स्तरका कार्यालय र मन्त्रालयगत निकासा र खर्चको विवरण निम्नानुसार छः

मन्त्रालय	निकासा/खर्च (रु.हजारमा)			प्रतिशत
	चालु	पुँजीगत	जम्मा	
प्रदेश व्यवस्थापिका	२०१३१६	१९२३५	२२०५५१	०.५
प्रदेश लोक सेवा आयोग	७२०१४	२९१०	७४९२४	०.१७
मुख्य न्यायाधिवक्ताको कार्यालय	१६९३४	१२६०	१८१९४	०.०४
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२४३११०	१०११२	२५३२२२	०.५७
आर्थिक मामिला तथा योजना मन्त्रालय	११८३१०	७२०५	१२५५१५	०.२८
कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१५५७१०२	४२३४७१	१९८०५७३	४.४५
खानेपानी, ऊर्जातथा सिँचाइ मन्त्रालय	३०७७९१	७१४८२३२	७४५६०२३	१६.७५
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१२२७२२	२८०१३५	४०२८५७	०.९१
पर्यटन, उद्योगतथा सहकारी मन्त्रालय	४५२९१०	१२०९२५१	१६६२१६१	३.७३
वन तथा वातावरण मन्त्रालय	८८२७७९	१४६०८५८	२३४३६३७	५.२७
भौतिक पूर्वाधार विकास मन्त्रालय	२७९५३४	१६५८५८७७	१६८६५४११	३७.८९
सामाजिक विकास मन्त्रालय	२३९७५००	७४६७९४	३१४४२९४	७.०६
स्वास्थ्य मन्त्रालय	२७२९४०५	५९८३७०	३३२७७७५	७.४८
श्रम, रोजगारतथा यातायात मन्त्रालय	४०४८६७	४४६०७	४४९४७४	१.०१
प्रदेश नीति तथा योजना आयोग	२५९०४	२३८३	२८२८७	०.०६
स्थानीय तहलाई हस्तान्तरण	६१६०३०५	०	६१६०३०५	१३.८४
बागमती प्रदेश	**१५९७२५०३**	**२८५४०७००**	**४४५१३२०३**	**१००**

उपर्युक्त तथ्यअनुसार सबैभन्दा बढी विनियोजन बजेटको ३७.८९ प्रतिशत भौतिक पूर्वाधार विकास मन्त्रालयले र सबै भन्दा घटी ०.०४ प्रतिशत मूख्य न्यायाधिवक्ताको कार्यालयले खर्च गरेको देखिन्छ।

२६. **जिल्लागत निकासा र खर्च -** जिल्लागत निकासा र खर्चको विवरणअनुसार यो वर्ष मकवानपुर जिल्लामा सबै भन्दा बढी २०.६४ प्रतिशत र सबैभन्दा घटी रसुवा जिल्लामा ०.९२ प्रतिशत मात्र विनियोजन भएको छ।

जिल्ला	निकासा /खर्च रु हजारमा			जिल्लागत प्रतिशत
	चालु	पुँजीगत	जम्मा खर्च	
दोलखा	७१२८९७	२९८४५५	१०११३५२	२.२७
रामेछाप	७२२३१८	१६८९८०९	२४१२१२७	५.४२
सिन्धुली	८९६७५२	१८४७६७४	२७४४४२६	६.१७
काभ्रेपलान्चोक	१३८९९८१	४००९८८१	५३९९८६२	१२.१३
सिन्धुपाल्चोक	८३५७१०	३३०७०४५	४१४२७५५	९.३१
रसुवा	२६६९६५	१४३५६१	४१०५२६	०.९२
नुवाकोट	१०१७९१८	२९४८९४६	३९६६८६४	८.९१
धादिङ	१४२२०७३	३१८४०४३	४६०६११६	१०.३५
चितवन	१२२११७९	२५४९२३२	३७७०४११	८.४७
मकवानपुर	४६१२५५१	४५७४८५१	९१८७४०२	२०.६४
भक्तपुर	६२६३५८	११२३५०७	१७४९८६५	३.९३
ललितपुर	९४८८८९	१४९६६७७	२४४५५६६	५.४९
काठमाण्डौ	१२९८९११	१३६७०१९	२६६५९३०	५.९९
जम्मा	**१५९७२५०२**	**२८५४०७००**	**४४५१३२०२**	**१००**

स्रोतको बाँडफाँट र परिचालन गर्दा आवश्यकता, जनसंख्या, विकासको अवस्था र क्षेत्रगत सन्तुलनको पक्षलाई ध्यान दिनुपर्दछ।

२७. **वित्तीय विवरणमा खुलासा -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित)को टिप्पणी खण्डमा एकीकृत वित्तीय विवरणको विभिन्न प्रकारका २५ टिप्पणीमार्फत खुलासा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेस गरेको २०८०।८१ को एकीकृत वार्षिक वित्तीय विवरणअनुसार अनुदान, सरकारी कोषहरूको प्रवाह विवरण, नगद मौज्दात, सोधभर्ना हुने ऋण र अनुदान, बजेटमा समावेश नभएको तेस्रो पक्ष सहायता, जिन्सी तथा सम्पत्तिको बजेटरी र गैरबजेटरी निकायको विवरण, खर्चको प्रतिवद्धताको हिसाब, लिन र उठ्न बाँकी रकम, संभाव्य दायित्व र जमानतको विवरणमा कुनै खुलासा गरेको छैन। आवश्यक तथ्याङ्क तथा सूचना टिप्पणीमार्फत खुलासा गर्नुपर्दछ।

२८. **छुटको लेखाङ्कन -** नेपाल सार्वजनिक क्षेत्र लेखामानको टिप्पणी नं.२३ मा राजस्व खर्च र छूटको विवरण एकीकृत वित्तीय विवरण साथ पेस गर्नुपर्ने व्यवस्था छ। बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले रु.१ करोड ६ लाख ३७ हजार राजस्व छुट दिएको र रु.४ लाख ७३ हजार राजस्व फिर्ता गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सोको लेखाङ्कन गरी प्रतिवेदन पेस गरेको छैन। राजस्व छुट र खर्चसमेत एकीकृत वित्तीय विवरणमा समावेश हुनुपर्दछ।

२९. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकारअन्तर्गतका

कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने र आन्तरिक लेखापरीक्षणबाट औल्याइएका वेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराई बाँकी बेहोरा मात्र अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश सरकार मातहतका ३४१ कार्यालयको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.६८ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु.२८ करोड ६६ लाख ७६ हजार, म्याद नाघेको पेस्की रु.१९ करोड २३ लाख ६६ हजार गरीसमेत रु.४८ करोड ५८ लाख ७५ हजार बेरुजु कायम भएको छ। कानुनी व्यवस्थाअनुसार अन्तिम लेखापरीक्षण हुनु अगावै वेरुजु फर्स्यौंट गर्नुपर्दछ।

३०. **पेस्की –** प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७८अनुसार म्याद भित्र पेस्की फर्स्यौंट नगरेमा वार्षिक १० प्रतिशतका दरले व्याजसमेत असुल गर्नुपर्ने र विभागीय कारबाही गर्न सक्ने व्यवस्था छ। सो नियमावलीको नियम ८३ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको आधारमा तालुक निकायले प्रचलित कानुनको आधारमा कारबाही गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयगत पेस्की वाँकीको विवरण (अनुसूची- ८.५)अनुसार प्रदेश सरकारअन्तर्गतका ९ मन्त्रालयमा रु.९१ करोड ८७ लाख २१ हजार म्याद ननाघेको पेस्की र रु.२६ करोड ७३ लाख ४ हजार म्याद नाघेको पेस्की गरी जम्मा रु.१ अर्ब १८ करोड ६० लाख २५ हजार रहेको देखिन्छ। तर आन्तरिक लेखापरीक्षणबाट कायम भएको मन्त्रालयगत बेरुजु र पेस्कीको विवरण (*अनुसूची ९.१*) अनुसार म्याद नाघेको पेस्की रु.१ करोड ९२ लाख ३७ हजार देखाएकोले आन्तरिक लेखापरीक्षकले देखाएको म्याद नाघेको पेस्की र वित्तीय विवरणअनुसारको पेस्की बीचको फरक रु.२४ करोड ८० लाख ६७ हजार हिसाव समायोजन गरी आर्थिक कार्यविधि नियमावलीअनुसार समयमा पेस्की फर्स्यौंट हुनुपर्दछ।

३१. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ (३) मा प्रत्येक कार्यालयले सरकारी सम्पत्तिको अभिलेख राख्ने, त्यस्तो अभिलेखको वार्षिक रूपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्नुपर्ने र प्राप्त प्रतिवेदनको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अध्यावधिक गरी एकीकृत जिन्सी तथा सम्पत्तिको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आश्विन मसान्तभित्र पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको एकीकृत सम्पत्तिको विवरण पेस गरेको छैन। प्रदेश एकीकृत वार्षिक वित्तीय विवरणको टिप्पणी नम्वर ११ मा रु.६३ करोड ४ लाख ५२ हजारको भवन र संरचना, रु.५ अर्ब ११ करोड ५१ लाख १२ हजारको मेसिनरी र उपकरण, रु.३३ करोड ८१ लाखको अन्य संरचना, रु.५ लाख २९ हजारको वहुमुल्य धातु र रु.१ करोड ४६ लाख ६८ हजारको अनुत्पादित सम्पत्तिसमेत जम्मा रु.६ अर्ब ९ करोड ८८ लाख ६१ हजार सम्पत्ति रहेको छ। सबै कार्यालयहरूको जग्गा तथा अन्य सबै प्रकारका सम्पत्तिको अद्यावधिक विवरण पेस हुनुपर्दछ।

३२. **कार्य सञ्चालन कोष (विविध) -** एकीकृत वित्तीय विवरणको अनुसूची ७.८ वमोजिम विविधकोषतर्फ गत वर्षसम्म रु.८४ करोड ४३ लाख ९७ हजार मौज्दात रहेकोमा यो वर्ष रु.१ अर्ब ३ करोड ९१ लाख ३४ हजार थप भई रु.१ अर्ब ८८ करोड ३५ लाख ३१ हजार पुगेकोमा यो वर्ष रु.१ अर्ब १२ करोड ५ लाख २८ हजार खर्च भई वर्षको अन्तसम्म रु.७६ करोड ३० लाख ३ हजार मौज्दात रहेको छ। प्रदेश सामाजिक विकास मन्त्रालयमा रहेको विविध कोष खाता भित्र कोरोना कोष, वाल आपतकालिन संरक्षण कोष, पर्यटन भ्रमण कोष र युवा वैज्ञानिक प्रोत्साहन कोष नामका ४ कोषहरूमा गतवर्षसम्म रु.३२ करोड २ लाख ९ हजार मौज्दात रहेकोमा यो वर्ष रु.३९ लाख ३९ हजार खर्च भएको छ। सञ्चालनमा नरहेको र प्रयोजन समाप्त भएको कोषहरू वन्दगरी मौज्दात रकम प्रदेश सञ्चित कोषमा रकम

फिर्ता ल्याउनु पर्दछ।

३३. **तलवी प्रतिवेदन -** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा स्थानीय तहहरूले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालय तथा यसअन्तर्गतका प्रदेश लेखा इकाईहरूले २०८०।८१ का लागि प्रदेशअन्तर्गतका १८ कार्यालयहरूका कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी पारिश्रमिक र सुविधामा रु.२० करोड ८५ लाख ९८ हजार खर्च गरेका छन्। प्रदेशअन्तर्गतका ११६ स्थानीय तहहरूको तलबी प्रतिवेदन उल्लिखित कानुनी व्यवस्था बमोजिम पारीत भएको छैन। ऐनमा भएको व्यवस्थाको पालना गरी स्थानीय तहका कर्मचारीको तलबी प्रतिवेदनसमेत पारित हुने व्यवस्था गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लेख भएको बर्षको अन्तमासमेत रकमान्तर गरेको, नीति तथा कार्यक्रम पुर्ण रुपमा कार्यान्वयन नभएको, रकमान्तरलाई कानुनको सीमाभित्र नराखेको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कार्यक्षेत्रअनुसार बजेट विनियोजन नगरी सङ्घीय कार्यालयलाईसमेत बजेट विनियोजन गरेको, जनशक्ती व्यवस्थापन नभएको, बजेट कार्यान्वयन नभएकोलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण-** मन्त्रालय र मातहतसमेत १४ निकायमा लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा, सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण,
- प्रादेशिक व्यापार पूर्वाधार निर्माण, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण अध्ययन तथा अनुसन्धान,
- खानी तथा खनिज पदार्थको अन्वेषण एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, नगद सङ्कलन, अभिलेखांङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय,
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा,
- कलकारखाना, औद्योगिकीकरण,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन,
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी,
- उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्धन, उपभोक्ता जागरण कार्यक्रम एवं सो सम्बन्धमा सङ्घ र स्थानीय तहसँग समन्वय।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत १५ निकायको निम्नानुसार रु.६७ करोड ७८ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३४७३३३	२६१००८	१५९९०	५३५३५	६७७८६६

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा र खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	९२७५८	१२०६२७	५६६८१	४६.९८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	५८५	१२६९	३११	२४.५१
२२१०० सेवा महसुल	४३५०	५९६४	४३६९	७३.२६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१५७९५	२५८४०	१९३५२	७४.८९
२२३०० कार्यालय सामान तथा सेवाहरू	११५८३	१६१२७	१३४७१	८३.५२
२२४०० सेवा तथा परामर्श खर्च	२८१३६	४०१३७	२९९७१	७४.६७
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	११४९१३	१४०३३४	१०७६२१	७६.६९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	८४४९	१०५३६	७२१२	६८.४५
२२७०० विविध खर्च	२५८१	३७४३	३४९५	९३.३७
२६४००अन्य संस्थालाई सशर्त पुँजीगत अनुदान	५१५५	६५९५	४९६५	७५.२८

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा र खर्च	खर्च प्रतिशत
२८१००घरभाडा	६२४९२	६२४९२	५००४६	८०.०८
चालु खर्च जम्माः	३४६७९७	४३३६६४	२९७४९४	६८.५९
३११००स्थिर सम्पत्ति प्राप्ति खर्च	९७४५५	८१०७०	४९८३९	६१.४७
पुँजीगत खर्च जम्माः	९७४५५	८१०७०	४९८३९	६१.४७
कुल जम्माः	**४४४२५२**	**५१४७३४**	**३४७३३३**	**६७.४७**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६८.५९, पुँजीगततर्फ ६१.४७ र समग्रमा ६७.४७ प्रतिशत खर्च भएको देखिन्छ।

३. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८०।८१ को नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रममध्ये उद्योग प्रशासनलाई सेवाग्राही एवं प्रविधि मैत्री बनाउने, उपभोक्ताको हक हित संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा, आधारभूत गुणस्तर कायम गर्न अनुगमनलाई नियमित एवं प्रभावकारी बनाउने, प्रदेशमा स्थापना हुने उद्योगको लागि भौतिक पूर्वाधारहरूको प्रबन्ध गरी लगानी मैत्री वातावरण सिर्जना गर्ने, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिने, नव प्रवर्तन उद्यमी सम्मेलन सञ्चालन गर्ने, उद्यमी सम्मानको मापदण्ड तर्जुमा गर्ने, हस्तकला ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तर्जुमा गर्ने प्रशासनलाई विद्युतीय कारोवारमा आबद्ध गर्ने, प्रदेशमा उद्योग स्थापना र लगानी मैत्री वातावरण सिर्जना गर्ने, वाणिज्य क्षेत्रका केही ऐन कानुन, दिग्दर्शन तर्जुमा गर्नेलगायतका विषयहरू कार्यान्वयनमा आउन सकेका छैनन्। नीति तथा कार्यक्रमअनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट कार्यान्वयन** - प्रदेशको यो वर्षको बजेट वक्तव्यमा मन्त्रालयले सम्पादन गर्ने कार्यहरूमध्ये उद्योग प्रशासनलाई सेवाग्राही एवं प्रविधि मैत्री बनाउने, उद्योगको लागि भौतिक पूर्वाधारहरूको प्रबन्ध गरी लगानी मैत्री वातावरण सृजना गर्ने, हस्तकलाग्राम निर्माणका लागी सम्भाव्यता अध्ययन सम्पन्न गर्ने जस्ता १८ कार्यक्रम उल्लेख गरेकोमा भौतिक पूर्वाधारका लागि पर्याप्त बजेट विनियोजन हुन नसक्दा कार्यक्रम कार्यान्वयन हुन नसकेको, उच्च मुल्य न्यून तौलका औद्योगिक वस्तुको उत्पादन सम्भाव्यता अध्ययन हुन नसकेको, गुणस्तर प्रयोगशालाको विस्तृत आयोजना प्रतिवेदन तयारी, जग्गाको भौगोलिक सूचना प्रणाली डाटावेससहितको लगत तर्जुमा कार्यक्रम, अन्य क्षेत्रगत उद्योग, खानी भूमि प्रशासन सम्बन्धी कार्यक्रम कार्यान्वयन हुन सकेका छैनन्। बजेटमा उल्लेख गरिएका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

५. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधनलगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्नेमा मन्त्रालयले आफ्नो र मातहत कार्यालयकोसमेत जिन्सी निरिक्षण प्रतिवेदन एकीकृत रुपमा तयार गरी साविकमा सङ्घीय सरकार अन्तर्गत रहेका सडक, भवन, सिँचाइलगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन। कानुनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख तथा संरक्षणको व्यवस्था गर्नुपर्दछ।

घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौं

६. **अन्य संस्थाको लागि विनियोजन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २० (१) मा प्रत्येक कार्यालयले बजेट तर्जुमा दिग्दर्शन र परिपत्रको अधीनमा रही उपयुक्त कार्यक्रम गर्न लक्ष्य निर्धारण गरी सोको आधारमा आगामी वर्षको बजेट पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बजेट प्रस्ताव गर्दा कार्यान्वयनका लागि खरिद योजना, खरिद विधि तय गरी आफैंले सञ्चालन गर्नुपर्ने र आफैंले नसक्ने अवस्थामा खरिद कानुनबमोजिम प्रतिस्पर्धाको आधारमा सेवा प्रदायक छनोट गरी सञ्चालन गर्नुपर्दछ। नियमावलीले तोकेको खर्च प्रक्रिया अवलम्बन नगरी अन्य निकायको नाममा बजेट विनियोजन गरी ती निकायमार्फत् देहायको तालिम सञ्चालन गरेको देखियो।

(रु.हजारमा)

गैरसरकारी संस्थाको नाम	कार्यक्रमको नाम	कृयाकलाप	विनियोजित रकम	खर्च रकम
मंगलादेवी सिंह फाउन्डेसन	मंगलादेवी सिंह फाउन्डेसनमार्फत महिला उद्यमी क्षमता विकास	सिलाई कटाई १, बेकरी तालिम १, कपडा झोला बनाउने तालिम, ब्युटिसियन तालिम २	२० लाख	१९ लाख ५१ हजार
घरेलु तथा साना उद्योग महासङ्घ	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सि.टि.ई.भि.टि.) र घरेलु तथा साना उद्योग महासङ्घको सहजीकरणमा फेब्रिक पेन्टिङ्ग कार्यक्रम	३ महिने सिप परीक्षण कार्यक्रम	६ लाख	६ लाख

उल्लिखित तालिम कार्यक्रम कार्यालयले सञ्चालन नगरी अन्य निकायको नाममा बजेट विनियोजन गरी खर्च गरेको छ। नियमको व्यवस्थाबमोजिम बजेट विनियोजन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा बजेटको कार्यान्वयन, नीति तथा कार्यक्रम कार्यान्वयनलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेत १५ निकायमा रु.५५ लाख ८९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु.२ लाख १७ हजार फर्स्यौट भई प्रतिकृयाबाट रु.३० हजार थपसमेत रु.५४ लाख २ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी,
- कृषि औद्योगिकीकरण, कृषि औजार कारखाना तथा पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्धन
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,
- कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन,
- कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउविजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण र प्रमाणीकरण,
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,
- कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,
- कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था,
- कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,
- कृषि बजार, पूर्वाधार र कृषि फार्म/केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन,
- राष्ट्रिय नीति र मापदण्डबमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण र खारेजी,
- चरन तथा खर्क सम्बन्धी।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ३७ निकायको निम्नानुसार रु.७ अर्ब ९० करोड ३० लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१९८०५७४	५६५९९८९	११८८२२	१४३६५८	७९०३०४३

यो वर्ष मन्त्रालय मातहत १ समिति तथा अन्य संस्थाको रु.१९ करोड ६० लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	३७३५९२	३७३९९२	२३४७८५	६२.७८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४९७५	४९७५	२११६	४२.५३
२२१०० सेवा महसुल	१९७९१	१९९४१	१५३८३	७७.१४

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	७७४८४	७८३९८	७०४०५	८९.८०
२२३०० कार्यालय सामान तथा सेवाहरू	३४७७०	३४७७०	३०८०२	८८.५८
२२४०० सेवा तथा परामर्श खर्च	११७१९३	११७१९३	८३६८६	७१.४१
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१८९८१०२	१४९०७८०	१०६९०५१	७१.७१
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	२७१२५	२७७२५	२३८६४	८६.०८
२२७०० विविध खर्च	११६६८	११६६८	१०८९३	९३.३६
२६४०० सामाजिक सेवा अनुदान	७६०००	७६०००	४२६९	५.६२
२७२०० सामाजिक सहायता	९२७१	९२७१	८३२८	८९.८३
२८१०० सम्पत्ति सम्बन्धी खर्च	४४९४	४४९४	३५१८	७८.२८
चालु जम्माः	**२६५४४६५**	**२२४९२०८**	**१५५७१०२**	**६९.२३**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	७२५७१६	७२१६८५	४२३४७२	५८.६८
पुँजीगत जम्माः	**७२५७१६**	**७२१६८५**	**४२३४७२**	**५८.६८**
कुल जम्माः	**३३८०१८१**	**२९७०८९३**	**१९८०५७४**	**६६.६६**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६९.२३,पुँजीगततर्फ ५८.६८ र समग्रमा ६६.६६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **वार्षिक नीति तथा कार्यक्रम –** प्रदेश सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये खोरेत रोग विरुद्धको खोप अभियान, बीमा कार्यक्रम, दूध, मासु, तरकारीमा प्रदेशलाई आत्मनिर्भर तुल्याउने, राहत वितरण, दुध तथा बीउमा अनुदान, लागत साझेदारी मोडेलमा शीतभण्डार निर्माणलगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन।

४. **बजेट कार्यान्वयन** – यो वर्षको बजेट वक्तव्यमा उल्लेख गरिएका कार्यक्रममध्ये काठमाडौं उपत्यकाभित्र कृषि बजार व्यवस्थापन, २० हेक्टरमा माछापालन कार्यक्रम, शीत भण्डार निर्माण, प्राङ्गारिक मल कारखाना स्थापना, रासायनिक मल कारखाना सञ्चालनलगायतका पूर्वाधार विकास कार्यक्रमको लागि रु.४३ करोड १५ लाख विनियोजन भएकोमा कार्यान्वयन भएको छैन। विनियोजित बजेट प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

५. **रकमान्तर –** विनियोजन ऐन, २०८० को दफा ३(३)अनुसार १० प्रतिशतभन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने र दोश्रो चौमासिकसम्म यस्ता रकमान्तर गरी सक्नुपर्ने उल्लेख छ। मन्त्रालय तथा मातहतका कार्यालयको सुरु बजेट (संशोधित) रु.३ अर्ब ३८ करोडमध्ये थप/घट भई रु.२ अर्ब ९७ करोड ८ लाख ९३ हजार अन्तिम बजेट कायम गरेको छ। सुरु बजेटबाट रु.४० करोड ९४ लाख ८ हजार अर्थात १३.७८ प्रतिशत (आषाढ १८ गते) वर्षान्तमा आर्थिक मामिला मन्त्रालयमार्फत अन्य मन्त्रालयमा रकमान्तर गरेको देखिन्छ। कानुनले तोकेको सीमामा रही रकमान्तर गर्नुपर्दछ।

६. **बहुवर्षीय आयोजना** – यो वर्षको बजेट तथा कार्यक्रमको बुँदा नम्बर ४२ मा प्रविधि र पूर्वाधारमार्फत कृषि क्षेत्रको रूपान्तरणका लागि लगानी वर्षको रुपमा घोषणा गरी बहुवर्षीय आयोजनामा बजेट विनियोजन भएको छ। मन्त्रालय र मातहतका निकायबाट कार्यान्वयन भएका ४ ठूला आयोजनाहरूमध्ये शीतभण्डारहरूको निर्माण ५४ प्रतिशत रहेको, दुध पाउडर प्लान्टको कार्य सम्पन्न भएको तर उत्पादनको मोडालिटी पूर्व निर्धारण हुन नसक्दा सञ्चालनमा अन्योलता देखिएको, वायो मेडिकल सस्टेन्सियवल

ल्यावको कार्यसमेत तोकिएको समयमा सम्पन्न हुन सक्ने अवस्था नरहेको, जिल्लाका भेटेरीनरी अस्पतालहरूको निर्माण कार्य अधुरो अवस्थामा रहेका छन्। बहुवर्षीय आयोजना सम्पन्न हुने समय अवधिमा औसत ३० प्रतिशत मात्र निर्माण कार्य भएको छ। कृषि प्रविधिको विकास एवं प्रविधिको पहुँचका लागि यस्ता आयोजना तोकिएको समयमा पूरा गर्न प्रदेश सरकारले आवश्यक स्रोतको व्यवस्था एवं सञ्चालनको मोडालिटी यकिन गरी सेवा तथा वस्तु उत्पादनको कार्ययोजनासहित प्रदेश सरकारको लगानीलाई प्रतिफलयोग्य बनाउनुपर्दछ।

७. **कार्यक्रम अनुदान** – यो वर्षको स्वीकृत वार्षिक कार्यक्रमबमोजिम पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमार्फत कार्यान्वयन हुने गरी अनुदान वितरण कार्यक्रमतर्फ रु ५ करोड २ लाख २२ हजार खर्च भएको छ। मन्त्रालयले वितरित अनुदानहरू पाउने समूह, संस्था, फर्मको नाम, छनोट विधि उल्लेख नभएको, र वितरण कार्य पारदर्शी नभएको देखिन्छ। कार्यविधिमा दोहोरो अनुदान नलिएको, उद्यमको पूर्वाधारमा आवस्यक लगानी भएको, व्यवसायलाई निरन्तरता दिएको, स्वरोजगारी सृजना, आय आर्जनलगायतका तोकिएका मापदण्ड पुरा गर्नेलाई मात्र अनुदान वितरण गरी सोको अनुगमन तथा सार्वजनिकिरण गर्नुपर्दछ।

८. **बीउपुँजी व्यवस्थापन** - बीउपुँजी परिचालन कार्यविधि, २०८० को बुँदा नं. ५ मा बिउपुँजी परिचालन समिति, बुँदा नं. ८ मा बिउपुँजीको अधिकतम सीमा, बुँदा नं. ९ मा फिर्ता हुने अवधि तोकेको छ। यो वर्ष मन्त्रालय रअन्तर्गतका कार्यालयसमेतबाट ६ कृषक समूह तथा ब्यावसायिक फर्मलाई सम्झौताबमोजिम रु.८ करोड २८ लाख ६८ हजार बीउपुँजी वितरण गरेको छ। बीउपुँजी वितरणको अभिलेख अध्यावधिक गरी उपयोग सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

९. **कार्य सञ्चालन कोष** - मन्त्रालयले पेस गरेको कार्यसञ्चालन कोषको वित्तीय विवरणमा कार्यसञ्चालन कोषतर्फ गत वर्षको मौज्दात रु.७ करोड १६ लाख ५८ हजार रहेकोमा गत विगत वर्ष देखि उक्त कोष निस्क्रिय रहेको कारण चालु वर्षमासमेत आम्दानी तथा खर्च भएको छैन। गत विगतदेखि कोषमा निष्क्रिय मौज्दात सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

१०. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधनलगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ। त्यस्तो लगत आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले आफ्नो र मातहत कार्यालयकोसमेत जिन्सी प्रतिवेदन एकीकृतरुपमा तयार गरेको छैन। कानुनमा व्यवस्था भएबमोजिम सम्पत्तिको एकीकृत लगत अभिलेख तयार गरी सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

११. **राहत वितरण** - कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०७९बमोजिम कृषि तथा पशुपन्छी क्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट नकारात्मक असर पुगेका कृषि पेशालाई पुर्नस्थापना गर्न र पीडित कृषक परिवारलाई राहत उपलब्ध गराउन राहत व्यवस्थापन तथा निर्देशन समितिको स्वीकृति तथा राहत व्यवस्थापन सिफारिस समितिको सिफारिसमा मन्त्रालयले यो वर्ष ४१ पशुपन्छी फर्मलाई रु.१ करोड ७ लाख ८५ हजार र ३४ कृषि फर्मलाई रु.११ लाख ७९ हजारसमेत रु.१ करोड १९ लाख ६४ हजार राहत वितरण गरेको छ। त्यसै गरी कार्य सञ्चालनस्तरका कार्यालयहरूले वितरण गरेको रु.३ करोड २८ लाख ३६ हजारसमेत रु.४ करोड ४७ लाख ९९

हजार राहत वितरण गरेको प्रगति विवरणमा उल्लेख छ। कृषकलाई वितरीत राहत रकमबाट क्षति पुर्नस्थापना भई कृषकको उत्पादनमा बढोत्तरी भएको, पेशा व्यवसायमा सुधार भई थप उत्पादन एवं उत्पादकत्व वृद्धि भएको सम्बन्धमा मन्त्रालयले अनुगमन मूल्याङ्कन गरेको छैन। राहत वितरण गर्दा व्यवसायीले स्थानीय तहको समन्वय र सहकार्यमा गरेको बीमा र सो को दाबी दोहोरो नपरेको सुनिश्चित गरेर मात्र खर्च लेख्ने व्यवस्था मिलाउनु पर्दछ।

१२. **शीतभण्डार निर्माण -** शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७८ को बुँदा नं.१(३)अनुसार ७० प्रतिशत मन्त्रालय तथा ३० प्रतिशत साझेदार संस्थाको लागत सहभागितामा प्रदेश अन्तर्गत स्थानीयस्तरमा शीत भण्डार स्थापना गर्न २०७५।७६ देखि १ जिल्ला १ शीत भण्डार कार्यक्रम स्वीकृत गरेको छ।

प्रदेश सरकार र साझेदार संस्थाहरूसँगको सहकार्यमा एक वर्षभित्र निर्माण सक्ने गरी २०७६।३।२५ मा पहिलो चरणमा ८, २०७७।१०।१३ मा दोस्रो चरणमा २ र २०७९।३।३० मा तेस्रो चरणमा २ समेत १२ शीत भण्डार निर्माणका लागि प्रदेश सरकारको रु.१ अर्ब ६ करोड लगानी रहने गरी निर्माण सञ्चालनका लागि सम्झौता भई कार्यान्वयनमा आएकोमा ६ स्थानमा निर्माण सम्पन्न भएका छन्। सम्पन्न भएका शीत भण्डारहरू हस्तान्तरण र सञ्चालन भएका छैनन्। मन्त्रालयले सम्पन्न भएकाको हकमा सञ्चालन मोडालिटी बनाएर सञ्चालनमा ल्याउने र निर्माण सम्पन्न हुन बाँकीको हकमा तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

कृषि विकास निर्देशनालय

१३. **बीउपुँजी परिचालन -** बीउपुँजी परिचालन कार्यविधि, २०८० को परिच्छेद ३ को बुँदा नं ८ (२) मा कृषि व्यवसाय सम्बन्धी उत्पादन, प्रशोधन र बजारीकरणको लागि बोर्ड/निर्देशनालय/ कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा परियोजनाको लगानी बढीमा ५० प्रतिशत वा स्वीकृत कार्यक्रमका लक्ष्य र बजेटलाई आधार मानी अधिकतम रु.१ करोडसम्म बीउपुँजी उपलब्ध गराउन सकिने तथा स्वीकृत बीउपुँजी लाभग्राहीलाई व्यावसायिक योजनाबमोजिम तीन किस्तामा उपलब्ध गराउने उल्लेख छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन् ;

१३.१. कृषि विकास निर्देशनालय, हेटौंडाले सम्झौता भएका ९ सहकारी संस्था तथा लाभग्राही समूहलाई ३ किस्तामा अनुपातिक रुपमा उपलब्ध गराउनुपर्ने रु.१ करोड ५५ लाख ७९ हजार वर्षान्तमा एकमुष्ठ रुपमा बीउपुँजी उपलब्ध गराएको देखियो। सो कार्यक्रम २०८१।८२ बाट स्थगन भएकोले बीउपुँजी जोखिममा परेको छ।

१३.२. सोही निर्देशिकाको बुँदा.नं. ९ मा बीउपुँजी फिर्ता अवधि र सेवा शुल्क सम्बन्धी व्यवस्थामा बीउ पुँजी रकम ५ वर्षको लागि हुने व्यवस्था भएकोमा जिल्ला कृषि विकास कार्यालय, सिन्धुलीले अनुदान वितरणमा कृषि फर्म सञ्चालन गरिरहेका ३ कृषकलाई प्रति फर्म रु.१० लाखका दरले रु.३० लाख बीउ पुँजी दिएकोमा सो कार्यक्रम २०८१।८२ बाट स्थगन भएकोले बीउपुँजी जोखिममा परेको छ। वितरीत अनुदान रकमको अभिलेख राखी असुल गर्नुपर्दछ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

१४. **कृषि तथा पशुपन्छी अनुदान** - निर्देशनालयले यो वर्ष कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धनलगायत कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। सोहीबमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरणमा स्वीकृत कार्यक्रमअनुसार यो वर्ष ३६ उद्यम समुहलाई रु.६ करोड २२ लाख ७ हजार खर्च भएको छ। यसरी अनुदान वितरण गर्दा कार्यक्रमका लाभग्राहीले दोहोरो अनुदान नलिएको स्वघोषणा गरेको तथा निर्देशनालयले अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटबाट सार्वजनिकिकरण गरेको छैन। अनुदान वितरणबाट वस्तुहरूको उत्पादनमा आएको वृद्धि, स्वरोजगारी सृजना, जीवनस्तरमा आएको सुधारसमेत देखिने गरी नियमित अनुगमन भएको छैन। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनका लागि अनुदानग्राहीको विवरण सार्वजनिकिकरण गर्ने, कार्यक्रममा अनुदान दिने मोडेल परिवर्तन गरी उत्पादनका आधारमा नगद अनुदानको कार्यान्वयन गरी लाभग्राहीलाई जाने अनुदानको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

१५. **बीउँपुँजी परिचालन कार्यक्रम**- बीउपुँजी परिचालन कार्यविधि, २०८० को परिच्छेद ३ को बुँदा नं ८ (२) मा कृषि व्यवसायसम्बन्धी उत्पादन, प्रशोधन र बजारीकरणको लागि बोर्ड/निर्देशनालय/ कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा परियोजना लगानी बढीमा ५० प्रतिशत वा स्वीकृत कार्यक्रमका लक्ष्य र बजेटलाई आधार मानी अधिकतम रु.१ करोडसम्म बीउपुँजी उपलब्ध गराउन सकिने तथा स्वीकृत बीउपुँजी लाभग्राहीलाई व्यावसायिक योजनाबमोजिम बीउपुँजी तीन किस्तामा उपलब्ध गराइने पहिलो किस्ता सम्झौता भएपछि १० प्रतिशत, व्यावसायिक योजनाबमोजिम ५० प्रतिशत, कार्य सम्पन्न पश्चात स्वीकृत बीउपुँजीको ४० प्रतिशत तथा व्यावसायिक कार्ययोजनाबमोजिम शतप्रतिशत कार्य सम्पन्न पश्चात बीउपुँजीको बाँकी ५० प्रतिशत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने उल्लेख छ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले १० सहकारी फर्म तथा लाभग्राही समुहलाई रु.२ करोड ८१ लाख ८६ हजार, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिन्धुलीले १७ किसानलाई निजहरूले व्यवसायको संरचना निर्माण कार्य सम्पन्न पश्चात पाँच वर्ष चालु हुने गरी रु.६७ लाख ८७ हजार, नुवाकोटले ९ फर्मलाई गाई भैंसी पालनको लागि रु.३५ लाख ६७ हजार, ३ फर्मलाई ट्राउट माछापालनको लागि रु.१४ लाख ५२ हजार र १ बाख्रा फार्मको लागि रु.४ लाख ३४ हजारसमेत रु.४ करोड ४ लाख २६ हजार बीउपुँजी परिचालनको लागि अनुदान दिएको छ। यसरी बिउ पुँजी परिचालन भैसकेपछि उक्त कार्यक्रम स्थगन भएको छ। उक्त बीउपुँजी रकम जोखिममा परेको देखिएकोले सो को अभिलेख राखी असुल गर्नुपर्दछ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू

१६. **पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम** - कृषि, पशुपन्क्षी तथा मत्स्यसम्बन्धी जिल्लाबाट सञ्चालित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुँदा नं. १७ मा साझेदार संस्थाले चौमासिक रुपमा कार्यसम्पादन भएको १ वर्षसम्म प्रगति प्रतिवेदन कार्यालयमा पठाउनुपर्ने र कार्यालयले चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ। साझेदार संस्थालाई पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमअन्तर्गतका भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धादिङ्गले ४ वर्गमा रु.७५ लाखमध्ये खरी जातको बाख्रा विकास कार्यक्रमतर्फ २ सहकारीलाई रु.१५ लाख, पशुपालनमा

असल अभ्यास कार्यक्रमतर्फ १ सहकारीलाई रु.१५ लाख, चौरी पालन प्रवर्धन कार्यक्रमतर्फ १ सहकारीलाई रु.१५ लाख र बंगुर पालन प्रर्वधन कार्यक्रमतर्फ ३ पशुपालन फर्मलाई रु.१५ लाख अनुदान वितरण गरेकामा उक्त कार्यक्रम तोकिएबमोजिम कार्यान्वयन गरी वार्षिक प्रतिवेदन पेस गरेको छैन। अनुदानको उपयोगबाट पशुपन्छीको उत्पादन तथा उत्पादकत्वमा आएको वृद्धि, रोजगारी सृजनालगायतका विषय अध्ययन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१७. **अनुदान वितरण** - बागमती प्रदेश सरकारद्वारा जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा नं.११(६) मा कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन अवस्था सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलापअनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएकोलगायतका विषय अनुगमन गर्नुपर्ने व्यवस्था छ। भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङ्गले गत विगत वर्षमा लाभग्राही कृषक समूहलाई अनुदान वितरण गर्दै आएकोमा यो वर्ष १२ कृषक समूहलाई रु.६ करोड ८९ लाख ४४ हजार अनुदान वितरण गरेको छ। वितरित अनुदान रकमको अद्यावधिक अभिलेख राखी कार्यसम्पादन तथा उपलब्धिको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्नुपर्दछ।

कृषि विकास कार्यालय, चितवन

१८. **कृषक समूह/सहकारीलाई अनुदान** - कार्यालयले यो वर्ष रु.९ करोड ४ लाख विभिन्न किसिमको अनुदान खर्च गरेकोमा सोमध्ये ८८ कृषक समूह तथा सहकारीलाई रु.३ करोड ८८ लाख ८७ हजार प्रदान गरेको छ। अनुदान प्राप्त गर्ने कतिपय सहकारीहरू ऋण तथा बचतको कारोवारसमेत गर्नेगरी दर्ता भएको पाइयो। अनुदानको उपयोग प्रभावकारी भए नभएको सुनिश्चित हुनुपर्दछ।

१९. **प्रवर्धनात्मक कार्यक्रम सञ्चालन –** प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यको बुँदा नं.३८ मा कृषि व्यवसाय सञ्चालनका लागि बाली वस्तु उत्पादन, प्रशोधनात्मक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। यो वर्ष मातहतका कार्यालयबाट कृषक समूहलाई व्यवसाय प्रवर्धनका लागि कृषि विकास कार्यालय चितवनले सयपत्री फूल खेतीका लागि रु.२२ लाख १५ हजार, तेलहन बाली प्रवर्धन कार्यक्रमका लागि रु.३४ लाख ३१ हजार, चैतेधान, बर्षे धान प्रवर्धन कार्यक्रमका लागि रु.९३ लाख ४४ हजार, व्यावसायिक तरकारी खेती प्रवर्धन कार्यक्रमका लागि रु.८४ लाख ९ हजार र मकै बाली प्रवर्धन कार्यक्रमका लागि रु.९९ लाख ६४ हजारसमेत रु.३ करोड ३३ लाख ६५ हजार खर्च गरेकोमा अनुगमन गरी प्रतिवेदन पेस भएको छैन। प्रवर्धनात्मक कार्यक्रमले पारेको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ।

प्रदेश दुग्ध विकास बोर्ड

निजी, सरकारी तथा सहकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरणमार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नको लागि प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ तथा प्रदेश दुग्ध विकास बोर्ड नियमावली, २०७६ बमोजिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र सञ्चालन भएको छ।

२०. **आम्दानी र खर्च** - प्रदेश दुग्ध विकास बोर्डले पेस गरेको यो वर्षको आय-व्यय स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

गत वर्षको जिम्मेवारी	यो वर्षको आम्दानी	जम्मा आम्दानी	यो वर्ष खर्च	वर्षान्तको मौज्दात

१,७२,५७	१७,८८,३४	१९६०९१	१८,९४,३२	६६,५९

२१. **दुग्ध प्रशोधन उद्योग -** प्रदेशले पाउडर दुध उत्पादन गर्ने कारखाना स्थापना गरेकोमा देखिएका बेहोरा देहायअनुसार छन्,

२१.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेसनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था छ। बोर्डले कन्टिन्जेन्सी र वर्किङ्ग क्यापिटलको रकमबाहेक रु.४२ करोड ६१ लाख ३३ हजारको लागत अनुमान गरेकोमा सोलाई प्रमाणित हुने कागजात संलग्न गरेको छैन। त्यसैगरी भारतको एक कम्पनीबाट उत्पादित वोइलर, बाटर सफ्टेनिङ प्लान्ट, चिस्यान प्रणाली, एमा कम्प्रेसर, पाइप र फिटीङ, न्यूमेरीक भल्भ, युटिलिटी सेवा र इटीपी प्लान्टसमेत भारतीय रुपैंया १४ करोड ६० लाख ५ हजार र सोमा ५ प्रतिशत जडान खर्च एवं ईन्टर कनेक्टीङ पाइपको थप मूल्यलाई आधार लिने गरी कागजात तयार गरे तापनि रु.३५ करोड भन्दा बढी लागत अनुमान भएको मुख्य प्लान्टको लागत अनुमानको स्पष्ट आधार खुलेको प्रमाण देखिएन। यसबाट लागतमा परेको असर सम्बन्धमा यकिन गरी पेस गर्नुपर्दछ।

२१.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (२क) मा निर्माण कार्यको ड्रइङ, डिजाइन तथा स्पेशिफिकेसन आदि थप/घट गर्नुपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रगति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा खुलाई भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ। ठेक्का सम्झौता भैसकेपछि माटो परीक्षण गर्दा प्लान्ट निर्माण गर्ने स्थलमुनि ग्याँस फेला परेकोले प्रतिवेदनको आधारमा परिवर्तन ड्रइङ तथा डिजाइन तत्कालीन कृषि तथा सहकारी मन्त्रालयका सचिवबाट स्वीकृत भएको छ। ड्रइङ डिजाइन र स्थान परिवर्तन हुँदा प्रथम पटक रु.२ करोड ५ लाख ४८ हजार र दोस्रोपटक रु.४ करोड ५ लाख ४ हजारसमेत रु.६ करोड १० लाख ५३ हजार भेरिएसन थप भएको छ। एक निर्माण व्यवसायीसँग प्लाण्ट निर्माणको लागि रु.४१ करोड २२ लाख ७१ हजारमा सम्झौता भएकोमा १४.८१ प्रतिशत थप भई संशोधित सम्झौता रु.४७ करोड ३३ लाख २४ हजार पुगेको छ। सोको कार्य मूल्याङ्कनअनुसार रु.४७ करोड २५ लाख ६० हजार भुक्तानी भएको छ। निर्माण स्थल यकिन नगरी ठेक्का लगाएको कारण निर्माण स्थलमा परिवर्तन भई भेरिएशन गर्दा रु.६ करोड १० लाख ५३ हजार थप व्ययभार परेको छ।

२१.३. दुग्ध विकास संस्थानमार्फत उद्योग सञ्चालनमा रहेकोमा उद्योगको प्लान्ट रहेको भवन निर्माण साँघुरो ढाँचामा गरेकोले मेसिन उपकरणमा पुग्न र हिँडडुल गर्ने पर्याप्त स्थान देखिएन। प्लान्टमा मौज्दात रहेको नौनी घ्यू र धुलो दुध भण्डारण गर्ने स्थानको अभाव रहेको, आपूर्ति भएका १ र ५ किलोग्राम प्याकिङ गर्ने मेसिनहरू स्थान अभावका कारण जडान नगरेको, धुलो दुध खुद्रा विक्री गर्न नसकेको, ट्याङ्की र प्याकेजिङ गर्ने उपकरण जडान नभएको एवं पर्याप्त दुध आपूर्ति नभएकोले उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्था देखिन्छ।

२१.४. उद्योग स्थापना पुर्व सञ्चालन मोडिलिटी अध्ययन गरी स्वीकृत पश्चात उद्योग स्थापना गर्नुपर्दछ। बोर्डले उद्योग स्थापना सञ्चालन कार्यविधि मस्यौदा गर्न एक एडभाइजरीमार्फत सामुदायिक निजी सहकारी साझेदारी ढाँचामा सन्चालन गर्ने कार्यविधिको मस्यौदा तयार गरेको छ। जसअनुसार वार्षिक रु.३ करोड ८ लाख सञ्चालन लागत लाग्ने र उद्देश्य अनुरुप सञ्चालन हुँदा रु.८ करोड आम्दानी हुने उल्लेख छ। तर सो

उत्पादन गर्न आवश्यक जनशक्ति, सञ्चालन मापदण्ड निर्धारण गरी अनुगमन र मूल्याङ्कनको प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्नेमा सोसम्बन्धी कार्य गरेको छैन। यसरी स्थापना पूर्व नै सञ्चालन सम्बन्धमा सम्बद्ध पक्षको अध्ययन गरी सोअनुसार सम्भाव्यता यकिन गरेर मात्र बजेट व्यवस्था र निर्माण प्रकृया सुरु गर्नुपर्नेमा उद्योग स्थापनापछि मात्र सञ्चालन मोडालिटिको खोजी गरेको उपयुक्त देखिएन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन, बीउपुँजी परिचालन रकमान्तर, अनुदान, शीतभण्डार भेरिएशनलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेत ३३ निकायमा रु.८ करोड ६९ लाख ९७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु.३१ हजार फर्स्यौंट गरेकोले रु.८ करोड ६९ लाख ६६ हजार बेरुजु देखिएको छ। सोमध्ये रु.६ करोड ९७ लाख ४८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
    - अन्य संस्थातर्फ १ निकायको रु.७० लाख ५७ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट नभएकोले रु.७० लाख ५७ हजार बेरुजु देखिएको छ। सोमध्ये रु.९ लाख ६९ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची--१०** मा छ।

खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश स्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भार,
- प्रदेश स्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवाशुल्कको आधार निर्धारण,
- ऊर्जा, विद्युत, सिँचाइ सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजनाबमोजिम प्रदेश सीमा नदीका जलउत्पन्न सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा र कार्यान्वयन,
- प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी र सञ्चालन,
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
- जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन,
- प्रदेशस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता योजना कार्यान्वयन, मर्मत संभार, सेवा शुल्क निर्धारण, सम्बन्धी,
- खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी,
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी सरसफाई तथा स्वच्छतामा पिछडिएको वर्गको पहुँच सुनिश्चितता गर्ने।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत २२ निकायको निम्नानुसार रु.८ अर्ब ४० करोड ४१ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७४५६०२३	१४६३२	९१८१९७	१५२६५	८४०४११७

२. **बजेट तथा खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छ :

(रु.हजारमा)

शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	२५७३०२	२५७०२७	१८०४६५	७०.२१
२१२००कर्मचारीको सामाजिक सुरक्षा	३६२९	३६२९	१२४९	३४.४२
२२१००सेवा महसुल	९४१९	९४६४	६३१६	६६.७४
२२२००पुँजीगत सम्पत्तिको सञ्चालन र	२५७३०	२६६३०	२३६०३	८८.६३

शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२२३००कार्यालय सामान तथा सेवाहरू	१०५८३	१०५८३	७९९५	७५.५५
२२४००सेवा तथा परामर्श खर्च	५७०१८	५८६९९	५२०२७	८८.६३
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१०६०५	३११७९	१७५९९	५६.४५
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	८५९०	८८०५	८०६१	९१.५५
२२७०० विविध खर्च	५१६८	५१६८	३९८१	७७.०३
२८१००सम्पत्ति सम्बन्धी खर्च	७३६५	७३६५	६४९३	८८.१६
२८९०० भैपरी आउने चालु खर्च	३६००	१०३४	०	०.००
जम्मा चालु खर्च	३९९००९	४१९५८३	३०७७९१	७३.३६
३११०० स्थीर सम्पत्ति प्राप्ति खर्च	७०६७४००	७७५९२६२	७१४८२३२	
जम्मा पुँजीगत खर्च	७०६७४००	७७५९२६२	७१४८२३२	९२.१३
कुल जम्मा	७४६६४०९	८१७८८४५	७४५६०२३	९१.१६

उल्लिखित विवरणअनुसार चालुतर्फ ७३.३६ पुँजीगततर्फ ९२.१३ र समग्रमा ९१.१६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **बजेट कार्यान्वयन -** यो वर्ष बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रममध्ये निर्माण सम्पन्न खानेपानी तथा सिँचाइ योजनाहरूको दिगोपना र नियमित मर्मत सम्भारको निम्ति उपभोक्ताहरूलाईसमेत जिम्मेवार बनाउने, प्रदेश राजधानी हेटौंडा, सङ्घीय राजधानी काठमाण्डौंलगायत उपयुक्त स्थानमा जलपुनर्भरणका लागि पोखरी र बाँध निर्माण गर्ने, स्थानीय तहको सहलगानीमा आयोजना निर्माण गर्ने, इन्द्रेणी एकीकृत वस्ती संरक्षण योजना, प्रदेशभित्र पर्याप्त रूपमा स्वच्छ गुणस्तरीय र भरपर्दो खानेपानी तथा सरसफाइ सेवाको संरक्षण, सम्बर्द्धन र नियमनको लागि खानेपानी तथा सरसफाइ ऐन तर्जुमा गर्नेलगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

४. **योजना कार्यान्वयन** – विनियोजित बजेटअनुसार तोकिएका योजना कार्यान्वयन गर्नुपर्नेमा मन्त्रालयका अन्तर्गतका २३ योजना तथा कार्यक्रममध्ये ९ योजनाको शुन्य प्रगति देखिएको छ। त्यसैगरी यो वर्ष कार्यान्वयनका लागि प्रस्ताव गरिएकामध्ये ११७ परियोजना सञ्चालन हुन नसकी रु.९ करोड ३९ लाख खर्च हुन सकेको छैन। बजेट विनियोजन गरिएका योजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **प्रदेश गौरबको आयोजना-** प्रदेश सरकारले प्रदेश गौरबको आयोजनाको रुपमा २०७९।०६।०६ मा स्वीकृत गरेको दोलखा जिल्ला, जिरीको ४० मिटर अग्लो आर.सी.सी.ड्यामसहितको १० लाख १५ हजार घनमिटर क्षमताको रु.३ अर्ब ११ करोड लागत अनुमान रहेको मानव निर्मित ताल ६ वर्षमा निर्माण गर्ने लक्ष्य राखेको देखिन्छ। योजना कार्यान्वयन गर्न २०७९।८० मा रु.१५ करोड र यो वर्ष रु.२० लाख विनियोजन भएकोमा खर्च भएको छैन। आयोजनाको पूर्वतयारी, श्रोतको यथोचित व्यवस्थापन, अन्तरनिकाय समन्वय र सरोकारवालाहरूसँग समन्वय गरेर प्रदेश गौरवका योजना सञ्चालन गर्नुपर्दछ।

६. **समन्वय -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० मा खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले कार्यक्षेत्रभित्रका कानुन निर्माण र सञ्चालन गर्दा समन्वय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको अतिरिक्त सङ्घीय सरकारका निकाय तथा स्थानीय तह र तिनका वडाहरू एवं गैर सरकारी संस्थाबाटसमेत आ-आफ्नो तवरले खानेपानी र सिँचाइका योजना सञ्चालन हुने गरेको छ। मन्त्रालयले खानेपानी र सिँचाइतर्फका योजना तर्जुमा, सञ्चालन एवं पाईप वितरण गर्दा सङ्घीय सरकारका निकाय तथा सम्बन्धित

स्थानीय तह र अन्य सम्बद्ध पक्षसँग आवश्यक समन्वय र सहकार्यको स्पष्ट खाका तयार गरी कार्यक्रममा दोहोरोपना नहुने गरी आयोजना सञ्चालन गर्नुपर्दछ।

७. **पेस्की -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२(३)अनुसार लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटीलगायत सबै वित्तीय विवरण लिई एकीकृत हिसाव तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको यो वर्षको अन्त्यमा रु.११ करोड ९१ लाख ८५ हजार बाँकी रहेको मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पेस गरेको बागमती प्रदेश सरकारको एकीकृत वार्षिक वित्तीय विवरणअनुसार म्याद ननाघेको रु.५ करोड ४४ लाख १० हजार र म्याद नाघेको रु.१ करोड १४ लाख ९६ हजारसमेत रु.६ करोड ५९ लाख ६ हजार पेस्की बाँकी देखिएकोले रु.५ करोड ३२ लाख ७९ हजार फरक परेको छ।

यसैगरी मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयमा रु.१ करोड १४ लाख ९६ हजार म्याद नाघेको पेस्की बाँकी देखिएकोमा आन्तरिक लेखापरीक्षणबाट म्याद नाघेको पेस्की रु.१ करोड ४० लाख देखाएकोले दुई विवरण बीच म्याद नाघेको पेस्की रु.२५ लाख ४ हजार फरक परेको छ। मन्त्रालयले मातहत कार्यालयकोसमेत पेस्की यकिन गरी यथार्थ अभिलेख तयार गर्नुपर्दछ।

८. **जिन्सी तथा सम्पत्ति -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९(२)अनुसार मन्त्रालयले सरकारी सम्पत्तिको एकीकृत प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत विवरणमा खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयमा भवन तथा संरचना, मेसिनरी औजार र उपकरण, उत्पादित जैविक सामान, अन्य संरचनाहरू, अनुत्पादित सम्पत्तिहरूसमेत रु.५९ करोड ६८ लाख १९ हजारको सम्पत्ति देखाएको छ। मन्त्रालयले भवन तथा संरचना, मेसिनरी उपकरण, उत्पादित जैविक साधन, अन्य संरचनालगायतका जिन्सी सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन। सम्पत्तिको अभिलेख अद्यावधिक गरी संरक्षणको प्रवन्ध गर्नुपर्दछ।

९. **भुक्तानी दिन बाँकी -** प्रदेश आर्थिक कार्यविधी नियमावली, २०७६ को नियम ४१(७) मा उपनियम ६बमोजिम भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरेको तलव भत्ता एवं सम्झौताबमोजिमको रकम चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा भुक्तानी दिन सक्ने व्यवस्था छ। खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले यो वर्ष रकमान्तर पश्चात पुँजीगततर्फ रु.७ अर्ब ७५ करोड ९२ लाख ६२ हजार अन्तिम बजेट कायम गरेकोमा रु.७ अर्ब १४ करोड ८२ लाख ३२ हजार खर्च भएकोमा वर्षको अन्तमा सार्वजनिक निर्माणतर्फ रु.२ करोड ९५ लाख ८७ हजार भुक्तानी दिन बाँकी रहेको छ।

१०. **प्रतिवद्धताको लेखाङ्कन -** महालेखा नियन्त्रक कार्यालयले कार्यालय एवं आयोजनाको संविदात्मक दायित्व (कन्ट्रयाक्टचुयल ल्याविलिटी) समेतको लेखाङ्कन गर्न टिप्पणी नं.१४ मा खर्चको प्रतिवद्धताको विवरण राख्ने व्यवस्था गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यस मन्त्रालयको रु.४ अर्ब १४ करोड ८३ लाख ७ हजारको संविदात्मक दायित्व रहेकोमध्ये यो वर्षसम्म रु.१ अर्ब ४८ करोड ४१ लाख २१ हजार भुक्तानी गरी रु.२ अर्ब ६६ करोड ४१ लाख ८५ हजार बाँकी रहेको छ। मन्त्रालयले स्रोत सुनिश्चितता गरी माताहतका कार्यालयहरूले बहुवर्षीय आयोजनाहरू सञ्चालन गरेता पनि एकीकृत विवरणमा सो विषय समावेश गरेको छैन।

११. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने उल्लेख छ।एकीकृत आर्थिक विवरणअनुसार सुरु विनियोजित बजेट रु.७ अर्ब ४६ करोड ६४ लाख ९ हजार रहेकोमा रु.७१ करोड २४ लाख ३६ हजार (९.५४ प्रतिशत) रकमान्तर थप गरी रु.८ अर्ब १७ करोड ८८ लाख ४५ हजार अन्तिम बजेट कायम गरेको छ। प्राप्त रकमान्तर/ कार्यक्रम संशोधनको विवरणअनुसार प्रादेशिक कार्यालयतर्फ यो वर्ष ७७५ योजनामा रु.१ अर्ब ६७ करोड ४६ लाख ६० हजार थप गरेकोमा ७१८ योजनाको रु.९८ करोड २७ लाख ९८ हजार घटाएको देखिन्छ। मन्त्रालयमा बजेट विनियोजन भैसकेपछि रु.६९ करोड १८ लाख ६२ हजार थप गरेको र सङ्घीय सरकारतर्फ प्राप्त रकमबाट यो वर्ष २४६ योजनाको रकम घटाई १३३ योजनामा रु.१६ करोड ५१ लाख ७३ हजार थप गरेको छ।

१२. **योजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार र आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार यो वर्ष सिँचाइ तथा तटबन्धतर्फको रु.१ अर्ब ९९ करोड ६५ लाख ५० हजारका १ हजार ५७५ र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयतर्फ रु.१ अर्ब ३७ करोड ७८ लाख ५० हजारका १ हजार ५४८ आयोजनासमेत रु.३ अर्ब ३७ करोड ४४ लाखका ३ हजार १२३ योजना उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न गरेकोमा त्यस्ता आयोजनाहरू सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन। निर्माण सम्पन्न योजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

१३. **पाइप तथा फिटिङ्गस सापटी -** नेपाल सरकार (सचिवस्तर) को २०६२।३।२१ को निर्णयबाट पाइप तथा फिटिङ्गस/औजार खरिद गर्दा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा खरिद गर्ने नापी किताबमा सामानको खर्च चढाएका आधारमा जिन्सी खाताबाट मौज्दात घटाउनेलगायतका व्यवस्था भएतापनि सापटी दिने लिने व्यवस्था छैन। साइज र स्पेसिफिकेशनअनुसार पाइप तथा फिटिङसको योजनागत प्राप्ति, खर्च तथा बाँकी देखिने गरी मन्त्रालयले अभिलेख राख्ने प्रणालीको विकास गरेको छैन। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय मकवानपुरले विभिन्न योजनाको रु.४ करोड ११ लाख ७५ हजार, धादिङ्गले रु.५ करोड २७ लाख ६५ हजार, सिन्धुपाल्चोकले रु.३३ लाख ६ हजार, रामेछापले रु.३७ लाख ८८ हजार र भक्तपुरले रु.१ करोड १९ लाख १२ हजारसमेत रु.११ करोड २९ लाख ४६ हजारको पाइप तथा फिटिङ्गस सामग्री एक आयोजनाले अर्को आयोजनामा सापटी दिई खर्च देखाएका छन्। सापटी अभिलेख व्यवस्थित राखी वर्षान्तमा सोको हिसाब मिलान गर्नुपर्दछ।

१४. **पाइप तथा फिटिङ्गस मौज्दात-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६(१)(क) मा खरिद गर्नुपर्ने मालसमान भण्डारमा मौज्दात रहे/नरहेको यकिन गर्नुपर्ने साथै स्वीकृत कार्यक्रम वमोजिम जडानसमेतलाई विचार गरी पाईप तथा फिटिङ्गस खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष खानेपानी तथा सरसफाई डिभिजन कार्यालय मकवानपुरले रु.७२ लाख ४४ हजार, धादिङले रु.३ करोड ४३ लाख १२ हजार, सिन्धुपाल्चोकले रु.२ करोड ४८ लाख ५८ हजार, रामेछापले रु.६ करोड ३६ लाख ३७

हजार र भक्तपुरले रु.२ करोड ५४ लाख ४७ लाखसमेत रु.१५ करोड ५४ लाख ९८ हजारको पाइप तथा फिटिङ्गसको मौज्दात राखेको देखिन्छ। सो मौज्दातको परिमाण खुलाई नापी कितावमा खर्च जनाएको प्रमाण पेस गर्नुका साथै वर्षान्तमा मौज्दात रहने गरी पाइप तथा फिटिङ्गस खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१५. **उपभोक्ताको न्यून सहभागिता**- सङ्घीय मन्त्रालयबाट हस्तान्तरित जलवायु अनुकुलित खानेपानी आयोजनाहरू सञ्चालन गर्दा कुल लागत अनुमानको ९० प्रतिशत कार्यालयले व्यहोर्ने र बाँकी १० प्रतिशतमध्ये ९ प्रतिशत श्रम सहभागिता र १ प्रतिशत नगद सहभागिता गर्नुपर्ने व्यवस्था छ। यो वर्ष खानेपानी, तथा सरसफाई डिभिजन कार्यालय धादिङ्गका ५ योजनामा रु.४ लाख ३२ हजार, रामेछापका १६ योजनामा रु.१२ लाख ८७ हजार र भक्तपुरका ५ योजनामा रु.१७ लाख १२ हजार गरी रु.३४ लाख ३१ हजार सम्झौता भन्दा न्यून सहभागिता भएको अवस्थामासमेत कार्य स्वीकार गरी उपभोक्तालाई भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ।

१६. **गुणस्तर** - नेपाल गुणस्तर तथा नापतौल विभागको २०८०।३।३१ को पत्रमा साविकको नेपाल गुणस्तर (एन.एस.४०-२०४२)लाई एन.एस.४०-२०७९ ले प्रतिस्थापन गरेको उल्लेख भएअनुसार यस मन्त्रालयले २०८०।४।८ मा परिपत्र गरी सोहीअनुसारको उच्च घनत्व भएको पोलिथिन(एच डि पि ई) पाइपको गुणस्तर कायम राख्नुपर्ने उल्लेख गरेको छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङ्गले २०८० श्रावणदेखि फाल्गुणसम्मको विभिन्न २३ खरिदमा रु.५ लाख ६९ हजार मुल्यको घटी परिमाणमा पाइप प्राप्त हुने गरि पुरानै नेपाल गुणस्तर लागू गरेको छ। तोकिएअनुसारको गुणस्तर पालना हुनुपर्दछ।

१७. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१)बमोजिम बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमानको बोलपत्रमार्फत खरिद गर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गतका खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रामेछापले ६५ योजनामा रु.५ करोड ८८ लाख ८७ हजार, धादिङ्गले २९ योजनामा रु.२ करोड ७६ लाख १८ हजार र मकवानपुरले १० योजनामा रु.७८ लाख ६१ हजार गरी १०४ योजनामा रु.९ करोड ४३ लाख ६६ हजारको सोझै खरिद गरेको छ। कानुनी व्यवस्थाअनुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

१८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी काम टुक्रयाउन नहुने र नियम २९(१)(क)अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रामेछापले यो वर्ष १३५ योजनामा रु.४ करोड ६० लाख ४१ हजार, धादिङ्गले १३७ योजनामा रु.३ करोड १२ लाख ६१ हजार, भक्तपुरले १८७ योजनामा रु.६ करोड ३४ लाख ४२ हजार, मकवानपुरले ५९ योजनामा रु.२ करोड ९४ लाख १५ हजारसमेत ३९८ योजनामा परामर्श सेवामा रु.१७ करोड १ लाख ५९ हजार खर्च गरेको देखिन्छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले विनियोजनतर्फ यो वर्ष रु.९३ करोड ८७ लाख खर्च गरेकोमा रु.६ अर्ब २१ करोड २१ लाख ४७ हजार लागत अनुमान लाग्ने गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ। विभागीय जनशक्तिको

उपयोग गरी परामर्शदाता माथिको निर्भरता घटाई अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिने र परामर्शदाताबाट प्राप्त प्रतिवेदन उपयोगको सुनिश्चितता हुनुपर्दछ।

१९. **अधुरा योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेर कामको प्रगति नगरेमा पेस्की जमानत प्राप्त गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालो सूचीमा राख्नेलगायतको व्यवस्था छ। मन्त्रालयअन्तर्गतका मकवानपुरसमेत ५ खानेपानी तथा सरसफाई डिभिजन, कार्यालयहरूले यो वर्ष पाँच वर्षभन्दा बढी अवधिका १०४ योजनामा रु.१ अर्ब ४६ करोड ६७ लाख २१ हजार खर्च गरेकोमा त्यस्ता योजनाहरू सम्पन्न भएको देखिएन। सोमध्ये खानेपानी तथा सरसफाई डिभिजन रामेछापले स्वीकृत कार्यक्रमबमोजिम २०७०।७१ भन्दा अगाडिदेखि सुरुगरी हालसम्म सम्पन्न नभएका ३० योजनामा रु.४९ करोड ३५ लाख ६५ हजार खर्च गरेको र आगामी वर्ष रु.५४ करोड ६२ लाख ४० हजार भुक्तानी दिन बाँकी दायित्व सारेको छ। खरिद सम्बन्धी कानुन र सम्झौताबमोजिम ठेक्का सम्पन्न एवं फरफारक गर्नुपर्दछ।

जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय

२०. **विस्तृत परियोजना प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद विधि निर्धारण गर्ने व्यवस्था रहेको र दफा ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी सेवा खरिद गर्नुपर्ने तथा यस्तो खरिदमा आवश्यकताको पहिचानसमेत गर्नुपर्ने व्यवस्था छ।साथै सोही ऐनको दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा बाह्य जनशक्तिमार्फत परामर्श सेवा लिन सकिने व्यवस्था छ। यो वर्ष सिँचाइ विकास डिभिजन कार्यालय मकवानपुर, सिन्धुली, काठमाडौँलगायत ११ कार्यालयले ४८ परियोजनामा विस्तृत परियोजना प्रतिवेदनबापत रु.१ करोड ६० लाख ८२ हजार खर्च गरेका छन्। सोमध्ये ४ जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालयले रु.२ अर्ब ९५ करोड ५० लाख ३ हजार लागत अनुमान भएको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको देखिन्छ। सबै कार्यालयबाट परियोजनाको कुल लागत खुलेको विवरण प्राप्त नहुँदा आगामी वर्षहरूमा बजेट व्यवस्थापनमा पर्ने चापको विश्लेषण गर्न सकिएन्। तयार भएका प्रतिवेदनहरूको कार्यान्वयनको सुनिश्चतता हुनुपर्दछ।

२१. **कन्टिन्जेन्सी खर्च-** भौतिक पूर्वाधार मन्त्रालयले मातहतका कार्यालयको लागि तयार गरेको सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७८ मा लागत अनुमानको बढीमा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने र कन्टिन्जेन्सी रकमको वार्षिक कार्यक्रम बनाई मन्त्रालयको सचिवले स्वीकृत गर्नुपर्ने व्यवस्था छ। साविकमा भौतिक मन्त्रालय अन्तर्गत रहेको यस मन्त्रालयले कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरेको छैन। मन्त्रालयअन्तर्गतका १३ डिभिजनमध्ये जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, रामेछापबाहेक १२ कार्यालय यो वर्ष योजनागत अभिलेख नराखी रु.६ करोड ७७ लाख ३४ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। कन्टिन्जेन्सी खर्चको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा, विनियोजन दक्षता प्रभावकारी नभएको, पटक पटक रकमान्तर र कार्यक्रम संशोधन गरेतापनि लक्ष्यअनुसार खर्च हुन नसकेको, बजेट नीति तथा कार्यक्रममा उल्लेख भएका योजना तथा कार्यक्रम कार्यान्वयन नभएको, उपभोक्ताको योगदान घटी भएको, योजनाहरू अधुरो राखेको, पाइप तथा फिटिङ्गको मौज्दात बाँकी रहेकोमा जडान भएको प्रमाण पेस नभएको, सोझै खरिद गरेको, प्रदेश गौरव आयोजना, कार्यान्वयन नभएको परामर्श तथा विस्तृत परियोजना प्रतिवेदनलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत २२ निकायमा रु.११ करोड ४० लाख ४१ हजार बेरुजु देखिएकोमा प्रतिक्रयाबाट रु.४५ लाख ९३ हजार फस्यौट गरेकोले रु.१० करोड ९४ लाख ४८ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.६५ लाख १५ हजार म्याद नाघेको पेस्की बाँकी देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको भौतिक पूर्वाधार, सहरी तथा ग्रामीण पूर्वाधार विकास सम्बन्धी
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक पूर्वाधार प्रणालीको निर्माण, प्रवर्धन र विकास,
- रज्जुमार्ग, जलमार्गलगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्बन्धी तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन तथा सडक अधिकार क्षेत्र (राइट अफ वे) को संरक्षण,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी,
- प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रमुख सचिव तथा सचिवहरूको आवास पूर्वाधार व्यवस्थापन,
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण र आवास तथा भवन सम्बन्धी,
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन र सुरक्षित बसोवास सम्बन्धी,
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत १७ सरकारी कार्यालयको निम्नानुसार रु.१९ अर्ब १३ करोड ६९ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१६८६५४११	३३८३०४	१९२५०२४	८२१९	१९१३६९५८

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छ;

(रु.हजारमा)

शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	१७६४०७	१८२२२४	१११३१२	६१.०९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१३९८	१४१८	६८९	४८.५९
२२१०० सेवा महसुल	९४४१	१०२४२	६९३५	६७.७१
२२२०० पूँजिगत सम्पत्तिको सञ्चालन	३७८८४	३८८९०	३१९४२	८२.१३
२२३०० कार्यालय सामान तथा सेवाहरू	१७४६७	१८८९४	१५८९६	८४.१३
२२४०० सेवा तथा परामर्श खर्च	७३१३४	८५५०६	६७१८८	७८.५८
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	२८२७२	२९७५१	१४८१९	४९.८१
२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	१४५२०	१५०१०	१२८०४	८५.३०
२२७०० विविध खर्च	२०२२९	११६४४	६६५७	५७.१७

शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१३०३६	१४०८६	११२९२	८०.१६
जम्मा चालु खर्च	**३९१७८८**	**४०७६६५**	**२७९५३४**	**६८.५७**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२१२११२१३	२११९२११३	१६५२२४६२	७७.९६
३१४०० प्राकृतिक सम्पत्ति	६५०००	८९१००	६३४१५	७१.१७
जम्मा पुँजीगत खर्च	**२१२७६२१३**	**२१२८१२१३**	**१६५८५८७७**	**७७.९४**
कुल जम्मा	**२१६६८००१**	**२१६८८८७८**	**१६८६५४११**	**७७.७६**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६८.५७, पुँजीगततर्फ ७७.९४ र समग्रमा ७७.७६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **वार्षिक नीति तथा कार्यक्रम –** प्रदेश सरकारको २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये प्रदेश लोकमार्ग तथा प्रदेश मार्गको सडक अधिकार क्षेत्र तोकि राजपत्रमा प्रकाशन गर्ने, ट्राफिक समस्या समाधान गर्न फ्लाई ओभर, सब-वे, आकाशे पुल, उपमार्ग (वाइपास)लगायतको संरचना निर्माण गर्ने, लामो दुरीको झोलुङ्गेपुल निर्माणमा स्थानीय तहलाई प्रदेश सरकारले प्राविधिक सहयोग गर्ने, चियाबारी-खुर्कोट, टोखा-छहरे, साँखु फट्केश्वर, लामाटार-मान्दोभान, साँगा-पाँचखाल, भक्तपुर-कुन्तावेशी, हेटौंडा-चोभार, पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग निर्माण सम्बन्धमा सङ्घीय सरकारसंग सहकार्य गर्ने, काठमाडौं-हेटौडा रून्जु मार्गको पुननिर्माण गर्ने र सहरी यातायातलाई सहज बनाउन काठमाडौंसमेत प्रदेश राजधानीलगायत अन्य प्रमुख शहरहरूमा नदी परिपथ विकास गर्नेलगायतका कार्यक्रमको लागि बजेट विनियोजन भएको देखिएन। नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यहरूको लागि बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा उल्लेख भएकामध्ये काठमाडौं उपत्यकाको खार्स्याङ्गखुर्सुङ्ग खोला, महादेव खोला, हनुमन्ते खोला र हेटौंडाको कर्रा नदी कोरिडोर निर्माण, काठमाडौं उपत्यकाका भित्री शहर तथा उपयुक्त स्थानमा फ्लाई ओभर, सबवे, आकाशेपुल, उपमार्ग-इन्टरसेक्सन, मल्टीस्टोरेज पार्किङ्ग बिल्डिङ्गको निर्माणको अध्ययन गर्ने, विपी राजमार्गको पिन्ठालीबाट महाभारत गाउँपालिका हुँदै मदनभण्डारी सहायकमार्ग, झुरझुरे जोड्ने जनमुक्ति प्रादेशिक लोकमार्ग निमार्ण गर्नेलगायतका कार्यक्रममा बजेट विनियोजन नगरेका कारण कार्यान्वयन भएका छैनन्। वार्षिक बजेटमा कार्यान्वयनयोग्य कार्यक्रमहरू समावेश गर्नुपर्दछ।

५. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुनेगरी रकमान्तर गर्न नपाइने उल्लेख छ। यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रु.२१ अर्ब ६६ करोड ८० लाख १ हजार सुरु विनियोजन भएकोमा रकमान्तरबाट रु.६ अर्ब ३२ करोड ३७ लाख ३३ हजार थप गरेको र रु.६ अर्ब ३० करोड २८ लाख ५६ हजार घटाई अन्तिम बजेट रु.२१ अर्ब ६८ करोड ८८ लाख ७८ हजार कायम गरेको छ। प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ।

६. **परामर्श तथा विस्तृत परियोजना प्रतिवेदन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी खरिद कार्य टुक्राउन नहुने तथा २९(१) मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। विस्तृत परियोजना प्रतिवेदन तयारी पश्चात अभिलेख राखी कार्यान्वयनमा लैजानु पर्दछ। यो वर्ष पुलतर्फ १, सडकतर्फ ८ र भवनतर्फ ३ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न रु.१ करोड १५ लाख

९६ हजारको लागत अनुमान तयार गरी १२ परामर्शदातालाई रु.१ करोड २ लाख ७ हजार भुक्तानी दिएको छ। परामर्शदातामार्फत २०७८।७९ सम्म ५३० योजनाको विस्तृत आयोजना प्रतिवेदन तयारी गरी रु.४५ करोड ८६ लाख २९ हजार खर्च गरेकोमा गत वर्ष रु.४ करोड २५ लाख ३६ हजार र यो वर्ष रु.१ करोड २ लाख ७ हजारसमेत रु.५१ करोड १३ लाख ७२ हजार खर्च गरेको छ। यस्ता विस्तृत आयोजना प्रतिवेदनमध्ये २०७८।७९ सम्म २८८ योजना कार्यान्वयन भएकोमा गत वर्ष र यस वर्ष तयार भएका प्रतिवेदनको अभिलेख मन्त्रालयले राखेको छैन। आन्तरिक जनशक्तिबाट उक्त कार्य हुने नहुने विश्लेषण नगरी बाह्य जनशक्तिबाट कार्य गरेको, उस्तै प्रकृतिको परामर्श सेवा खरिद गर्दा प्याकेजिङ्ग गरी प्रतिस्पर्धाबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको छ। प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुका साथै तयार गरिएका विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।

७. **स-साना योजना -** वार्षिक आयोजना छनोट कार्यविधि, २०७८ को बुँदा नं.१३ मा सम्बन्धित मन्त्रालय र प्रदेश सरकारका निकायहरूलाई आयोजना छनोट गर्दा नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने खालका, बहुवर्षीय, क्रमागत, उत्पादकत्व वृद्धि, रोजगारी सृजना आय आर्जन र गरिबी निवारणमा योगदान गर्ने आयोजनाहरू छनोट गर्नुपर्ने र पहिलो प्राथमिकतामा परेका आयोजना कम्तीमा ५० प्रतिशत हुनुपर्ने उल्लेख छ। मन्त्रालय र मातहतका कार्यालय मार्फत् रु.२० लाख भन्दा घटीका १ हजार ८७६ (६०.८० प्रतिशत), रु.२० लाख देखि रु.५० लाखसम्मका ७७५ (२५.११ प्रतिशत) र ५० लाख भन्दा बढीका ४३५ (१४.०९ प्रतिशत)समेत ३ हजार ८६ योजना सञ्चालन भएको देखिन्छ। कार्यविधिअनुसार ठूला र प्रतिफलयुक्त योजना छनोट गर्नुपर्दछ।

८. **पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग -** प्रदेश गौरव आयोजनाको रुपमा २०७६।७७ को नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था भएअनुरुप भिमफेदी-कुलेखानीको ३.४२५ किलोमिटर खण्डमा सुरुङ्गमार्ग (पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग) निर्माण गर्न रु.२ करोड ७ लाख ५१ हजार खर्च गरी विस्तृत आयोजना प्रतिवेदनअनुसार परियोजनाको लागत अनुमान रु.१९ अर्ब ३२ करोड रहेको देखिन्छ। सो आयोजनाको लागि २०७७।७८ मा रु.२ करोड र २०७८।७९ मा रु.७५ करोड विनियोजन भएकोमा यो वर्ष बजेट विनियोजन भएको छैन। उक्त योजना हालसम्म पनि कार्यान्वयनमा आएको छैन। छनोट भएका गौरवका आयोजना कार्यान्वयन गर्नुपर्दछ।

९. **पुष्पलाल चक्रपथ** – छनोट भएको प्रदेश गौरवको आयोजनाको तोकिएको समयमा सम्पन्न हुने गरी कार्यान्वयन हुनुपर्दछ। सङ्घीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल चक्रपथ रामेछाप–दोलखा–सिन्धुपाल्चोक–नुवाकोट–धादिङ्ग–चितवन–मकवानपुर–सिन्धुली-काभ्रेपलान्चोक सम्मको सडक खण्डलाई पुष्पलाल चक्रपथ नामाकरण गरी २०७६।७७ मा मस्यौदा गुरुयोजना तयार गरेकोमा सडक रेखाङ्कन परिवर्तन गरी आदमघाट, धादिङ्ग-मकवानपुर, मनहरी कायम गरेको छ। संशोधित सडक खण्डको लागत अनुमान स्वीकृत भएको देखिएन। उक्त सडक निर्माणको लागि २०८०।८१ सम्म पूर्वाधार विकास कार्यालय धादिङ्गबाट रु.१९ करोड ३८ लाख र पूर्वाधार विकास कार्यालय चितवनबाट रु.८ करोड ५२ लाख खर्च भएकोमा योजनाको एकीकृत भौतिक र वित्तीय प्रगति तयार गरेको छैन। प्रदेश गौरवको आयोजनाको रुपमा रहेता पनि प्रदेश नीति तथा योजना आयोगमा सूचिकृत नभएको, लागत रकम र सम्पन्न हुने अवधि खुलेको छैन। समयमा प्रदेश गौरवको योजना कार्यान्वयन हुनुपर्दछ।

१०. **न्यून प्रगति** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौताबमोजिम काम नगरी बिचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी कारबाही प्रक्रिया अघि बढाउने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय चितवनले २०७४।७५ देखि २०७८।७९ सम्म ४ पुल निर्माण र चितवन, नुवाकोट,

ललितपुर, सिन्धुपाल्चोक र रामेछापले १२ सडक कालोपत्रे तथा स्तरोन्नती गर्न रु.२ अर्ब ६० करोड ५९ लाख ८६ हजारको खरिद सम्झौता गरेकोमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि पटक पटक गरी ५८ प्रतिशत देखि २५५ प्रतिशतसम्म थप हुँदासमेत रु.१ अर्ब ७५ करोड ६९ लाख ६३ हजार भुक्तानी भई भौतिक प्रगति ३० देखि ८० प्रतिशतसम्म र वित्तीय प्रगति २४ देखि ८० प्रतिशतसम्म रहेको देखिन्छ। काबू बाहिरको परिस्थिति बाहेक निर्माण व्यवसायीको कारण ढिला भएमा पूर्वनिर्धारित क्षतिपूर्ती लगाई कार्यसम्पन्न गर्नुपर्ने अन्यथा प्रचलित कानुन र खरिद सम्झौताबमोजिम ठेक्का फरफारक गर्नुपर्दछ।

यातायात पूर्वाधार निर्देशनालय

११. **सङ्घीय योजना** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा नियम २६ वमोजिम चौमासिक विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। वैकल्पिक सहायक प्रदेश राजमार्ग कार्यान्वयन योजना कार्यक्रम अन्तर्गत रु.५ लाखदेखि अधिकतम रु.१५ लाखसम्मका २४० सडक योजना कार्यान्वयन गर्न सङ्घीय सरकारबाट रु.१५ करोड २० लाखको बजेट व्यवस्था भएकोमा कार्यान्वयन भएको छैन। प्रदेशअन्तर्गतका १३ जिल्लामा सडक निर्माण गर्न बजेट प्राप्त भएतापनि न्यून विनियोजन भएको कारण देखाई योजना कार्यान्वयन हुन सकेको छैनन। बजेट विनियोजन भएका योजना कार्यान्वयन गर्नुपर्दछ।

पूर्वाधार विकास कार्यालयहरू

१२. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) मा सम्पन्न भएको क्रममा लागेको श्रम, सामग्री, र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी हुनपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

१२.१. सार्वजनिक खरिद अनुगमन कार्यालयको २०७६।९।१६ को पत्रानुसार बोलपत्र सम्बन्धी कागजातको मूल्य समायोजन डाटा सिटमा बोलपत्रदाताले कोफिसिएन्ट नभरी खाली छोडेमा निजलाई मुल्य समायोजन दिन नमिल्ने उल्लेख छ। खरिद सम्झौताको साधारण शर्त ५३.१ र विशेष शर्तअनुसार बोलपत्र पेस गर्दा मूल्य समायोजन डाटा सिट पनि पेस गर्नुपर्नेसमेत उल्लेख छ। पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोकमा एक निर्माण व्यवसायीले गेल्दुम गोल्माकोट सडकको बोलपत्र पेस गर्दा मुल्य समायोजन डाटा सिटमा कोफिसिएन्ट नभरी पेस गरेकोमा बोलपत्र मूल्याङ्कन समितिले कोफिसिएन्ट भर्न लगाएको र ठेक्का मूल्याङ्कन प्रकृयामा समावेश गर्ने निर्णय गरी मूल्य अभिवृद्धि करसहित रु.२५ लाख २७ हजार मूल्य समायोजन भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१२.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को नियम २(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा प्रत्येक मूल्य संरचनाको मूल्य समायोजन गर्न प्रयोग गरिने सम्वद्ध मूल्य सूची प्रयोग गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, रामेछापले लिखुतामाकोशी गाउँपालिका र गोकुलगंगा गाउँपालिका जोड्ने छतिवन पुल निर्माण गर्न एक संयुक्तउपक्रमसँग सम्झौता गरेकोमा आधार मूल्यसूचक र चालु मूल्यसूचक फरक छनोट गरेको कारण मुल्य समायोजन सूचकमा फरक पर्न गई छैंटौ रनिङ्ग विलसम्म मूल्य समायोजन रु.३ लाख ७३ हजार

भुक्तानी गर्नुपर्नेमा रु.८ लाख ९४ हजार भुक्तानी गरेकोले रु.५ लाख २२ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१२.३. पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकले मूल्य समायोजन भुक्तानी दिंदा सुरु सम्झौताअनुसार कार्यसम्पन्न गर्नुपर्ने अन्तिम मिति भन्दा १ महिना अघिको इन्डेक्समा मूल्य समायोजन सूचकांङ्क फ्रिज गरी भुक्तानी दिनु पर्नेमा सो नगरी पछिल्लो मितिको वृद्धि भएको इन्डेक्सको सूचकांङ्क प्रयोग गरी गणना गरेकोले बाह्रविसे-सुनकोशी-धुस्कुन-पिस्कर योजनाको रु.१५ लाख ८० हजार र सीताको थान-जुगु-झ्याक सडक स्तरोन्नतिको रु.११ लाख ३६ हजार गरी दुई निर्माण व्यवसायीलाई रु.२७ लाख १६ हजार मुल्य समायोजन बढी भुक्तानी गरेकोले असुल गर्नुपर्दछ।

१२.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२) (ग) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा मूल्य समायोजनको अधिकतम रकम सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। सम्झौताको र विशेष शर्त सम्झौतामा मूल्य समायोजनवापत अधिकतम १० प्रतिशत हुने उल्लेख छ।पूर्वाधार विकास कार्यालय नुवाकोटले बाराही शक्ति माध्यमिक विद्यालय वाडेर वस्नेत गाउँ सडक, बेलकोटगढी नगरपालिकाको सडक एक निर्माण व्यवसायीसँग २०७८।६।१३ मा रु.१५ करोड ६ लाख ९४ हजारमा खरिद सम्झौता गरेकोमा शर्तबमोजिम मूल्य समायोजनवापत अधिकतम दश प्रतिशतले हुने रु.१ करोड ५० लाख ६९ हजार भुक्तानी गर्न मिल्नेमा आठौं रनिङ विलसम्म मूल्य समायोजनवापत रु.१ करोड ९१ लाख ४९ हजार भुक्तानी भएकोले बढी भुक्तानी रु.४० लाख ८० हजार असूल गर्नुपर्दछ।

१३. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार आपूर्तिकर्ता, परामर्शदाता, निर्माण व्यवसायीको कारणले खरिद सम्झौता वमोजिम कार्य हुन नसके पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने र सम्झौताको साधारण शर्त ५५.१ मा कार्य सम्पन्न गर्नुपर्ने अवधिको पचास प्रतिशत अवधि भित्र सम्झौताको पचास प्रतिशत भौतिक प्रगति हुनुपर्ने र सोअनुसार तोकिएको काम हुन नसकेमा माइलस्टोनअनुसार पूर्वनिर्धारित क्षतिपूर्ति प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतले लगाउने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, धादिङ्गले मलेखु खोला कुडुल्ले सडक निर्माणका लागि २०८१।९।२३ मा कार्यसम्पन्न गर्ने गरी २०८०।३।२४ मा रु.२८ करोड ९ लाख ९० हजारको सम्झौता भएकोमा पचास प्रतिशत अवधिमा ५० प्रतिशत भौतिक प्रगति हुनुपर्ने गरी माइलस्टोन तोकेको छ। पचास प्रतिशत अवधि २०८१।१।१ मा समाप्त भएकोमा भौतिक प्रगति ४८.८३ प्रतिशत भएको देखियो। चौथो रनिङ विलको नापी मिति २०८१।२।३ मा भएको देखिदा ३३ दिन ढिला भएकोले प्रतिदिन रु ६२ हजार १६६ का दरले ३३ दिनको रु २० लाख ५१ हजार असुल गर्नुपर्दछ।

१४. **पेस्की जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) बमोजिम बैङ्क जमानतबाट प्राप्त राजस्व दाखिला गरी पेस्की फर्स्यौट गर्नुपर्नेमा पूर्वाधार विकास कार्यालय, ललितपुरले सतुगंल मातातीर्थ देउराली कुलेखानी सडक निर्माणको पेस्की जमानत रु.५३ लाख ६५ हजार बैङ्कबाट प्राप्त गरी धरौटी खातामा दाखिला गरेकोले प्रदेश सञ्चित कोषमा दाखिला गरी पेश्की फर्स्यौट गर्नुपर्दछ।

१५. **ठेक्का प्रकृयाका कागजात** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९१अनुसार प्रत्येक कार्यालयले लेखा भिड्ने प्रमाणित कागजातहरू सिलसिलाबद्ध तवरले राख्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, नुवाकोटले खरिद व्यवस्थापन गरेकामध्ये विभिन्न ठेक्काका लागत अनुमान, बोलपत्र स्वीकृत फाईल, बोलपत्र सम्बन्धी कागजात, वहुवर्षीय योजना स्वीकृतिको पत्र, विस्तृत परियोजना प्रतिवेदनलगायतका कागजात लेखापरीक्षणका लागि पेस भएन। त्यसै गरी बागमती प्रदेश यातायात पूर्वाधार निर्देशनालयले २०७९।९।८ मा स्वीकृत कागजात बेगर खरिद प्रक्रिया अघि बढाएकोले खरिद

कारबाही नै रद्द गरी पुनः खरिद प्रक्रिया अघि बढाउने निर्देशनसमेत दिएको देखिन्छ। नमुना छनोट गरी लेखापरीक्षण गरिएका ९ ठेक्कामा रु.३८ करोड ६१ लाख ६ हजार खर्च गरेकोमा खरिद प्रक्रिया पारदर्शी एवं प्रतिस्पर्धात्मक भएको आश्वस्त हुने आधार देखिएन। खरिद प्रकृयामा संलग्न तथा लेखापरीक्षणमा कागजात पेस नगर्ने कर्मचारीहरूलाई जवाफदेही बनाउनुपर्दछ।

ग्रामीण सडक सञ्जाल आयोजना, हेटौडा

१६. **न्यून प्रगति** - ग्रामीण सडक सञ्जाल आयोजना कार्यान्वयन अवधि सन् २०२३ सेप्टेम्बर देखि २०२८ अक्टोबर अर्थात ५ वर्षको रहने र उक्त अवधिमा ६४.१४ किलोमिटरका ६ रणनैतिक सडक निर्माण गर्ने गरी एसियाली विकास बैङ्कसँग आयोजना समझदारी पत्र स्वीकृत भई कार्यान्वयनमा आएकोमा यो वर्ष रु.५५ करोड ६८ लाख विनियोजन भएकोमध्ये ३ सडकको लागि रु.८१ करोड ८९ लाख ३२ हजारको खरिद सम्झौता भई रु.५ करोड ३७ लाख ६५ हजार मोविलाइजेशन पेस्की दिएको छ। योजनाको कार्यान्वयन अवधि २ वर्ष रहेको र करिब एक वर्ष व्यतित भएको अवस्थामासमेत वित्तीय प्रगति १५ प्रतिशत तथा भौतिक प्रगति २ प्रतिशत रहेको छ। अन्य ३ सडक योजनाको खरिद प्रक्रिया सुरु नभएकोले आयोजना अवधिमा लक्ष्य हासिल हुने गरी कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा वार्षिक नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन, रकमान्तर, न्यून प्रगति, पुर्व निर्धारीत क्षतिपुर्ती, मुल्य समायोजन, परामर्श एवं, विस्तृत परियोजना प्रतिवेदनलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय तथा मातहतकासमेत १५ निकायमा रु.३९ करोड ६१ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रु.२ करोड ७२ लाख ३१ हजार फर्स्यौट भई प्रतिकृयाबाट रु.२ लाख ९४ हजार थपसमेत रु.३६ करोड ९२ लाख ०५ हजार बेरुजु देखिएको छ। सोमध्ये रु.३ करोड ९ लाख ५२ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
- प्रदेशस्तरमा संरक्षणक्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,
- हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,
- प्रदेशस्तरका वनस्पति उद्यान हर्वेरीयमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास र व्यवस्थापन,
- प्रदेशभित्र भूस्खलन नियन्त्रण,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन, प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन,
- प्रदेशस्तरमा जलवायु परिवर्तनको असर न्यूनीकरण र न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास, प्रक्रिया र हरित क्षेत्र प्रवर्धन।

१. **लेखापरीक्षण अङ्क-** यो वर्ष मन्त्रालय र मातहतसमेत २५ निकायको निम्नानुसार रु.२ अर्ब ९४ करोड ९ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२३४३६३७	२१५२६२	२१०६४४	१७१३६२	२९४०९०५

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छ;

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	विनियोजन	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	८७४६३४	८७२२६८	५२२५१३	५९.९०
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	५७९८	५९३८	२८७५	४८.४२
२२१०० सेवा महसुल	२१३९१	२१३९१	१३४००	६२.६४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	५१५०२	५१२०२	४६३७८	९०.५८
२२३०० कार्यालय सामान तथा सेवाहरू	२१००६	२०८०६	१८८०७	९०.३९
२२४०० सेवा तथा परामर्श खर्च	१०५०००	१०६९६६	८९२२१	८३.४१
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१५२७७६	१८८९१२	१५७३३८	८३.२९

खर्च शीर्षक	सुरु बजेट	विनियोजन	खर्च	खर्च प्रतिशत
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१६५८७	१६६३४	१३५२७	८१.३२
२२७०० विविध खर्च	८९५५	८९५५	७५५२	८४.३३
२७२०० सामाजिक सहायता	५०००	५०००	२७४५	५४.९०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	९११९	९९१९	८४२३	८४.९२
चालु खर्च जम्माः	**१२७१७६८**	**१३०७९९१**	**८८२७७९**	**६७.४९**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१७६०५७०	१७५६८७५	१४६०८५८	८३.१५
पुँजीगत खर्च जम्माः	१७६०५७०	१७५६८७५	१४६०८५८	८३.१५
कुल जम्माः	**३०३२३३८**	**३०६४८६६**	**२३४३६३७**	**७६.४७**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६७.४९ पुँजीगततर्फ ८३.१५ र समग्रमा ७६.४७ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना** – प्रदेशको पहिलो आवधिक योजना २०७६।७७-२०८०।८१ मा उल्लेख भएका वैज्ञानिक वन व्यवस्थापन र उपयोगमा समुदायको पहुँच, काठमा आधारित लघु उद्यम र उद्योगको प्रवर्धन, निजी, संरक्षित, कबुलियत र सामुदायिक वनको व्यवस्थापनलगायतका क्षेत्रमा नतिजा सूचकका आधारमा प्रगति देखिएपनि रेडपाण्डा, हिम चितुवा र कस्तुरी जस्ता लोपोन्मुख, संकटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको संरक्षण, वातावरणीय सेवाको भुक्तानी, जलवायुमैत्री दिगो विकास सञ्चालनमा स्थानीय तहसँग सहकार्य, हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरणलगायतका योजनाको प्रगति भएको छैन।

४. **बजेट कार्यान्वयन** – प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएकामध्ये वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनबाट वातावरणीय सन्तुलन एवं दिगो विकास हासिल गर्ने "एक वन एक समूह उद्योग" भन्ने सोचको व्यवहारिक कार्यान्वयन गर्ने, जैविक विविधता संरक्षण गर्ने, भू-क्षय तथा जलाधारमा कंक्रिटको संरचनालाई कम गरी वायो इन्जिनियरिङ्गका कार्यलाई जोड दिनेलगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ।

५. **वनक्षेत्र अतिक्रमण** - प्रदेश राष्ट्रिय वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ मा वन क्षेत्र संरक्षण तथा अतिक्रमण नियन्त्रणमा मन्त्रालयको भूमिका तोकेको छ। वन तथा वातावरण मन्त्रालयको अभिलेखअनुसार बागमती प्रदेशमा २०८१ असारसम्म ४ लाख २५ हजार ४१३.४४ हेक्टर सामुदायिक वन, १६ हजार ५३८.५५ हेक्टर कबुलियत वन, ५९८.९३ हेक्टर धार्मिक वन, १२४३१ हेक्टर संरक्षण क्षेत्र, ३७३.८५ हेक्टर ६७३ निजी वनसमेत ४ लाख ५५ हजार ३५४ हेक्टर वन क्षेत्र रहेकोमा, १२ हजार ९४६ (२.८४ प्रतिशत) हेक्टर वन अतिक्रमणमा रहेको उल्लेख छ। कानुनबमोजिम वन अतिक्रमण रोक्नुपर्दछ।

६. **बिरुवा उत्पादन, रोपण तथा संरक्षण** - मन्त्रालय र मातहत कार्यालय मार्फत् ६ लाख ८६१ बिरुवा उत्पादनमा रु.१ करोड ४ लाख ५२ हजार र ३४० हेक्टरमा ५ लाख ४४ हजार १४६ विरुवा रोपण गर्न रु.२ करोड ६३ लाख ६१ हजार खर्च गरेको छ। मन्त्रालय मातहत १५ डिभिजन वन कार्यालयको विगत ५ वर्षको बिरुवा रोपणको तथ्याङ्कअनुसार यो वर्षसम्म ३९ लाख ६६ हजार ४०० बिरुवा रोपण गरेको छ। रोपण गरिएका बिरुवाको उचित संरक्षण गर्ने व्यवस्था गर्नुपर्दछ।

७. **वन मुद्दा** – वन ऐन, २०७६ को दफा ६७(१) मा दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजन वन अधिकृतले विशेष अदालत ऐन,

२०५९बमोजिम करबाही र किनारा गर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गतका डिभिजन वन कार्यालयमा गत वर्ष १७९ आरोपीका ११० वन मुद्दा दायर भएकोमा यो वर्ष १३३ आरोपीका ७१ वन मुद्दा दायर भएकोमा फर्स्यौट भएका छैनन्। सङ्घीय सरकारसँग समेत समन्वय गरी वन मुद्दाको समयमा किनारा लगाउने प्रबन्ध गर्नुपर्दछ ।

८. **वन पैदावार व्यवस्थापन** - प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा १८ मा वन पैदावार बिक्री वितरण व्यवस्थापन गरी राजस्व आर्जन गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार कबुलियती वन तथा आयोजनाहरूले कटान मुछान गरेको, सामुदायिक वनबाट कटान मुछान भएको, सामुदायिक वनमा आन्तरिक खपत र बाह्य बिक्रीका लागि कटान भएकोसमेत यो वर्ष २४ लाख ६१ हजार क्यू फिट काठ र ११ लाख १९ हजार क्यू फिट दाउरासमेतका वन पैदावार उत्पादन तथा आपूर्ति भएको देखिन्छ। वन पैदावार बिक्रीबाट रु.१८ करोड १२ लाख ५१ हजार राजस्व सङ्कलन भएको छ।

९. **वन जग्गाको उपयोग** - वन निर्देशनालयअन्तर्गतका १३ जिल्लाका १५ डिभिजन वन कार्यालयको वन क्षेत्रको अनुगमन मूल्याङ्कन प्रतिवेदन, २०८१अनुसार १ हजार ३९७.५८ हेक्टर वन क्षेत्र अन्य प्रयोजनमा दिएको छ। नेपाली सेना, जल विद्युत उत्पादन, होटल, रिसोर्ट, पर्यटन प्रवर्धन, निजी कम्पनी तथा प्रा.लि, सिमेन्ट उद्योग, खानेपानी आयोजना सरकारी तथा निजी सञ्चार क्षेत्रलगायतका अन्य प्रयोजनमा उपलब्ध गराएको क्षेत्रगत विवरण पेस भएन। सम्झौताबमोजिम भोगाधिकार उपलब्ध गराउदा रोयल्टी आम्दानी र क्षतिपूर्ति वृक्षारोपण भएको सुनिश्चित हुनुपर्दछ।

वन निर्देशनालय

१०. **काठ दाउराको मौज्दात** – वन नियमावली, २०७९ को नियम २५ मा काठ दाउरा लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयबाट प्राप्त विवरणअनुसार गत वर्ष १ लाख ८७ हजार ३३५ क्यू फिट काठ र ९४ चट्टा दाउरा मौज्दात रहेकोमा यो वर्ष १५ कार्यालय अन्तर्गत सामुदायिक वन उपभोक्ता समितिबाट प्राप्त भएको ३ लाख ७४ हजार ४८९ क्यू फिट काठ तथा ९१० चट्टा दाउरासमेत ५ लाख ६१ हजार ८२४ क्यू फिट काठ र ९६६ चट्टा दाउरा मौज्जात रहेको छ। मौज्दात रहेको काठदाउराको गुणस्तरमा ह्रास नआउने गरी नियमानुसार समयमै लिलाम गर्नुपर्दछ।

११. **समन्वय र सहजीकरण** - नेपाल सरकारको वन पैदावार सङ्कलन विक्री वितरण निर्देशिका, २०७३ तथा बागमती प्रदेश सरकार मन्त्रीपरिषदको २०८०।९।१५ को सङ्गठन संरचना र कार्यविवरणअनुसार वन तथा वातावरण मन्त्रालयले सम्पादन गर्नुपर्ने प्रमुख कार्यमध्ये छपान निरीक्षण, घाटगद्धी निरीक्षण तथा प्लट क्लियरेन्स रहेको छ। सामुदायिक बनबाट काठको छपान, ग्रेडिङ्ग, घाटगद्दी गर्दा डिभिजन वन कार्यालयहरूले तालुक मन्त्रालयको स्वीकृती लिएको देखिएन। मन्त्रालयको समन्वय र सहजीकरणमा वन पैदावरको व्यवस्थापन हुनुपर्दछ।

१२. **पेस्की फर्स्यौट** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ७३ मा पेस्की दिने र फर्स्यौट गर्नुपर्ने तथा नियम ७८ मा निर्धारित समयमा पेस्की फर्स्यौट नगरेमा १० प्रतिशत व्याजसमेतको हिसाब गणना गरी असुल गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, रामेछापले यो वर्ष एक सहायक वन अधिकृतलाई वातावरण संरक्षण तथा सहरी वन कार्यक्रम, राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, त्रैमासिक समन्वयन वैठक, योजना तर्जुमा गोस्ठीसमेत विभिन्न २० कार्यक्रमको लागि दिएको रु.१८

लाख ६० हजार पेस्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नगरी बाँकी रहेको छ। कानुनबमोजिम पेस्की फर्स्यौट गर्नुपर्दछ।

डिभिजन वन कार्यालयहरू

१३. **अधुरो भवन निर्माण** - निर्माण व्यवसायीले सम्झौतामा तोकिएको वा म्याद थप भएकोमा थप म्यादमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। डिभिजन वन कार्यालय, मकवानपुर अन्तर्गतको सव-डिभिजन वन कार्यालय ईन्द्रसरोवर मकवानपुरको कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ करोड १७ लाख १३ हजारमा २०८१।३।१५सम्म कार्यासम्पन्न गर्ने गरी २०८०।२।२ मा सम्झौता भएकोमा तोकिएको म्यादमा कार्य सम्पन्न नभई भौतिक प्रगति ७४ प्रतिशत रहेको छ। तत्पश्चात म्याद थपसमेत भएको छैन। खरिद ऐन, नियमावली र सम्झौताको परिपालना गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१४. **हाइटेक नर्सरी-** प्रदेश सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रमको ९१ औं बुँदामा उच्च प्रविधियुक्त वन नर्सरी स्थापना मार्फत् गुणस्तरीय बिरूवाहरूको उत्पादन गरी वृक्षारोपण कार्यलाई प्रभावकारी बनाइने उल्लेख छ। डिभिजन वन कार्यालय, काठमाडौंले रु.९२ लाख ३६ हजारको लागतमा काठमाडौंको दक्षिणकालीमा हाइटेक नर्सरी निर्माण गरेको छ। डिभिजनबाट पेस भएको प्रतिवेदनमा नर्सरीबाट वार्षिक १ लाख विरुवा उत्पादन गर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म नर्सरी सञ्चालनमा आएको छैन। नर्सरी सञ्चालन गरी तोकिएको उद्देश्य प्राप्त हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजना, वनक्षेत्र अतिक्रमण, वन मुद्दा, रकमान्तर, काठदाउरा मौज्दात, विरुवा उत्पादन, जग्गा उपयोग, रोपण तथा संरक्षण, कबुलियत र सामुदायिक वनलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण-** मन्त्रालय तथा मातहतकासमेत २५ निकायमा रु.२ करोड २४ लाख ७१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६१ हजार फर्स्यौट गरेकोले रु.२ करोड २४ लाख १० हजार बेरुजु देखिएको छ। सोमध्ये रु.१८ लाख ६० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको यातायात सम्बन्धी,
- प्रदेश भित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,
- सवारी तथा सवारी चालक अनुमतिपत्र व्यवस्थापनका लागि विद्युतीय प्रणालीको विकास एवं यातायात क्षेत्रको समग्र सुधार,
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर समायोजन तथा निर्धारण,
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणाली,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण,
- श्रम तथा रोजगार प्रवर्धन,
- श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन,
- श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान, श्रमशक्ति योजना र रोजगार प्रवर्धन,
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण,
- कार्यस्थल सुरक्षा, कल कारखाना निरीक्षण तथा नियमन,
- प्रदेश तहमा सडक सुरक्षा, ट्राफिक व्यवस्थापन र यातायात क्षेत्रको सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतका १३ सरकारी निकायको निम्नानुसार रु.१३ अर्ब ३३ करोड १५ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४४९४७४	१२८६३२८३	१८८२१	-	१३३३१५७८

२. **बजेट तथा खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	२८६३९६	२९३९८०	२१०२१६	७१.५१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१७८	२१९३	११९९	५४.६७
२२१०० सेवा महसुल	११९६६	१३४१६	९१०१	६७.८४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२२३४४	२४८५१	२१५३८	८६.६७
२२३०० कार्यालय सामान तथा सेवाहरू	१०९५४१	९४०९९	५८४९१	६२.१६
२२४०० सेवा तथा परामर्श खर्च	४४४२०	४८२१०	४२६९०	८८.५५
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	२०४९०	४१५५०	३१४३९	७५.६७
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	६५६२	७२६१	५४५१	७५.०७
२२७०० विविध खर्च	४६१८	५०५८	४७४३	९३.७७

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	प्रतिशत
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२२३२४	२२९२४	१९९९९	८७.२४
चालुतर्फको जम्मा	५३०८३९	५५३५४२	४०४८६७	**७३.१४**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२३९७८५	२४५४४५	४४६०७	१८.१७
पुँजीगततर्फको जम्मा	२३९७८५	२४५४४५	४४६०७	**१८.१७**
कुल जम्मा	**७७०६२४**	**७९८९७८**	**४४९४७४**	**५६.२६**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७३.१४ पुँजीगततर्फ १८.१७ र समग्रमा ५६.२६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रममध्ये सवारी साधनलाई चार्जिङ्ग स्टेशनसहितको एकीकृत रिफ्रेस एण्ड ट्रान्सफर सेन्टर निर्माण, इन्धनका सवारीलाई विद्युतिय सवारी साधनमा रुपान्तरणका लागि नीतिगत व्यवस्था, सवारी चालक अनुमतिपत्रका लागि ट्रायल सेन्टरमा स्वचालित प्रणाली लागु, सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड छपाई एवं वितरण, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सीप क्षमता प्रवर्धनलगायतका पाँच नीति तथा कार्यक्रम कार्यान्वयन भएका छैनन्। बजेट व्यवस्थापन र कार्यान्वयनमा निरन्तरताको माध्यमबाट वार्षिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्यमा मन्त्रालयले सम्पादन गर्ने कार्यक्रमहरूमध्ये विद्युतीय सवारी साधनलाई चार्जिङ स्टेसनसहितको स्मार्ट रिफ्रेस एण्ड ट्रान्सफर सेन्टर सञ्चालनमा ल्याउने, इन्धनका सवारी साधन विद्युतीय साधनमा रुपान्तरणका लागि नीतिगत व्यवस्था गर्ने, सवारीचालक अनुमति पत्रका लागि ट्रायल सेन्टरमा स्वचालित प्रणाली लागू गर्ने, सवारीचालक अनुमति पत्रको स्मार्ट कार्ड छपाई एवं वितरण कार्य सञ्चालन गर्नेलगायतका कार्यक्रम कार्यान्वयनमा आएका छैनन्। बजेटमा उल्लिखित कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ।

५. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र लागु गरी सक्नुपर्ने, सोही ऐनको दफा ३०(२) मा आन्तरिक नियन्त्रण प्रणाली ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम हुने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन प्रमाणिकरण भएको ७ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु नगरेको र ऐनको दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण समिति गठन भएको छैन। कानुनबमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **सेवा प्रवाह -** प्रदेश सुशासन ऐन, २०७७ नियमावली २०७७ को नियम १२(२)(घ) अनुसार मन्त्रालय तथा मातहतका कार्यालयहरूमा नागरिक बडापत्रमा उल्लेख गरेको लागत, समय र गुणस्तरअनुसार सेवा प्रवाह गर्नुपर्दछ। मन्त्रालयले उपलब्ध गराएको सेवा प्रवाहको विवरणअनुसार सवारी चालक अनुमतिपत्र नयाँ २ लाख ७४ हजार ८४५, वर्ग थप १ लाख २९ हजार २१०, नविकरण १ लाख ७८ हजार २३४, प्रतिलिपि उपलब्ध गराएको ५ हजार ४७७ तथा नवीकरणसहितको प्रतिलिपि ६ हजार ५९४ वितरण गरिएको, सवारी साधन १० लाख ५ हजार ४५३ दर्ता भएको, बाटो इजाजत पत्र, नवीकरण, पटके बाटो इजाजतपत्र, प्रदूषण परीक्षण सवारी जाँचपास, इम्बोस नम्बर प्रदान ३ लाख ६१ हजार ५०४ सेवा प्रदान गरेको उल्लेख छ। मन्त्रालयअन्तर्गतका विभिन्न निकायहरूको सेवा प्रवाहबाट रु.१२ अर्ब ८६ करोड ३२ लाख ८३ हजार राजस्व सङ्कलन भएको मन्त्रालयको एकीकृत वित्तीय विवरणमा उल्लेख गरेको छ। नागरिक वडापत्रमा उल्लेख भएबमोजिमका सेवा तोकिएको समय एवं लागतमा प्रवाह हुनुपर्दछ।

यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा

७. **सवारी चालक अनुमतिपत्र -** यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०७४ मा कार्यालयले सवारी चालक अनुमति पत्र छपाई तथा वितरण गर्नुपर्ने उल्लेख छ। हालसम्म छपाई गरी वितरण हुन बाँकी सवारी चालक अनुमतिपत्रको संख्याको यथार्थ विवरण कार्यालयले पेस गरेको छैन। सवारी चालक अनुमतिपत्रको लागि २०७९।०३।०१ सम्म निवेदन दिएकालाईसेन्स छपाई भएर वितरण गरिरहेको र सो मिति भन्दा पछाडि दर्ता भएका सवारी चालक अनुमतिपत्र छपाई हुन बाँकी रहेको छ। सवारी चालक अनुमतिपत्र विभागले छाप्ने गरेकोमा छपाईमा ढिलाइका कारण सवारी चालक अनुमतिपत्र समयमा बितरण भएको छैन। लाईसेन्स समयमै छपाई गरी वितरण गर्ने र समग्र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

८. **ट्राफिक कार्यालयसँग समन्वय -** बागमती प्रदेश आर्थिक ऐन, २०७४ को दफा ३ सँग सम्बन्धित अनुसूची २ को बुँदा नं. ३(१६) मा ट्राफिक कार्यालयमा विभिन्न कसुरमा नियन्त्रणमा लिएका सवारी साधनहरूको सवारीधनी यकिन नभई ट्राफिक कार्यालयको नियन्त्रणमा रहेका सवारी साधनहरूको लगत सङ्कलन गरी सवारी धनी पत्ता लगाई सवारीको कर, शुल्क तथा जरिवाना सङ्कलन गर्नुपर्ने दायित्व कार्यालयको हुने उल्लेख छ। विभिन्न कसुरको कारण नियन्त्रणमा लिएका सवारी साधनको विवरण अद्यावधिक गरी राजस्व सङ्कलनमा वृद्धि गर्नुपर्दछ।

यातायात व्यवस्था कार्यालय साना ठूला सवारी, ललितपुर

९. **नगदी रसिदबाट राजस्व असुली** - विनियोजन ऐन, २०८० ले तोकेको दरवन्दीअनुसार सवारी साधन दर्ता नवीकरण लगायतको असुल हुने शुल्क, दस्तुरको अभिलेखका लागि रिम्स र भि.आर.एस.प्रणालीको प्रयोग रहेको छ। विद्युतीय प्रणालीको अलावा सवारी रुट परमिट, पटके सवारी दस्तुरलगायतका राजस्व रकम सङ्कलनको लागि नगदी रसिद प्रयोग भएको छ। यो वर्ष नगदी रसिदबाट यस्ता पटके दस्तुर रु.१ करोड ४६ लाख ८८ हजार असुल गरेकोमा कर्मचारीले राजस्व व्यवस्थापन सूचना प्रणालीमा बैङ्कमार्फत दाखिला गर्ने गरेको देखियो। नगदी रसिदको प्रयोगलाई राजस्व व्यवस्थापन सूचना प्रणालीबाट प्रतिस्थापन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन, लक्ष्य प्रगति, बजेट कार्यान्वयन, सम्पत्तिको एकीकृत विवरणलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय तथा मातहत १२ निकायको रु.७ लाख ४ हजार बेरुजु देखिएकोमा १ निकायले रु.१७ हजार फर्स्यौंट गरेकोले रु.६ लाख ८७ हजार बाँकी देखिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ।

संस्कृति तथा पर्यटन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्धन र नियमन, पर्यटक प्रहरी समन्वय,
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड आदिको दर्ता, अनुमति, नवीकरण र नियमन, सङ्घीय कानुनबमोजिम क्यासिनो तथा चिट्ठा दर्ता र अनुमति,
- भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी,
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,
- प्रादेशिकस्तरमा संग्रहालय स्थापना, सञ्चालन तथा व्यवस्थापन,
- धर्म, परम्परा र गुठी अन्तर्गत चली आएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन, संस्कृतिको विकास सम्बन्धी,
- सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,
- सहकारी सम्वन्धमा सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य, सहकारी क्षेत्रको विकास तथा प्रवर्धन, क्षमता अभिवृद्धि र परिचालन,
- प्रदेशभित्र सहकारी संस्थाको दर्ता, र, प्रशिक्षण।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहतसमेत ६ निकायको रु.१ अर्ब ४६ करोड ४१ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ;

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१३१४८२८	४३३५९	१०५९२७	-	१४६४११४

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छ ;

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालुखर्च				
२११०० पारिश्रमिक/सुविधा	३५०१८	६७४१७	२८५८१	४२.३९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१९	१००९	१६१	१५.९६
२२१०० सेवा महसुल	१५८९	३९०२	१८६७	४७.८५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	८७९८	१५३९१	११९१६	७७.४२

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवाहरू	४२६२	११४३२	८२४७	७२.१४
२२४०० सेवा तथा परामर्श खर्च	३४५७५	४९४१८	३७१७८	७५.२३
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१४४९८	१०५६११	४९७१२	४७.०७
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	३६३५	६४३५	४८४५	७५.२९
२२७०० विविध खर्च	१४०६	३४१८	२७०२	७९.०५
२६४०० सामाजिक सेवा अनुदान	०	३०००	२९९३	९९.७७
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५७६०	११७६०	७२१४	६१.३४
चालुतर्फ	**१०९७६०**	**२७८७९३**	**१५५४१६**	**५५.७५**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१४०७९७५	१४१९३३५	११५९४१२	८१.६९
पुँजीगततर्फ	**१४०७९७५**	**१४१९३३५**	**११५९४१२**	**८१.६९**
कुल जम्मा	**१५१७७३५**	**१६९७१२८**	**१३१४८२८**	**७७.४३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ५५.७५ पुँजीगततर्फ ८१.६९ र समग्रमा ७७.४७ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१) मा पर्यटन तथा संस्कृति विकाससँग सम्बन्धित नीति, रणनीति एवं विभिन्न क्षेत्रगत रुपमा प्रमुख कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने उल्लेख छ। योजनाको अपेक्षित उपलब्धिमा पर्यटकहरूको सरदर बसाई अवधि लम्बिएको र प्रति पर्यटक प्रतिदिन खर्च बढेको हुने, भाषा, साहित्य तथा कलाको संरक्षण, विकास र प्रवर्धनका लागि प्रज्ञा प्रतिष्ठानको गठन गर्ने, भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको पुननिर्माण सम्पन्न गर्ने, ऐतिहासिक एवं साँस्कृतिक सम्पदाहरूको अभिलेखीकरण गर्ने, विभिन्न जातजातिका साँस्कृतिक संग्रहालयहरूको पूर्वाधार विकास गर्ने, मातृभाषामा पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्ने,लगायतका लक्ष्य राखिएको छ। मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्यअनुरुप प्रगति विवरण तयार गरेको छैन। तुलनात्मक लक्ष्य, प्रगतिको मूल्याङ्कन गरी योजनाको समीक्षा गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रममध्ये प्रदेशका विभिन्न सांकृतिक सम्पदाहरू संरक्षण र प्रवर्धन गर्न प्रदेश पर्यटन गुरुयोजना तयार गर्ने, प्रदेशको क्षेत्राधिकारअन्तर्गतका सहकारीको नियमन र अनुगमनलाई थप प्रभावकारी बनाउन सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गर्ने, काठमाडौं उपत्यका लागयतका सम्भाव्य स्थानमा हस्तकला ग्राम निर्माण गरी काष्ठकला, प्रस्तरकला जस्ता मौलिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापना गर्ने, काभ्रेको नमोबुद्ध चैत्यलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल गर्ने, पुरातात्विक एवं मौलिक, धार्मिक सांस्कृतिकलगायतका सम्पदा तथा गुठीहरू अभिलेखीकरण गर्नेलगायतका घोषित कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। कार्यान्वयन योग्य कार्यक्रम वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा तोकेअनुसारको ढाँचामा मन्त्रालयले आफूले सम्पादन गरेको काम र मातहत कार्यालय/निकायबाट सम्पादित काम समेटी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा मन्त्रालयले प्रगति प्रतिवेदन तयार गरेको छैन। मन्त्रालयको स्वीकृत कार्यक्रम र खर्चको अवस्था हेर्दा स्थानीय तहको लागत साझेदारीमा बागमती लिटरेचर फेस्टिवल, नेपाल फोटो संग्रहालय तथा पर्यटन प्रवर्धन केन्द्र निर्माणको सम्भाव्यता

अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन निर्माण, होमस्टे संचालकहरूको क्षमता विकास, पर्यटकीय/ धार्मिक स्थलमा स्वास्थ्य शिविर सञ्चालनलगायतका १६ कार्यक्रम सञ्चालन गर्न रु.२ करोड ५४ लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयन गरेको छैन। मन्त्रालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ८६ मा मन्त्रालयको एकीकृत आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र पेस गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार मन्त्रिपरिषदबाट २०७९।८।२० मा स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान २०७९ अनुसार एकीकृत वित्तीय विवरण तयार गर्नुपर्नेमा मन्त्रालयले सोअनुसार मन्त्रालय र मातहत कार्यालयको एकीकृत वित्तीय विवरण तयार गरेको छैन। नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

७. **सहकारी** - बागमती प्रदेश सहकारी ऐन, २०७६ को परिच्छेद १५ मा अनुगमन तथा निरीक्षण र परिच्छेद १६ मा समस्याग्रस्त सङ्घ वा संस्था सम्बन्धी व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशमा हालसम्म बचत तथा ऋण सहकारी संस्था १ हजार ५३७, बहुउद्देश्यीय सहकारी संस्था १ हजार १४३, कृषि सहकारी संस्था लि.२५६, दुग्ध सहकारी संस्था लि ५० र अन्य (सञ्चार सहकारीसमेत) २२१समेत ३ हजार २०७ सहकारी सङ्घ संस्था दर्ता भएकोमध्ये २०७८ देखि २०८१ असार मसान्तसम्म ३ वर्षको अवधिमा उद्देश्यबमोजिम सञ्चालन नभएका तथा अन्य कमीकमजोरी रहेकाले १५ बहुउद्देश्यीय सहकारी संस्था, १ कृषि सहकारी संस्था र ३ अन्य सहकारी संस्थालाई छानविनको लागि केन्द्रीय अनुसन्धान ब्यूरो तथा जिल्ला प्रहरी परिसरमा पठाएको देखिन्छ। सो बाहेक अन्य समस्याग्रस्त सहकारी संस्थाहरूको विवरण अद्यावधिक छैन। मन्त्रालयले ऐनको प्रावधान अनुरुप समस्याग्रस्त घोषणा गरेका सङ्घ संस्थाको विवरण अद्यावधिक गरी कारबाही प्रक्रिया अघि वढाउनु पर्दछ।

८. **कार्य सञ्चालन स्तरका कार्य** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र नियमन गर्ने उल्लेख छ। मन्त्रालयले हायु भाषा अध्ययन तथा अनुसन्धान प्रतिवेदन, जुगल हिमश्रृङ्खला र त्यस क्षेत्रको कला संस्कृति समेटिएको वृत्त चित्र, धार्मिक तथा पर्यटकीय महत्वका शिलालेखहरूको सङ्कलन प्रतिवेदन, प्रदेशका स्थानीय समुदाय र जीवनशैली तथा परम्परागत पोशाक, सांस्कृतिक विविधता डकुमेन्ट्री, बागमती प्रदेशका सांस्कृतिक स्मारक, प्राकृतिक सौन्दर्य र मनोरम दृष्यहरू समेटिएको भिडियो सामग्री, विभिन्न जात्रा, पर्व, नृत्य जस्ता कार्य सञ्चालन स्तरका कार्यक्रम सञ्चालन गरी रु.३ करोड ५५ लाख खर्च गरेको छ। मन्त्रालयहरू कार्यसञ्चालन स्तरका कार्यमा संलग्न हुनुहुदैन ।

९. **प्याराडाईज बागमती एप** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। बागमती प्रदेशको पर्यटकीय गन्तव्यको बारेमा जानकारी प्रदान गर्ने मोबाइल एप निर्माण गरी सञ्चालन गर्न मन्त्रालय र एक प्रा.लि. बीच सम्झौता भएको मितिले ६० दिनभित्र सुरुवात गर्ने गरी रु.१९ लाख ९७ हजारको सम्झौता भएको छ। उक्त प्रा.लिलाई दिएको कार्य विवरणमा एनड्रोइड र आइओएसमा प्रयोग हुन सक्ने गरी एप बनाउने, युजर म्यानुअल, डेभलपर म्यानुअल र एपको प्रयोग गर्नेसम्बन्धी एक भिडियो सामग्री बनाउने, एप एड्मिनिस्ट्रेटरको लागि तालिम प्रदान गर्नेलगायतका विषय उल्लेख भएकोमा उक्त एप एनड्रोइड मोवाइलमा मात्र प्रयोग गर्न सकिने गरी विकास गरेको र अन्य कार्यहरू गरेको देखिदैन। कार्यक्षेत्रगत

शर्तअनुसारको सबै कार्य नगर्दासमेत कम्पनीलाई पूरै रकम भुक्तानी भएको देखिन्छ। एनड्रोइड मोवाइलको प्ले स्टोरमा उक्त एपको स्वामित्व निर्माण कम्पनीकै भएको देखिन्छ। मन्त्रालयले कार्यक्षेत्रगत शर्तमा उल्लेख गरेका सबै कार्य सम्पन्न गर्न लगाई उक्त एप सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गर्नुपर्दछ।

१०. **कार्यक्रम कार्यान्वयन** - आयोजना तथा कार्यक्रमहरू स्वीकृत वार्षिक कार्यक्रमअनुसार तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ। मन्त्रालयअन्तर्गतका पर्यटन विकास आयोजना, मकवानपुर र पर्यटन विकास आयोजना इकाई कार्यालय काठमाण्डौले उपलब्ध गराएको लक्ष्य प्रगति विवरणमा यो वर्ष रु.१३ करोड ६२ लाख बजेट विनियोजन भएका क्यानोपी वाकिङ्ग पूर्वाधार निर्माण, हम्शेश्वर महादेव मन्दिर निर्माण चितवन, सहिद पार्क निर्माण चितवन, नेवा भाषा खःल भवन निर्माण हेटौडा, पशुपति क्षेत्रमा क्रियापुत्री भवन तथा अन्य भौतिक पूर्वाधार निर्माण, मैतीदेवी मन्दिरमा रहेको पूर्वी गेट निर्माण, नन्दीकेशर बगैंचा गेट निर्माण काठमाडौं, लामपोखरी पुनःनिर्माण काठमाडौं, जम्बुडाँडा संरक्षण योजना काठमाडौं, भगवती गोमा गणेश स्थान निर्माण र मूर्ती स्थापनालगायतका विभिन्न १५६ योजनाको प्रगति शून्य रहेको देखिन्छ। योजना कार्यान्वयनको लागि जग्गा, बजेट, सहमतिलगायतका न्यूनतम आवश्यक पूर्वाधार नभएको अवस्थामासमेत बजेट विनियोजन गर्नु उपयुक्त देखिदैन। योजना छनोट तथा प्राथमिकीकरण गर्दा न्यूनतम आवश्यक पूर्वाधार पुरा भएका र कार्यान्वयन योग्य योजना छनोट गर्नुपर्दछ।

११. **टुक्रे योजना** - वार्षिक आयोजना छनोट कार्यविधि, २०७८ को बुँदा नं.१३ मा सम्बन्धित मन्त्रालय र प्रदेश सरकारका निकायहरूलाई आयोजना छनोट गर्दा नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने खालका, बहुवर्षीय, क्रमागत, उत्पादकत्व वृद्धि, रोजगारी सृजना आय आर्जन र गरिबी निवारणमा योगदान गर्ने आयोजनाहरू छनोट गर्नुपर्ने र पहिलो प्राथमिकतामा परेका आयोजना कम्तीमा ५० प्रतिशत हुनुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रायलअन्तर्गतका पर्यटन विकास आयोजना, मकवानपुर र ईकाइ कार्यालय काठमाडौंले पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रममा निम्नानुसार रु.१ अर्ब ३१ करोड ७१ लाख पुँजीगत खर्च विनियोजन भएकोमा अधिकांश साना र टुक्रे योजना रहेको पाइयो।

कार्यालय	खर्च रु. (लाखमा)	रु.५ लाखसम्मका योजना	रु.५-१० लाखसम्मका योजना	रु.१०-२० लाखसम्मका योजना	रु.२०-५० लाखसम्मका योजना	रु.५० लाख भन्दा बढीका योजना	जम्मा योजना
पर्यटन विकास आयोजना, मकवानपुर	५४३६	१०	२५३	५७	१९	१	३४०
पर्यटन विकास आयोजना ईकाइ कार्यालय, काठमाण्डौं	७७३५	८४	३३५	१०२	१३४	०	६५५
जम्मा	**१३१७१**	**९४**	**५८८**	**१५९**	**१५३**	**१**	**९९५**

उल्लिखित विवरणअनुसार करिब ५८८ योजना रु.५ लाख देखि १० लाख रहेको र रु.५० लाख भन्दा माथिको १ योजना रहेको छ। अधिक लाभ हुने महत्वपूर्ण योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

पर्यटन विकास आयोजना, मकवानपुर

१२. **त्रुटिपूर्ण डिजाइन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा तयार भएको निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकहरूको समूहलाई डिजाइन ड्रईङसमेत जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउन

लगाउनु पर्ने उल्लेख छ। चितवनको मेघौलीमा गैंडाको प्रतिमा/सालिक निर्माणको लागि २०७६।७७ मा भौतिक पूर्वाधार मन्त्रालयबाट तयार भएको विस्तृत परियोजना प्रतिवेदनअनुसार रु.३ करोड ४९ लाख ३७ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रु.२ करोड १६ लाख ६३ हजार (लागत अनुमान भन्दा ३८ प्रतिशत घटी) को कार्य १५ महिना भित्र सम्पन्न गर्ने गरी २०७७।५।१५ मा सम्झौता भएको छ। सम्झौताअनुसार गैंडाको स्ट्रक्चर निर्माण सम्पन्न कार्य अन्तिम चरणमा पुग्दा गैंडाको बाहिरी स्वरूप बनाउन विस्तृत परियोजना प्रतिवेदनमा ड्रइङ नभएको उल्लेख गरी अर्को १ परामर्शदातासँग रु.४ लाख ९४ हजारको सम्झौता गरी साविकको ड्रइङ संशोधन गरेको छ। सोअनुसार स्ट्रक्चरमासमेत परिवर्तन गर्दा रु.१ करोड ९८ लाख लागत थप हुने उल्लेख छ।

सुरु लागत अनुमान भन्दा ५६.६८ प्रतिशत बढिको भेरियसन गर्नुपर्ने र निर्माण व्यवसायीसँग परिमार्जित ड्रइङअनुसार सम्पादित स्ट्रक्चरमा रेट्रोफिटिङ गर्ने दक्षता तथा अनुभवसमेत नरहेकोले निर्माण कार्यको गुणस्तरको प्रत्याभूति नहुने जनाई आयोजनाले सुविस्ताको आधारमा २०८१।३।१२ मा खरिद सम्झौता अन्त्य गरेको छ। निर्माण व्यवसायीलाई यस वर्षसम्म रु.१ करोड ६१ लाख (७४.३२ प्रतिशत) भुक्तानी भएको छ। काम पूरा नगराई खरिद सम्झौता अन्त्य भएकोले उक्त खर्च उपलब्धि विहीन बनेको छ। उक्त निर्माणका परामर्शदाता र उक्त कार्यसँग सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

पर्यटन विकास आयोजना इकाई कार्यालय, काठमाडौं

१३. **अधुरा योजना -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने र समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरूसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। कार्यालय अन्तर्गत संचालित कतिपय योजनामा अन्य सङ्घीय कार्यालय, प्रादेशिक कार्यालय तथा स्थानीय तहबाटसमेत बजेट विनियोजन भई खर्च भएको देखिन्छ। एउटै योजनामा विभिन्न निकायबाट खर्च हुँदा दोहोरो हुन सक्ने देखिएकोमा कार्यालयले सम्बन्धित उपभोक्ता समितिबाट दोहोरो नपरेको प्रतिवद्धता लिएको भएतापनि सम्बन्धित निकायसँग समन्वय गरेको देखिदैन। त्यस्तै, कतिपय योजना सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन। सोसम्बन्धी केही उदाहरण निम्नानुसार छन्;

उपभोक्ता समितिको नाम/ कार्यक्रमको नाम	कामको विवरण	भुक्तानी रकम रु (हजारमा)	कैफियत
भिमसेन मन्दिर निर्माण उपभोक्ता समिति तेमाल, काभ्रे	मन्दिर पाटी निर्माण, तेमाल	९५६	पिलर तथा थौंरै ढलान अगाडि भएको , इँटा वाल मात्र भएको र झ्याल ढोकालगायतका अन्य काम बाँकी रहेको।
नेपाल यादव सेवा समिति	अतिथि सदन पूर्वाधार निर्माण, सानेपा	४३०७	अतिथि सदनको माथिल्लो तल्लाको वाल, प्लाष्टर, पिलर, स्ल्यावलगायतको झ्याल ढोकालगायतको काम बाँकी रहेको।

जावालाखेल पाटी पुनः निर्माण उ. स.	मछिन्द्रनाथ संग्रहालय भवन निर्माण	३८२२	ईट्टा वाल,पर्खाल,पिलर तथा प्लाष्टरको काम भएको अझै इयालढोकालगायत फिनिसिङ कार्य बाँकी रहेको
कोन्जोस्योम टासी गुम्बा निर्माण उ.सं.	गुम्बा निर्माण	१४३७	९ फिट अग्ला १८ वटा पिलर निर्माण, अन्य काम बाँकी रहेको।
इस्कोन नेपाल भवन नि उ स	इस्कोन मन्दिर परिसरमा ध्यान केन्द्रसहित पर्यटकीय पूर्वाधार निर्माण, बुढानिलकण्ठ नगरपालिका	१४१५	भवनको भुईंतल्लामा डण्डीसमेत ढलान, पिल्लर ढलान र स्ल्याबको डण्डी विच्छ्याउने कार्य मात्र भएको, ढलान तथा फिनिशिङ्ग कार्य पूरा नभएको, यस योजनामा सहरी विकास तथा भवन कार्यालयबाट पनि कार्य भएको।
सन्तानेश्वर महादेव कैलाश पर्वत संरक्षण स सेवा सङ्घ	सन्तानेश्वोर मन्दिर पूर्वाधार निर्माण, गोदावरी नगरपालिका	१०००	साल टिम्वर,क्राभिङ वर्क,प्लाइवुड,नागोल,झल्लरलगायतको काम भएको, योजनामा गोदावारी नगरपालिकाबाट पनि कार्य भएको।

योजना सञ्चालन गर्दा अन्य निकायसँग समन्वय गर्नुको अलवा तोकिएको समयमा सम्पन्न गरी अपेक्षित प्रतिफल प्राप्त गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन, योजनाको कार्यान्वयन, एकीकृत वित्तिय विवरण, सहकारीको अभिलेखलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण-** मन्त्रालय तथा मातहतकासमेत ४ निकायमा रु.२८ लाख २ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिकृयाबाट फर्स्यौंट नभएकोले रु.२८ लाख २ हजार बेरुजु देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड,
- प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड,
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण,
- प्रदेशस्तरको विज्ञान तथा प्रविधि सम्बन्धी नीति, कानुन तथा मापदण्ड,
- विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन,
- महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा,
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा,
- प्रदेशस्तरका लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र अशक्त व्यक्ति, बालबालिका र महिला हक हित सम्बन्धी कार्यक्रम सञ्चालन,
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,
- समाजकल्याण र गैरसरकारी सङ्घ संस्था सम्बन्धी कार्य,
- गरीबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड

०. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालय र मातहतसमेत ८ निकायको निम्नानुसार रु.३ अर्ब ७३ करोड ३४ लाख २ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३१४४२९४	३३५३३	२२८३०६	३२७२६९	३७३३४०२

उल्लिखित लेखापरीक्षण अङ्कमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को रु.७३ करोड २० लाख ३ हजार, भरतपुर महानगरपालिकालाई दिएको रु ६ करोड ८० लाख र सहरी विकास तथा भवन कार्यालयलाई दिएको रु.२ लाख ३० हजारसमेत समावेश छ।

१. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	५०६१०७	५०६१५४	३४९२२८	६९.००
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१२८७	१२८७	५५२	४२.८९
२२१०० सेवा महसुल	१९८२४	१९८२९	१६७७७	८४.६१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३१२८९	३२६२८	२९३३०	८९.८९
२२३०० कार्यालय सामान तथा सेवाहरू	९०५६७	९११२७	८३५४८	९१.६८

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
२२४०० सेवा तथा परामर्श खर्च	१२८८६५	१२७७०१	९५९१८	७५.११
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	९५१३३१	९०७७६०	७०१४७८	७७.२८
२२६०० अनुगमन,मूल्यांङ्कन र भ्रमण खर्च	२२५९८	२२६९८	२०८१२	९१.६९
२२७०० विविध खर्च	५०७०	५३००	४६०९	८६.९६
२६४०० सामाजिक सेवा अनुदान	१४५७३५६	१२०२४५६	१०५२७४७	८७.५५
२७२०० सामाजिक सहायता	५५५२२	५५५२२	३२९४३	५९.३३
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१२०६१	१२०६१	९५५८	७९.२५
चालु जम्माः	**३२८१८७७**	**२९८४५२३**	**२३९७५००**	**८०.३३**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	७२४२९०	१०४८१२९	७४६७४८	७१.२५
३१४०० प्राकृतिक सम्पत्ति	५०	५०	४६	९२.००
पुँजीगत जम्माः	**७२४३४०**	**१०४८१७९**	**७४६७९४**	**७१.२५**
कुल जम्माः	**४००६२१७**	**४०३२७०२**	**३१४४२९४**	**७७.९७**

उल्लिखित विवरणअनुसार मन्त्रालयले चालुतर्फ ८०.३३, पुँजीगततर्फ ७१.२५ र समग्रमा ७७.९७ प्रतिशत खर्च गरेको छ।

२. **आवधिक योजना -** प्रदेशको पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१) मा सामाजिक विकाससँग सम्बन्धित विभिन्न नीति, रणनीति एवं क्षेत्रगत रुपमा विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने उल्लेख छ। योजनाको अपेक्षित उपलब्धिमा साक्षरता दर ९५ प्रतिशत भन्दा बढी पुगेको हुने, प्राथमिक तहमा खुद भर्ना शतप्रतिशत, माध्यामिक तहको खुद भर्नादर ४८.२ प्रतिशतबाट बृद्धि भई ५२ प्रतिशत पुग्ने, स्थानीय तहमा प्राविधिक/व्यावसायिक विद्यालय र जिल्लामा कम्तिमा बहुप्राविधिक विद्यालय सञ्चालन गर्ने, प्रत्येक जिल्लामा रंगशाला, प्रदेश निर्वाचन क्षेत्रमा कभर्डहल एवं प्रत्येक स्थानीय तहमा खेलमैदान र प्रदेशस्तरमा एक अन्तर्राष्ट्रिय बहुउद्धेश्यीय रंगशाला निर्माण, युवा तथा खेलकुद सम्बन्धी प्रादेशिक नीति निर्माण गर्ने उल्लेख छ। मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य अनुरुपको कार्यक्रमगत प्रगति विवरण तयार नगरेकोले थप विश्लेषण गर्न सकिएन। सूचकमा आधारित लक्ष्य र प्रगति प्रतिवेदन तयार गरी सोको समीक्षा गर्नुपर्दछ।

३. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा प्रदेशस्तरमा शिक्षालाई थप व्यवस्थित र योजनाबद्धरुपमा सञ्चालन गर्ने, एकीकृत बालविकास र शिक्षासम्बन्धी रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने, विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, विद्यार्थी र शिक्षक केन्द्रीत आवश्यक नीति तय गरी कार्यान्वयनमा ल्याउने, विभिन्न तालिम र वैदेशिक रोजगारमार्फत आर्जन गरेका सीपको मान्यता प्रदान गर्न सीप परीक्षण केन्द्र गठन गर्ने, विद्यालयहरूमा विद्युतीय हाजिरी प्रणाली लागु गर्ने, सार्वजनिक नीतिको अध्यापन तथा बहसका लागि शैक्षिक संस्था स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने, गरिबी निवारणसम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्ने, प्रदेशभित्र गरिब घर परिवार पहिचान तथा अभिलेखीकरण गर्ने, अपाङ्गता सम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्ने, बालविवाह मुक्त प्रदेश अभियान र बालमैत्री स्थानीय तह घोषणा गर्नेलगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन। कार्यान्वयन योग्य नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

४. **बजेट कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा नियम २६ बमोजिम सबै कार्यालयबाट प्रगति विवरण प्राप्त गरी मन्त्रालयले आफुले सम्पादन गरेको काम र मातहत कार्यालय/

निकायबाट सम्पादित कामसमेत समेटी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रमअनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन। मन्त्रालयको स्वीकृत कार्यक्रममध्ये रु.८ करोड २९ लाख २० हजार बजेट विनियोजन भएका प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् स्थापना, विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष, विज्ञान र प्रविधि तथा नवप्रवर्तन डाटाबेसको विकास, सामाजिक क्षेत्रका नीति, ऐन, नियमावली, स्थानीय तहको क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रमलगायतका ४२ कार्यक्रममा शून्य प्रगति भएको देखिन्छ। मन्त्रालयले स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

५. **अख्तियारी र रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३३ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने र नियम ४१ मा रकमान्तर सम्बन्धी व्यवस्था छ। मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रममा चितवनस्थित गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माण कार्यको लागि रु.५ करोड विनियोजन भएकोमा उक्त रकम खर्च भएको छैन। रंगशाला निर्माणको लागि बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को २०८०।१०।२२ को निर्णयानुसार खरिद सम्झौताको ७० प्रतिशत प्रदेश सरकारले बेहोर्ने उल्लेख भएकोमा मन्त्रालयले विनियोजन बजेट खर्च नगरी प्रदेश सरकारको शर्सत अनुदान २०८१।३।२१ मा भरतपुर महानगरपालिकालाई रु.५ करोड सुरु अख्तियारी दिएको र पुनः २०८१।३।२४ मा रकमान्तरबाट रु.१ करोड ८० लाख थप अख्तियारी प्रदान गरेको छ। त्यसैगरी मन्त्रालयले पटके निर्णयबाट २०८१।३।१८ मा प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनमा विनियोजित बजेट रु.४ करोड ७५ लाख रकमान्तर भएको छ। मन्त्रालयले समयमै अख्तियारी प्रदान गर्नुपर्दछ।

६. **औद्योगिक प्रशिक्षार्थी तालिम -** दिगो तथा सम्मानित रोजगारीका लागि सीप(इन्स्योर) परियोजना अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यक्रममध्ये ६ विषयमा २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालनको लागि देहायअनुसार २०७९।८० मा ८ र २०८०।८१ मा १३ प्राविधिक शिक्षालय तथा विद्यालयहरूसँग सम्झौता गरी मन्त्रालयले रु.८ करोड ७ लाख ९७ हजार खर्च गरेको छ। कार्यक्रममा प्रशिक्षार्थी भर्ना, तालिम सञ्चालन र परीक्षा व्यवस्थापन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रबाट हुने व्यवस्था गरेको छ।

आर्थिक वर्ष	प्राविधिक शिक्षालय	भर्ना विद्यार्थी संख्या	खर्च (रू हजारमा)	तालिम पुरा गरेका प्रशिक्षार्थी	तालिम पुरा नगरेका प्रशिक्षार्थी	तालिम पुरा नगर्ने प्रतिशत
२०७९।८०	८	३००	२४९५६	११७	१८३	६१
२०८०।८१	१३	४५७	५५८४२	२७४	१८३	४०.०४
जम्मा	**२१**	**७५७**	**८०७९७**	**३९१**	**३६६**	**४८.३५**

उल्लिखित तालिकाअनुसार भर्ना भएकामध्ये २०७९।८० मा ६१ प्रतिशत र २०८०।८१ मा ४०.०४ प्रतिशत प्रशिक्षार्थीहरूले तालिम पुरा नगरी बीचमै छोडेको देखिएकोले दिगो तथा सम्मानित रोजगारीको लागि दक्ष जनशक्ति तयार गर्ने कार्यक्रमले लिएको उद्देश्य पुरा हुने देखिदैन। यस प्रकारको लगानीको सदुपयोग तथा अपेक्षित प्रतिफल प्राप्तिको लागि प्रशिक्षार्थी छनोट, खर्च र उपलब्धीको समीक्षा एवं विश्लेषण हुनुपर्दछ।

७. **युवा वैज्ञानिक प्रोत्साहन कोष -** बागमती प्रदेश मन्त्रिपरिषदबाट २०७५।११।११ मा युवा वैज्ञानिक कोष (स्थापना तथा सञ्चालन) कार्यविधि २०७५ स्वीकृत भई सोबमोजिम प्रदेशभित्र कृषि, उद्योग, पर्यटन, जलवायु तथा वातावरण, जैविक विविधता, जनस्वास्थ्य, इन्जिनियरिङ, यातायात जस्ता क्षेत्रमा

उत्पादन, उत्पादकत्व वृद्धि गर्न कोषको स्थापना भएको छ। यो वर्ष प्रदेशले कोषमा रकम जम्मा गरेको छैन। गत विगतको बाँकी मौज्दात रु.२३ करोड ३१ लाख ९७ हजारबाट यो वर्ष सचिवालय (कोष) व्यवस्थापन खर्च, विद्यालय तहमा कार्यक्रम खर्च, कोष सञ्चालक समितिको खर्च र २ जना अध्ययन अनुसन्धान तथा शोधकर्ताहरूलाई भुक्तानीसमेत रु.३९ लाख ३९ हजार खर्च गरी रु.२२ करोड ९२ लाख ५८ मौज्दात बाँकी रहेको छ।

विगत वर्षमा ५ अनुसन्धान तथा शोधमूलक प्रस्तावहरूको सम्झौता भएकोमा यो वर्ष कुनै सम्झौता भएको छैन। सम्झौता भएकोमध्ये एक प्रस्तावक तथा खोजकर्तालाई अध्ययन अनुसन्धान तथा शोध कार्य पुरा भई प्रतिवेदन प्राप्त भएपश्चात अन्तिम किस्ता रु.२२ लाख १३ हजार भुक्तानी भएतापनि अन्य ४ को प्रतिवेदन प्राप्त भएको छैन। उपयोग नभएको रकम प्रदेश संञ्चितकोष दाखिला गर्नुपर्दछ।

८. **बहुवर्षीय आयोजना -** मन्त्रालयअन्तर्गत २०८०।८१ मा ६ बहुवर्षीय आयोजना सञ्चालनमा रहेकोमा २०८१।२।२ मा सामाजिक विकास मन्त्रालयबाट विभाजन भई युवा तथा खेलकुद मन्त्रालयको स्थापना भई दिनेश रामजी बहुप्राविधिक शिक्षालय यस मन्त्रालय मातहत रहेको र अन्य ५ आयोजना युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत कार्यान्वयन गर्ने गरी यस मन्त्रालयको कार्य जिम्मेवारीबाट हटेको छ। योजनाहरूको प्रगति स्थिति देहायबमोजिम छः

आयोजनाको नाम	कुल अवधि	सम्झौता रकम (रु हजारमा)	आ.व.२०८०।८१ सम्मको खर्च	आ.व.२०८०/८१ को बजेट/ खर्च		आ.व.०८०/८१ प्रगति(५)		कैफियत
				बजेट	खर्च	भौतिक	वित्तीय	
दिनेश-रामजी बहुप्राविधिक शिक्षालय भवन निर्माण,चौतारा सिन्धुपाल्चोक	२ वर्ष	९६२२१	८२९७	५००००	८२९७	५	१६.५९	
शहिद स्मृति कभर्ड हल निर्माण,इन्द्रावति-७, सिन्धुपाल्चोक	नखुलेको	१८२५९	६६२९	१००००	६६२७	४६	६६.२७	हाल युवा खेलकुद मन्त्रालय अन्तर्गत कार्यान्वन भइरहेको
तिर्थ स्मृति खेलमैदान निर्माण, सिन्धुपाल्चोक	नखुलेको	१५५८६	७७९	१००००	७७९	०	७.७९	
चौतारा रंगशाला निर्माण, सिन्धुपाल्चोक	हाल म्याद सकिएको	२०९२२७	१०७४८०	४००००	२११२७	३५	५२.८२	
गौरीटार रङ्गशाला निर्माण	४ वर्ष	१४५६१७	१०६६९९	६००००	४८८५८	८०	८१.४३	
व्याटमिन्टन कभर्डहल निर्माण, विदुर नपा-२, नागटारी, नुवाकोट	२ वर्ष	३११८३	१७८९८	२३७००	१७८९८	८५	७५.५२	

उल्लिखित तालिकाअनुसार २ वर्ष भित्र सम्पन्न गर्नुपर्ने दिनेश-रामजी बहुप्राविधिक शिक्षालयको लागि यो वर्ष रु.५ करोड बजेट विनियोजन भएकोमा रु ८२ लाख ९७ हजार (१६.५९ प्रतिशत) खर्च भई ५ प्रतिशत भौतिक प्रगति भएको छ। मन्त्रालयले तोकिएको समय सीमाभित्र योजना सम्पन्न गर्नुपर्दछ।

शिक्षा विकास निर्देशनालय

९. **व्यवस्थापन सुधार कार्यक्रम** - सामाजिक विकास मन्त्रालयले जारी गरेको विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ११ मा शिक्षा विकास निर्देशनालय र सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन हुने उल्लेख छ। निर्देशनालयले यो वर्ष ७५ माध्यमिक विद्यालयलाई रु.५ करोड ९५ लाख ९३ हजार र १०० आधारभूत विद्यालयलाई रु.४ करोड ८१ लाख ६८ हजारसमेत रु.१० करोड ७७ लाख ६१ हजार अनुदान वितरण गरेको छ। कार्यविधिमा उल्लेख भएबमोजिम विद्यालयहरूले मासिक प्रगति प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिले कार्यक्रमको

समीक्षा गरी आवश्यकताअनुसार पृष्ठपोषण र मन्त्रालय तथा निर्देशनालयले कार्यक्रमको अनुगमन मूल्याङ्कन गरेको पाइएन। नियमको व्यवस्था पालना गर्नुपर्दछ।

१०. **सिक्दै कमाउँदै, कमाउदै-सिक्दै कार्यक्रम -** सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० मा स्व-आर्जन गरी अध्ययन गर्न इच्छुक विद्यार्थीलाई विद्यालयमा अध्ययनका अतिरिक्त विभिन्न आयमूलक कार्यक्रममा विद्यालयहरूले प्राप्त अनुदान खर्च गर्न सक्ने व्यवस्था छ। निर्देशनालयले ३० विद्यालयलाई चौथो त्रैमासिकमा रु.१ करोड ७८ लाख ४९ हजार अनुदान उपलब्ध गराएकोमा कार्यक्रमको अनुगमन नगरेकोले थप विश्लेषण गर्न सकिएन। सङ्घीय सरकारबाट यस्तै प्रकृतिका कार्यक्रमहरू ससर्त अनुदान अन्तर्गत स्थानीय तहले पनि सञ्चालन गरेका छन। यसरी एकै प्रकृतिका कार्यक्रममा सङ्घ र प्रदेशबाट रकम विनियोजन हुँदा कार्यक्रममा दोहोरोपना हुने सम्भावना रहन्छ। अनुदान दिएको कार्यक्रमको अनुगमन गरी सो को प्रभावकारिता सुनिश्चित गर्नुपर्दछ।

११. **विद्यालय बस खरिद -** निर्देशनालयले यो वर्ष विभिन्न २७ विद्यालयलाई बस खरिदको लागि प्रति विद्यालय रु.२५ लाखका दरले बजेट विनियोजन भएकोमा प्रथम किस्तावापत रु.४ करोड ५ लाख र दोश्रो किस्तामा रु.२ करोड ६८ लाख ५३ हजारसमेत रु.६ करोड ७३ लाख ५३ हजार उपलब्ध गराएको देखिन्छ। सोसम्बन्धी देखिएका बेहोरा देहायबमोजिम छन्:

११.१. बस खरिदको लागि अनुदान प्रदान गर्दा विद्यालयको विद्यार्थी संख्या, आवश्यकता र विद्यालयले भविष्यमा उक्त बस निरन्तर सञ्चालन गर्न सक्ने क्षमताको विश्लेषण नगरेको र सम्बन्धित स्थानीय निकायको सिफारिस तथा प्रतिवद्धता जस्ता विषयको खोजी गरेको पाइएन।

११.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्ने, दफा ५ मा निर्माण कार्यको हकमा बाहेक एक लाख रुपैंयाभन्दा माथिको मालसामान खरिदमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। निर्देशनालयले बसको स्पेसिफिकेसन र लागत अनुमान तयार नगरी खरिद कार्य गरेको छ। खरिद प्रकृयामा प्रतिस्पर्धात्मक विधि अवलम्बन नगरी सोझै खरिद गरेको देखिन्छ। स्पेसिफिकेशन र लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

११.३. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ। निर्देशनालयले बस खरिदको लागि मकवानपुर जिल्लास्थित श्री कृष्ण माध्यामिक विद्यालय, भैंसेलाई पहिलो किस्तामा रु.१५ लाख र दोश्रो किस्तामा रु.९ लाख ९५ हजारसमेत रु.२४ लाख ९५ हजार भुक्तानी गरेकोमा विद्यालयले लेखापरीक्षण अवधिसम्म पनि बस खरिद नगरेकोले उक्त रकम सम्बन्धित विद्यालयबाट फिर्ता गरी प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्दछ।

सार्वजनिक निर्माण कार्यान्वयन इकाईहरू

१२. **लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा स्वीकृत भएको कार्यक्रमको अनुसूची-३बमोजिम प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ। सार्वजनिक निर्माण कार्यान्वयन इकाई,

धुलीखेलको लागि विनियोजित पुँजीगत तथा कार्यक्रम बजेट रु.५० करोड २३ लाख रहेकोमा रु.२९ करोड ७८ लाख खर्च भई वित्तीय प्रगति ५९.२८ प्रतिशत रहेकोमा भौतिक प्रगति खुलाएको छैन। वार्षिक कार्यक्रमअनुसार स्वीकृत योजना संख्या १८२ रहेकोमा शुन्य प्रगतिका योजना २७, पचास प्रतिशतसम्म प्रगति भएका ३ र पचहत्तर प्रतिशत वा सो भन्दा माथि प्रगति भएका योजना १५२ रहेका छन। तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ।

१३. **सार्वजनिक जग्गामा भवन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २८बमोजिम भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सासहित हक भोगको निस्सा, सम्बन्धित स्थानीय तहमा दरखास्त दिनुपर्ने र दफा २७ मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेखछ। सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धुलिखेलले रु.२ करोड १० लाख लागतका ७ विद्यालय भवन निर्माणका लागि रु.१ करोड २९ लाख ८८ हजारको खरिद सम्झौता गरी रु.१ करोड २३ लाख २६ हजार खर्च गरेकोमा सार्वजनिक जग्गामा निर्माण गरेको, नक्सापास नगरेको र सम्बन्धित स्थानीय तहसँग समन्वयसमेत गरेको देखिएन। प्रचलित कानुनबमोजिम सङ्घीय सरकारको कानुनी व्यवस्थाको पालना गरी भवन निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

१३.१. **अधुरा योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम खरिद सम्झौतामा उल्लिखित अवधि भित्र कार्य सम्पन्न गर्नुपर्दछ। सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धुलिखेलले निम्नानुसार आयोजना सञ्चालन गरी हालसम्म रु.१४ करोड १७ लाख ९७ हजार भुक्तानी गरेको छ।

(रु.हजारमा)

आयोजना	सम्झौता रकम रु.	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	म्याद थपसमेत सम्पन्न गर्नुपर्ने	हालसम्मको खर्च रु.	वितीय प्रगति (प्रतिशत)	भौतिक प्रगति (प्रतिशत)
चौतारा रंगशाला निर्माण, सिन्धुपाल्चोक	२०९१२७	२०७७।३।२३	२०७९।९।२३	२०८०।१२।२३	१०७४८०	५१.४	६०
मन्थली कभर्डहल निर्माण	६५७९३	२०७६।१०।२४	२०७८।९।२०	२०८०।२।२०	३४३१७	५२.१६	६०

उल्लिखित तालिकाअनुसार चौतारा रंगशाला र मन्थली कभर्डहल निर्माण योजनाको क्रमश १५ महिना र १७ महिना म्याद थप गरी ठेक्का अवधि २०८०।१२।२३ र २०८०।२।२० सम्म पुऱ्याइएको र तत्पश्चात् ती ठेक्काहरूको म्याद थप नभई अधुरो रहेको छ। सार्वजनिक खरिद कानुनबमोजिम गरी कार्य सम्पन्न गर्नुपर्दछ।

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, मकवानपुर

१४. **टेवा पुँजी -** सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को दफा २१ मा मध्यम र लामो अवधिको तालिममा सहभागीहरूलाई लघु उद्यम सञ्चालनमा टेवा पुग्ने गरी टेवा पुँजी उपलब्ध गराउन सकिने उल्लेख छ। प्रदेश भित्रका ४८५ जनालाई युवा तथा सिमान्तकृत महिला लक्षित सीपमूलक

व्यावसायिक तालिम पश्चात् रु.१५ हजारदेखि २० हजारसम्म टेवा पुँजी उपलब्ध गराई रु.१ करोड २४ लाख खर्च गरेको छ। कार्यविधिमा पुँजी प्राप्त गर्ने प्रशिक्षार्थीले तालिम लिएको विषयबस्तुबमोजिम रोजगार तथा स्वरोजगार नगरी टेवा पुँजीको दुरुपयोग गरेमा सरकारी बाँकी सरह असूल गरिने उल्लेख भएतापनि तालिम सम्पन्न पश्चात् नियमित अनुगमन नभएकोले तालिम प्राप्त प्रशिक्षार्थीहरू रोजगार भएको र पुँजी प्रापकहरू स्वरोजगार भएको सुनिश्चित हुने अवस्था देखिएन। तालिम पश्चात प्रशिक्षार्थीको रोजगारको अवस्था र टेवा पुँजीको सदुपयोगको सम्बन्धमा निरन्तर अनुगमन हुनुपर्दछ।

१५. **तालिम सञ्चालन -** सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को दफा १४ मा मध्यम र लामो अवधिको तालिम सम्पन्न भएपछि प्रशिक्षार्थीहरूलाई सम्बद्ध निकायसँग समन्वय गरी सीप परीक्षणको व्यवस्था मिलाउने र प्रशिक्षार्थीहरूले अनिवार्य रुपमा सीप परीक्षणमा भाग लिनुपर्ने व्यवस्था छ। कार्यालयले केश श्रृङ्गार तथा सौन्दर्य, सिलाई कटाई, इलेक्ट्रोनिक्स, प्लम्बिङ, ढाका बुनाई, कम्प्युटर सफ्टवेयरलगायतका १५ सीप विकास तालिम सञ्चालन गरी रु.४ करोड ५३ लाख ४६ हजार खर्च गरेको छ। विभिन्न सीपमूलक तालिम ३ देखि ६ महिना अवधिको अर्थात ३९० देखि ७३० कार्य घण्टाको तालिम सञ्चालन गरी ५११ जनालाई तालिम प्रदान गरेकोमा तालिम पश्चात ती प्रशिक्षार्थीहरूलाई सीप परीक्षणको व्यवस्था मिलाई सीप परीक्षणमा सहभागी गराएको देखिएन। तालिममा भएको खर्चमध्ये रु.४४ लाख ९५ हजारको कच्चा पदार्थको प्रयोग भएकोमा तालिमबाट निर्मित सामग्रीहरूको अभिलेख राखी बिक्री गरेको वा अन्य सरकारी निकाय तथा सङ्घ संस्थालाई हस्तान्तरण गरेको वा जिन्सी दाखिला गरेको देखिएन। यसरी खर्च गरेको रकमबाट रोजगारी सृजना, जनताको जीवनस्तरमा सुधार, उत्पादन तथा उत्पादकत्वमा वृद्धिलगायतका विषयको सम्बन्धमा निरन्तर अनुगमन मुल्यांकन गरी सो को अभिलेखाङ्कन गर्नुपर्दछ।

प्रदेश खेलकुद विकास परिषद्, हेटौडा

१६. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैँया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ। परिषद्ले विभिन्न ४४ फर्मबाट प्रथम अन्तर प्रदेश राष्ट्रिय खेलकुदको उदघाटन र समापनको लागि खेल स्थल निर्माण (फिल्ड ट्रयाक निर्माण), खेल सामग्री, साउण्ड सिस्टम, स्टेज निर्माण, झन्डा, खादा, बुके तथा छपाईसम्बन्धी कार्य र मेडिकलजन्य सामग्रीहरूलगायतका सामान सोझै खरिद गरी रु.२ करोड १६ लाख ९२ हजार भुक्तानी गरेको छ। बजेट खर्च गर्दा कानुनको पालना गर्नुपर्दछ।

१७. **अनुदानको अनुगमन -** प्रदेश सरकारबाट प्रदान हुने अनुदानको उपयोगिता सुनिश्चित भएको हुनुपर्दछ। परिषदले खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि, २०८० को आधारमा यो वर्ष ४४ सङ्घ, संस्था, क्लवलाई खेल आयोजना अनुदान कार्यक्रम अन्तर्गत रु.३ करोड ४२ लाख ५० हजार अनुदान दिएकोमा सो कार्यक्रमको अनुगमन भएको छैन। सङ्घ संस्थालाई अनुदानवापत दिएको रकम उद्देश्य अनुरुप कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन गर्नुपर्दछ।

युवा तथा खेलकुद मन्त्रालय

प्रदेश सरकार, मन्त्रीपरिषदको २०८१।२।२ को निर्णयानुसार प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ मा हेरफेर भई युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको छ। प्रदेश सरकारको नीति अनुरूप युवा तथा खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, खेलकूद पूर्वाधारको विकास र प्रवर्धन, खेलकूदसम्बन्धी संस्थाको नियमन, प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजनालगायत युवा तथा खेलकूदसम्बन्धी अन्य गतिविधिहरू मन्त्रालयको कार्य जिम्मेवारी भित्र पर्दछ।

१८. **खर्चको स्थिति -** सामाजिक विकास मन्त्रालयबाट छुट्टिएपछि यस मन्त्रालय मातहत २ कार्यालय रहेका छन्। मन्त्रालय र मातहतका निकायको खर्च सामाजिक विकास मन्त्रालयको एकीकृत वित्तीय विवरणमा समावेश छ। मन्त्रालय विभाजनपछि चालु र पुँजीगततर्फ रु.१७ लाख ५२ हजार बजेट विनियोजन भएकोमा रु.१६ लाख ७६ हजार खर्च भएको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनाको कार्यान्वयन, नीति तथा कार्यक्रम, रकमान्तर, विद्यालय बस कार्यक्रम, अधुरो निर्माण कार्य,लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेत ८ निकायमा रु.२ करोड ४० लाख ६७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु.१ करोड ४ लाख ७८ हजार फर्स्यौंट गरेकोले रु.१ करोड ३५ लाख ८९ हजार बेरुजु बाँकी देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
    - अन्य सस्थातर्फ २ निकायमा रु.१ करोड १४ लाख ११ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट २ निकायले रु.६२ हजार फर्स्यौंट गरेकोमा रु.१ करोड १३ लाख ४९ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची–१०** मा रहेको छ।

स्वास्थ्य मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा,
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनःस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण,
- प्रदेशस्तरीय अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना र सञ्चालन,
- राष्ट्रिय मापदण्डबमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, खारेजी, सञ्चालन र अनुमति,
- राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, खारेजी, सञ्चालन र अनुमति,
- राष्ट्रिय मापदण्डबमोजिम स्वास्थ्य बीमालगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन,
- प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन,
- राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण र कार्यान्वयन,
- जनसंख्या, बसाइँसराइ र परिवार नियोजन सम्बन्धी।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत ३४ निकायको निम्नानुसार रु.४ अर्ब ३८ करोड ९३ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३३२७७७६	१२४५७	१०३८६३	९४५२४४	४३८९३४०

यो वर्ष मन्त्रालय मातहत ११ समितिको रु.४ अर्ब ८० करोड ५३ लाख ४७ हजार र १ संस्थाको रु.२७ करोड १० लाख ६७ हजारसमेत रु.५ अर्ब ७ करोड ६४ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/ खर्च	प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	७०२०४९	७१८६४५	५३२९४३	७४.१६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	६२८६	६३०४	३४६४	५४.९५
२२१०० सेवा महसुल	३३५३९	४१३०३	३७५८७	९१.००
२२२०० पुजीगत सम्पत्तिको सञ्चालन	५७८२९	६३००४	५५१४७	८७.५३
२२३०० कार्यालय सामान तथा सेवाहरू	४०७९४	४१३२४	३५३२२	८५.४८
२२४०० सेवा तथा परामर्श खर्च	४७६९९०	४६७१५९	३९७११४	८५.०१
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१८४५२५८	१८९१११३	१३८५६३६	७३.२७
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१९४६३	१८३१३	१२७९३	६९.८६
२२७०० विविध खर्च	८५५७	८९२५	८०६३	९०.३४
२७१०० सामाजिक सुरक्षा	६५३५०	८२१२०	७८५७४	९५.६८
२७२०० सामाजिक सहायता	१४६६९०	१६५१६३	१५८९११	९६.२१
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२१५३१	२६६८७	२३३७९	८७.६०
२८२०० फिर्ता खर्च	०	४७३	४७३	१००.००
चालु खर्च जम्माः	**३४२४३३६**	**३५३०५३३**	**२७२९४०६**	**७७.३१**
३११०० स्थीर सम्पत्ति प्राप्ति खर्च (पुँजीगत)	६४९८८९	७११७१९	५९८३७०	८४.०७
पुँजीगत जम्माः	**६४९८८९**	**७११७१९**	**५९८३७०**	**८४.०७**
कुल जम्माः	**४०७४२२५**	**४२४२२५२**	**३३२७७७६**	**७८.४४**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७७.३१, पुँजीगततर्फ ८४.०७ र समग्रमा ७८.४४ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना कार्यान्वयन** - प्रदेशको पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१) मा मन्त्रालयसँग सम्बन्धित क्षेत्रगत लक्ष्य र प्रगति स्थिति देहायअनुसार छ ;

नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०८०/८१	
			लक्ष्य	उपलब्धि
अपेक्षित आयू	वर्ष	७२	७४.४	७२.४
५ वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	जना	३६	१८	२४
५ वर्ष मुनिका कम तौल भएका बालबालिका	प्रतिशत	१३	७	१०.५
शिशु मृत्यु दर (प्रतिहजार जीवित जन्ममा)	जना	२९	१४	२१
नवजात शिशु मृत्यु दर (प्रतिहजार जीवित जन्ममा)	जना	१७	९	१८
कुल प्रजनन दर	प्रतिशत	२	२	१.३७
आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार	प्रतिशत	५५	८५	९१.
दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिने गर्भवती महिला	प्रतिशत	७०	९०	६९.१
सुत्केरी तथा नवजात शिशु जाँच (तेस्रो) को दायरा	प्रतिशत	१०	३५	२८.२
स्वास्थ्य बीमामा आवद्ध जनसंख्या	प्रतिशत	६	५०	१४
विद्यालय नर्स सेवा विस्तार भएका विद्यालय	संख्या	२०	१३५५	८४८

उल्लिखित तालिकाअनुसार आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार प्रतिशत, दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिने संख्या, पूर्ण खोपको दायरा, स्वास्थ्य बीमामा आवद्ध जनसंख्या, विद्यालय नर्सेसेवा भएका विद्यालय बढाउने, ५ वर्ष मुनिका बालबालिकामा बाल मृत्यु दर, रक्त अल्पता घटाउने, कम तौल भएका बालबालिकाको प्रतिशत घटाउने गरी लक्ष्य निर्धारण गरिएकोमा लक्ष्यअनुसार प्रगति भएको छैन।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८०।८१ वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये औषधी निगरानी र औषधिको उचित प्रयोगलाई बढावा दिई सुक्ष्मजीव निरोधक प्रतिरोध उपयोगलाई न्यूनीकरण गर्ने, आप्रवासन प्रक्रियाबाट उत्पन्न हुन सक्ने स्वास्थ्य जोखिमको न्यूनीकरण तथा विदेशमा श्रम गर्ने नागरिकको स्वास्थ्य सुरक्षाको लागि आवश्यक स्वास्थ्य सूचना सम्प्रेषणको व्यवस्था मिलाउने, आत्महत्याको दरलाई न्यूनीकरण गर्न मानसिक स्वास्थ्य सेवाको विस्तार र प्रवर्धन गर्दै लगिने, आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाउन स्थानीय तहलाई प्रोत्साहन गरिने, सामुदायिक, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूको नियमनलाई प्रभावकारी बनाईनेलगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। नीति तथा कार्यक्रममा घोषणा भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **कार्यक्रम र प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा नियम २६बमोजिम सबै कार्यालयबाट प्रगति विवरण प्राप्त गरी आफुले सम्पादन गरेको काम र मातहत कार्यालय/ निकायबाट सम्पादित कामसमेत समेटी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रमअनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन। मन्त्रालयको स्वीकृत कार्यक्रम बमोजिम रु.३६ लाख ५० हजार बजेट विनियोजन भएका प्रदेशस्तरमा जनसङ्ख्या व्यवस्थापनको नोडल इकाईको संस्थागत व्यवस्था, धादिङ अस्पताल भवन निर्माण, अस्पतालदर्ता नवीकरणसम्बन्धी सफ्टवयेर निर्माण तथा सञ्चालन, महामारीजन्य रोगहरूको निगरानी प्रणाली सुदृढीकरण तथा क्षमता अभिवृद्धि, हात्तीपाइलेरोग बिरुद्धको औषधि खुवाउने अभियान, योजना तर्जुमा गोष्ठी, मोर्बिडिटी म्यापिङ तथा निःशुल्क हाईड्रोशिल सर्जरीका लागि जिल्ला तथा स्थानीय तहहरूलाई प्राविधिक सहयोगलगायतका ६ कार्यक्रममा शून्य प्रगति देखिन्छ। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्यअनुसारको प्रगति हासिल गर्नुपर्दछ।

६. **बहुवर्षीय आयोजना** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र अन्तर्गत २०८०।८१ मा सञ्चालनमा रहेका वहुवर्षीय आयोजनाको प्रगति स्थिति निम्नानुसार छ;

(रु.हजारमा)

आयोजना	कुल अवधि	कुल लागत	२०८०।८१सम्मको खर्च	२०८०।८१			
				बजेट	खर्च	भौतिक प्रगति (प्रतिशत)	वित्तीय प्रगति (प्रतिशत)
बज्रबाराही चापागाँउ अस्पताल भवन ललितपुर	४ वर्ष	२१८०००	६३३६३	६००००	४९२१३	३०	८२.०२
आयुर्वेद स्वास्थ केन्द्र भवन चितवन	३ वर्ष	१०८५००	६१७०९	५०९१२	४५२८८	९०	८८.९५
आयुर्वेद स्वास्थ केन्द्र भवन मकवानपुर	३ वर्ष	११४३००	४१०७१	३१३१६	२९४२४	८०	९३.९५
आयुर्वेद स्वास्थ केन्द्र भवन ललितपुर	४ वर्ष	२०००००	८१	१००००	८१	०	०.८०७

माथि उल्लिखित आयोजनामध्ये आयुर्वेद स्वास्थ्य केन्द्र चितवन र मकवानपुरको ८० देखि ९० प्रतिशतसम्म भौतिक प्रगति देखिएको छ। बज्रवाराही चापागाउँ अस्पताल भवन ललितपुरको वित्तीय प्रगति ८२ प्रतिशत देखिएतापनि भौतिक प्रगति ३० प्रतिशत रहेको देखिन्छ। ललितपुर आयुर्वेद केन्द्र भवनको लागि यो वर्ष रु.१ करोड विनियोजन भएकोमा उक्त रकम मध्ये रु.८१ हजार खर्च भएको छ। आयोजनामा तोकिएको समयसीमा भित्र कार्य सम्पन्न गर्न मन्त्रालयले थप पहल गर्नुपर्दछ।

७. **स्वास्थ्य बीमा कार्यक्रम -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १२ मा अति गरिबको परिचय पत्र प्राप्त, अशक्त, अपाङ्ग जटिल प्रकृतिका बिरामी र ७० वर्ष पुगेका जेष्ठ नागरिकलाई योगदान रकमको शत प्रतिशत, महिला स्वास्थ्य स्वयंसेविकाका परिवारलाई योगदान रकमको ५० प्रतिशत दिन सक्ने व्यवस्था छ। सोही नियमावलीको उपदफा २ मा प्रदेश तथा स्थानीय तहले आफ्नै स्रोतबाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरेको अवस्थामा नेपाल सरकारले थप योगदान रकम नबेहोर्ने उल्लेख छ। स्वास्थ्य मन्त्रालयले बागमती प्रदेशभित्र स्थायी बसोबास गर्ने लोपोन्मुख, अति सीमान्तकृत जाति, आश्रममा आश्रित क र ख वर्गका अपाङ्ग र सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रिमियम भुक्तानी गर्ने व्यवस्था गरेबमोजिम यो वर्ष स्वास्थ्य बीमामा १८ हजार ५४८ परिवार सङ्ख्या आवद्धता गरी बीमा प्रिमियम बापत रु.६ करोड ५१ लाख स्वास्थ्य बीमा बोर्डलाई भुक्तानी गरेको छ। नेपाल सरकारले उक्त कार्यक्रम लागू गरेकोमा प्रदेश र कतिपय स्थानीय तहबाटसमेत सोही वर्गलाई निःशुल्क स्वास्थ्य बीमा गरिदिने कार्यक्रम लागू गरेको देखिन्छ। तीन तहका सरकारले स्वास्थ्य बीमा कार्यक्रममा खर्च गरेको अभिलेख एकीकृत हुन नसक्दा बिमित व्यक्ति र स्वास्थ्य बीमा बोर्डको दोहोरो दाबी पर्नसक्ने अवस्था छ।

कालिका गाउँपालिका, रसुवाले २०८०।८१ मा आफ्नो पालिकाभित्र बसोबास गर्ने सम्पूर्ण परिवारको स्वास्थ्य बीमा निःशुल्क गरी रु.८१ लाख ५६ हजार खर्च लेखेकोमा मन्त्रालयबाट उक्त पालिकाका महिला स्वास्थ्य स्वयंसेविका र ख वर्गका अपाङ्ग गरी १०९ परिवार सङ्ख्याको रु.३ लाख २० हजार स्वास्थ्य बीमा बोर्डलाई भुक्तानी गरेको छ। मन्त्रालयले दोहोरो नपर्ने गरी पालिका सँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुका साथै बीमित व्यक्तिको नामावली व्यवस्थापन सूचना प्रणाली तयार गरी व्यवस्थित गर्नुपर्दछ।

८. **स्वःमूल्याङ्कन व्यवस्था -** प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा १९बमोजिम सार्वजनिक स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाको तोकिएबमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वःमूल्याङ्कन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश अन्तर्गत निजी, सहकारी, सामुदायिक, गैर सरकारी र सार्वजनिक गरी कुल दर्ता भएका स्वास्थ्य संस्थाको अद्यावधिक अभिलेख राखी स्वःमूल्याङ्कन सम्बन्धमा अनुगमन गर्नुपर्नेमा सो अनुरुप गरेको देखिएन। ऐनमा स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन पेस नगरेमा त्यस्तो संस्थालाई प्रदान गरेको सेवा पूर्ण वा आंशिक रूपमा तत्काल बन्द गर्न मन्त्रालयले आदेश दिन सक्ने, तोकिएको गुणस्तर पुरा नगरी सेवा सञ्चालन गरेको पाईएमा सुधारका लागि ३ महिनाको अवधि तोक्न सक्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गत सञ्चालित प्रदेश अस्पतालसहित दर्ता भएका संस्थाको स्वःमूल्याङ्कन प्रतिवेदन प्राप्त गरी सेवा प्रवाहको अवस्था सम्बन्धमा मूल्याङ्कन गरेको देखिएन। स्वास्थ्य सेवामा गुणस्तरीयता कायम गर्न अनुगमन र नियन्त्रण कार्यलाई प्रभावकारी बनाई ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

९. **स्वास्थ्य संस्था नवीकरण -** प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा १५ अनुसार स्वास्थ्य सेवा प्रदान गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनुभन्दा ६ महिना अगावै नवीकरणका लागि मन्त्रालयमा निवेदन दिनुपर्ने, निवेदन प्राप्त भएमा मन्त्रालयले तोकेबमोजिमको दस्तुर लिई ५ वर्षसम्मको लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालनको अनुमति नवीकरण गर्न सक्ने व्यवस्था छ। सो सम्बन्धमा २०८०।८१ मा कुनै पनि स्वास्थ्य संस्थालाई अनुमति प्रदान एवं नवीकरण गरेको देखिएन। मन्त्रालयले स्वास्थ्य संस्थाको अनुमति तथा नवीकरणका लागि गत वर्ष सफ्टवेयर खरिद गरेकोमा हालसम्म पनि उक्त सफ्टवेयर सञ्चालनमा ल्याएको छैन। स्वास्थ्य संस्थाको अनुमति प्रदान एवं नवीकरणको कार्य अद्यावधिक गर्नुपर्दछ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ बमोजिम बागमती प्रदेशमा स्वास्थ्य विज्ञानको क्षेत्रमा खोज र अनुसन्धान, स्तरीय स्वास्थ्य सेवा प्रदान र विशेषज्ञ चिकित्सकहरू उत्पादन गर्ने उद्देश्यले २०७६ सालमा प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानको २०८०।८१ आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

आय		व्यय	
गत वर्षको जिम्मेवारी	१७४६०	चालु खर्च	१०६४०६
सरकारी अनुदान	११६९१९	पुँजीगत खर्च	२७३८२
शिक्षण शुल्क	१२३७६	धरौटी फिर्ता	२५३९
अन्य	५४४४	**बैङ्क मौज्दात**	**१५८७२**
जम्मा रू	**१५२१९९**	**जम्मा रू**	**१५२१९९**

१०. **बजेट तथा खर्च** - प्रतिष्ठानको लागि यो वर्ष प्रदेश सरकारबाट रु.१४ करोड ८६ लाख ३१ हजार विनियोजन भएकोमा रु.११ करोड ६९ लाख १९ हजार खर्च भएको छ। प्रतिष्ठानको कोषतर्फको आम्दानी रु.१ करोड ५५ लाख १२ हजार रहेकोमा रु.१ करोड ६८ लाख ६९ हजार खर्च भई आम्दानी भन्दा खर्च बढी देखिन्छ। प्रतिष्ठान पूर्ण रुपमा प्रदेश सरकारमा निर्भर रहेको देखियो। प्रतिष्ठानले चिकित्सा शिक्षा आयोगले निर्धारण गरेबमोजिम छात्रवृत्तिमा अध्यापन गराईरहेको भएतापनि छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीको छात्रवृत्तिवापतको शैक्षिक सत्र २०७९।८० को रु.४ करोड ३५ लाख १२ हजार र शैक्षिक सत्र २०८०।८१ को रु.५ करोड ८२ लाख ७५ हजारसमेत रु.१० करोड १७ लाख ८७ हजार रकम प्राप्त भएको देखिएन। सशुल्क विद्यार्थी न्यून संख्यामा भर्ना हुने गरेको र छात्रवृत्तिवापत सरकारबाट प्राप्त हुनुपर्ने रकम प्राप्त नभएको कारण प्रतिष्ठानको शैक्षिक सत्रका कार्यक्रम प्रभावित भएका छन्।

११. **आन्तरिक लेखापरीक्षण -** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को दफा २८(२) मा प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ। प्रतिष्ठानको अनुदानतर्फ आन्तरिक लेखापरीक्षण सम्पन्न भएतापनि कोषतर्फको आम्दानी रु.२ करोड ९८ लाख ५५ हजार र खर्च रु.१ करोड ७१ लाख ५६ हजारको आन्तरिक लेखापरीक्षण भएको छैन। सबै कारोबारको आन्तरिक लेखापरीक्षण गराई प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१२. **शैक्षिक कार्यक्रम -** प्रतिष्ठानले एमविविएस, विएससी नर्सिङ, विएनएन, मिड वाइफरी, हेल्थ, ब्याचलर अफ फार्मेसी, ब्याचलर अफ मेडिकल ल्याब्रोटरी टेक्नोलोजी, एमडिजिपि, एमडि साईक्याट्रि, एमडी गाईनो, ओविएस एनेस्थेसिया, क्लिनिकल साइकोलोजी सञ्चालन गर्ने लक्ष्य लिएकोमा ती विषयहरूमध्ये ४ विषयका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेको छ। अन्य विषयको लागि चिकित्सा शिक्षा आयोगले तोकेको ३०० शय्यासम्मको अस्पताल हुनुपर्ने तथा अन्य पूर्वाधारयुक्त मापदण्ड पुरा हुन नसकेकोले शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेको छैन। प्रतिष्ठान अन्तर्गत ३०० शय्याको हेटौडा अस्पताल रहेको भएतापनि भवन अभावको कारण देखाई एमविविएस, एमडीलगायतका अन्य शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेको छैन।

१३. **अध्यापनको अवस्था** - प्रतिष्ठानले चिकित्सा शिक्षा ऐन, २०७५बमोजिम चिकित्सा शिक्षा आयोगबाट अनुमति लिई विपिएच, विफर्मा, विएससि, ल्याव मेडिसिन र विएससि नर्सिङसमेत ४ विषयमा अध्यापन भईरहेको छ। चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७(७)अनुसार प्रतिष्ठानलाई उपलब्ध सिट सङ्ख्याको कम्तिमा ७५ प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने र २५ प्रतिशत सःशुल्क अध्यापन गराउन सकिने व्यवस्थाबमोजिम २०८०।८१ मा अध्ययन गरेका विद्यार्थीहरूको अवस्था देहायबमोजिम छः

क्र.सं.	विषय	जम्मा सिट सङ्ख्या	छात्रावृत्ति सिट सङ्ख्या	२०८० मा अध्ययन		२०८१ अध्ययन	
				छात्रवृत्ति	सशुल्क	छात्रवृत्ति	सशुल्क
१	व्याचलर अफ पब्लिक हेल्थ	२०	१५	१२	०	११	०
२	व्याचलर अफ फार्मेशी	३०	२३	२१	८	२३	०
३	व्याचलर अफ साइन्स इन मेडिकल ल्याब्रोटरी	३०	२३	१५	३	१५	०
४	विएससी नर्सिङ्ग	२०	१५	१५	५	१५	०
	जम्मा	**१००**	**७६**	**६३**	**१६**	**६४**	**०**

उल्लिखित विवरणअनुसार २०८० मा छात्रवृत्तिको कोटामा व्याचलर अफ साइन्स इन मेडिकल ल्याब्रोटरीमा ८, व्याचलर अफ फार्मेशीमा २ र व्याचलर अफ पब्लिक हेल्थमा ३ जना भर्ना नभएको र २०८१ मासमेत निःशुल्क कोटामा ६४ प्रतिशत मात्र विद्यार्थीको भर्ना भई सःशुल्क कोटातर्फ विद्यार्थीहरू भर्ना भएको देखिँदैन। निःशुल्क अध्ययन गर्नसमेत विद्यार्थीको आकर्षण घट्नुको कारण पहिचान एवं विश्लेषण हुनुपर्दछ।

स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडा

१४. **खरिदमा प्रतिस्पर्धा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। केन्द्रले वार्षिक खरिद योजना बेगर यो वर्ष औषधी र औषधीजन्य सामग्री पटकपटक खरिद गरी विभिन्न शीर्षकबाट रु.७२ लाख ७४ हजार भुक्तानी गरेको छ। सार्वजनिक खरिद नियमावलीअनुसार खरिद विधिको अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ।

१५. **स्वास्थ्य सामग्रीको मौज्दात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष केन्द्रले विभिन्न स्वास्थ्य सम्बन्धी सामग्री खरिद गरी रु.१४ करोड ७१ लाख ८४ हजार भुक्तानी गरेको छ। उपलब्ध विवरणअनुसार रु.१ करोड ४ लाख १८ हजारका सिपिएपी, वाइनोकुलर, माइक्रोस्कोप, फ्लोअर वेड, पेसेन्ट मोनिटर, इक्जामिनेसन र वेवी वार्मरसमेत ८ प्रकारका १४८ परिमाणका सामग्री मौज्दातमा रहेको देखिन्छ। आवश्यकता पहिचान गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।

अस्पताल तथा स्वास्थ्य कार्यालयहरू

१६. **सञ्चयकोष र तलबवृद्धि सुविधा -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७४।१।२५ पत्रअनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरूलाई वार्षिक खाईपाई आएको तलबको १ महिना बराबरको रकम चाडपर्व खर्च र रु.१० हजार पोशाक खर्च पाइने व्यवस्था छ। त्रिशुली अस्पतालले समितितर्फ करार सेवामा कार्यरत कर्मचारीलाई स्थायी कर्मचारी सरह कर्मचारी सञ्चय कोषवापत १० प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम अस्पतालबाट थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गर्दै आएको छ। यो वर्ष अस्पतालले करार सेवामा कार्यरत ३९ कर्मचारीका लागि सञ्चयकोषवापत रु.९ लाख ४ हजार र ३२ कर्मचारीलाई तलबवृद्धिवापत रु.२ लाख ७८ हजार भुक्तानी गरेको छ। कानुनमा व्यवस्था भएवमोजिम भुक्तनी गर्नुपर्दछ।

१७. **मेसिन उपकरणको उपयोग -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५१ मा सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको हुनुपर्ने, सरकारी जिन्सी मालसमान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरूको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्वसम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट गत विगतमा खरिद गरी हस्तान्तरण भएका अटोमेटिक टिस्यु प्रोसेसर (हिस्टोप्याथोलोजी) र सक्सन कम्प्रेशर फर डेन्टल चेयर प्रयोगमा नल्याई स्टोरमा मौज्दात रहेको पाइयो। त्यस्तै अस्पतालले मानव प्रत्यारोपण केन्द्र सञ्चालन तथा सेवा विस्तारको लागि गत वर्ष रु.१ करोड ५० लाखको मोडुलर ओटी र यो वर्ष रु.२१ लाख ७६ हजारमा ओटीलाईट खरिद गरेकोमा उक्त मेसिन उपकरणहरू प्रयोगमा आएको देखिँदैन । खरिद तथा हस्तान्तरित भै आएका मेसिन उपकरण प्रयोगमा ल्याई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१८. **पारिश्रमिक कर** – आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको आम्दानी वार्षिक रुपमा गणना गरी कर कट्टा गर्नुपर्ने व्यवस्था छ। हेटौडा, त्रिशुली, चौतारा र मेथिनकोट अस्पातालका ४२ कर्मचारीको रु.२९ लाख ८० हजार घटी कर कट्टा गरेको देखिएकोले नपुग कर असुल गर्नुपर्दछ।

१९. **स्वास्थ्य बीमा -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐनबमोजिम भुक्तानी दावी गर्दा बीमा व्यवस्थापन सूचना प्रणालीमार्फत दावी प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। बीमा सेवा प्रदायक संस्थाले बीमा सेवामा खर्च गरेको रकम सोधभर्ना लिने व्यवस्थाअनुसार हेटौंडा, भक्तपुर, बकुलहरलगायतका ८ अस्पतालले रु.१ अर्ब ३७ लाख ४३ हजार सोधभर्ना दावी गरेकोमा रु.७६ करोड

२ लाख ९८ हजार सोधभर्ना भई रु.२४ करोड ३४ लाख ४५ हजार सोधभर्ना हुन बाँकी रहेकोले उक्त रकम सोधभर्ना हुनुपर्दछ।

२०. **सी-आर्म मेसिन खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसमान सोझै खरिद गर्न सकिने व्यवस्था छ। सिन्धुली अस्पतालले हाई फ्रिक्वेन्सी सी-आर्म मेसिन खरिद गर्न ३ कोटेशन लिई सोको मूल्यलाई औसत मूल्य कायम गरी सबैभन्दा कम दररेट पेस गर्ने एक आपूर्तकसँग सोझै खरिद गरी मूल्य अभिवृद्धि करसहित रु.३९ लाख ७३ हजार भुक्तानी गरेको छ। प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

२१. **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२)अनुसार उपनियम १ बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी दर र उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटलाई आधार लिनुपर्ने उल्लेख छ। त्रिशुली अस्पताल, नुवाकोटले १२८ स्लाइसको सिटीस्क्यान मेसिन खरिद गर्न रु.७ करोड ९५ लाख ९७ हजारको लागत अनुमान स्वीकृत गरेको छ। अस्पतालले ५ आपूर्तकसँग दररेट लिई औसत दररेट राखी लागत अनुमान तयार गरेकोमा अन्य आधारबारे विश्लेषण गरेको छैन। सिटी स्क्यान खरिद गर्न एक आपूर्तकसँग २०८१।१२।२५ मा कार्य सम्पन्न गर्ने गरी २०८०।९।१९ मा रु.७ करोड ८८ लाख ७४ हजारको सम्झौता भएको छ। नियमावलीले तोकेको प्रकृया पुरा गरी लागत अनुमान तयार गर्नुपर्दछ।

२२. **स्थानीय तहसँग समन्वय** - बागमती प्रदेश सरकार अन्तर्गत १३ स्वास्थ्य कार्यालयले ज्येष्ठ नागरिकलाई स्वास्थ्य सामग्रीसहित स्वास्थ्य परीक्षण कार्यक्रम, महिलाहरूमा हुनसक्ने अब्स्ट्रेटिक, फिस्टुला, पाठेघर खस्ने समस्यालगायतका प्रजनन स्वास्थ्य रूग्णताको जाँच शिविर सञ्चालन, सडक दुर्घटना रोकथाम तथा न्यूनीकरण, पोषण विशेष कार्यक्रम, किशोरकिशोरी स्वास्थ्य सेवा, एम एन एच कार्यक्रम, परिवार योजना सेवा, विद्यालयमा सूचना सञ्चार सामग्री वितरण, जिल्लामा नसर्ने रोगसम्बन्धी र मानसिक स्वास्थ्य सम्बन्धी एकीकृत तालिम, डेङ्गु सार्ने लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्नेलगायतका स्वास्थ्यसम्बन्धी अभिमुखीकरण, समन्वयात्मक बैठक/अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको देखिन्छ। यसप्रकारका अधिकांश कार्यक्रम स्थानीय तहबाटसमेत सञ्चालन हुने र कार्यालयबाटसमेत फिल्डवेशमा कार्यान्वयन हुने भएकोले कार्यक्रम दोहोरिने जोखिम रहन्छ। अतः कार्यालयले स्थानीय तहसँग समन्वय गरी वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजना कार्यान्वयन, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन, कार्यक्रम र प्रगति, स्वास्थ्य संस्था नवीकरण अध्ययन अवस्थालगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु विवरण देहायअनुसार छ :

  - मन्त्रालय तथा मातहत २७ निकायको रु.१ करोड ३३ लाख ३३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ८ निकायले रु.२५ लाख ४४ हजार फर्स्यौंट गरेकोले रु.१ करोड ७ लाख ८९ हजार बाँकी देखिएको छ। सोमध्ये रु.३ लाख ९६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची ९** मा छ।
  - समितितर्फ ११ अस्पताल र १ अन्य सस्थाको रु.२० करोड ९८ लाख १८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट ३ निकायले रु.२२ लाख ६४ हजार फर्स्यौंट गरेकोमा रु.९ लाख ४ हजार प्रतिकृयाबाट थप भई रु.२० करोड ८४ लाख ५९ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची १०** मा रहेको छ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५बमोजिम दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा, आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, ऊर्जा, तथा अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, प्रदेशमा रहेका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणका लागि प्रदेश मापदण्ड तयार गर्न प्रदेश तथा अन्तर्राष्ट्रिय नीति सम्वाद तथा लगानी मञ्चको विकासलगायतका कार्यक्षेत्र रहेको छ।

१. **लेखापरीक्षण अङ्क -** आयोगको यो वर्ष निम्नानुसार रु.२ करोड ९७ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२९६७९	८	१९	२०	२९७२६

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	१७७५८	१७७५८	९३०७	५२.४१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१६८	१६८	२४	१४.२९
२२१०० सेवा महशुल	६९०	६९०	३०५	४४.२०
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र मर्मत	४१२६	४१२६	२८४९	६९.०५
२२३०० कार्यालय सामान तथा सेवाहरू	१४७२	१४७२	१२३२	८३.७०
२२४०० सेवा तथा परामर्श खर्च	७८१२	६६१२	३२३०	४८.८५
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१०५१५	१२४६५	७०३८	५६.४६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	११९२	११९२	९९६	८३.५६
२२७०० विविध खर्च	८४०	८४०	५७२	६८.१०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१८००	१८००	१७४२	९६.७८
चालुतर्फ	**४६३७३**	**४७१२३**	**२७२९६**	५७.९३
पुँजीगततर्फ	**२४५०**	**२४५०**	**२३८३**	**९७.२७**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२४५०	२४५०	२३८३	९७.२७
कुल जम्मा खर्च	**४८८२३**	**४९५७३**	**२९६७९**	**५९.८७**

उल्लिखित विवरणअनुसार आयोगले चालुतर्फ ५७.९३, पुँजीगततर्फ ९७.२७ र समग्रमा ५९.८७ प्रतिशत खर्च गरेको छ।

३. **आवधिक योजना -** प्रदेशको पहिलो आवधिक योजना(२०७६।७७-२०८०।८१) ले विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। प्रथम आवधिक योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भएको छ। दोस्रो आवधिक योजना तयार गर्दा पहिलो आवधिक योजनाले २०८०।८१ को लागि

तय गरेको लक्ष्य प्राप्ति स्थितिको समीक्षा गरेको पाइएन। केही प्रमुख लक्ष्य तथा प्रगतिको स्थिति निम्नअनुसार छ :

सूचक	एकाई	२०७५।७६ को अवस्था	औषत लक्ष्य	औषत उपलब्धि
कृषि क्षेत्रको औषत वृद्धिदर	प्रतिशत	६.२	५.३	३.१
उद्योग क्षेत्रको औषत वृद्धिदर	प्रतिशत	८	१४.९	३.५
सेवा क्षेत्रको औषत वृद्धिदर	प्रतिशत	६.९	१०.४	२.२
आर्थिक वृद्धिदर	प्रतिशत	७.५	१०.६	२.५
प्रतिव्यक्ति आय	अमेरिकी डलर	१९६७	३०८७	२४८४
निरपेक्ष गरिबी	प्रतिशत	१५.३	८	१२.६
बेरोजगारी	प्रतिशत	७	४	७

उल्लिखित विवरणअनुसार कृषि, उद्योग, सेवा क्षेत्रहरूको आर्थिक वृद्धिदर, गरिबीको रेखामुनि रहेको जनसङ्ख्या र बेरोजगारी दरमा लक्ष्यको तुलनामा कम प्रगति भएको देखिन्छ। निर्धारित लक्ष्य पुरा हुने गरी आवधिक योजनाको कार्यान्वयन हुनुपर्दछ।

४. **दिगो विकास लक्ष्य -** प्रदेशले दिगो विकासका लक्ष्यहरू सम्बन्धमा २०७७ मा बागमती प्रदेशको अवस्था तथा मार्गचित्र तर्जुमा गरेको भए तापनि दिगो विकासका १७ लक्ष्यहरूमध्ये अधिकांश सूचकहरूको विद्यमान स्थितिको सूचकाङ्क तयार गरेको पाइएन। आयोगले तयार गरेको पछिल्लो प्रगति विवरणअनुसार २०७९।८० सम्मको प्रदेशका दिगो विकास लक्ष्य प्राप्ति स्थिति देहायअनुसार छः

लक्ष्य	एकाई	दिगो विकास लक्ष्य	उपलब्धि (२०७९।८०)
सबै ठाउँबाट सबै स्वरुपको गरिबीको अन्त्य	प्रतिशत	३.०८	१२.६
खाद्यसुरक्षा भण्डारणको सङ्ख्या	सङ्ख्या	१३	४
नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	प्रतिहजार	१०	१३
जम्मा कृषियोग्य भूमिमा आवाद गरिएको भूमि	हेक्टर	९०.०३	५६.८३
प्रजनन् उमेरका महिलामा रक्तअल्पता	प्रतिहजार	८.९६	२१.५१
पाँच वर्ष मुनिको मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	प्रतिहजार	२३	२७
गिनी कोफिसियन्ट	-	०.२५	०.४३
सामुदायिक बिउ बैङ्कहरूको सङ्ख्या	सङ्ख्या	३०	१०
कम पोषणको व्यापकता	-	३.५	२४.०४

स्रोतः दोस्रो आवधिक योजना, बागमती प्रदेश

उल्लिखित तालिकाअनुसार सबै सूचकमा लक्ष्यअनुसार प्रगति भएको नदेखिएकोले दिगो विकासका लक्ष्यहरूलाई योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी समन्वयात्मक व्यवस्था मिलाउनुपर्दछ।

५. **कार्यक्रम कार्यान्वयन -** वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख गरिएका क्रियाकलाप कार्यान्वयन गर्नुपर्नेमा यो वर्ष रु.४० लाख बजेट विनियोजन भएका स्थानीय विकास सूचकाङ्कसहितको प्रतिवेदन तयारी, प्रदेशको निर्यात योग्य वस्तुहरू पहिचान सम्बन्धी अध्ययन, स्थानीय मानव विकास प्रतिवेदन अध्यावधिक, ग्रामीण अर्थतन्त्रको प्रवर्धनमा सीप विकासको भुमिका सम्बन्धी अध्ययन, प्रदेशको कुल गार्हस्थ उत्पादनमा

पर्यटन क्षेत्रको योगदान सम्बन्धी अध्ययन, प्रदेशस्तरीय दिगो विकास लक्ष्य मध्यावधि समीक्षा कार्यक्रम र प्रदेश विकास परिषद्को बैठक तथा सञ्चालनसमेत ७ कार्यक्रम कार्यान्वयन भएको देखिएन।

६. **निर्णय कार्यान्वयन -** प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७६ को परिच्छेद २ मा विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्या समाधानलगायत नीतिगत विषयमा सहजीकरणका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा माननीय मुख्यमन्त्रीको अध्यक्षतामा एक प्रदेश विकास समस्या समाधान समिति रहने व्यवस्था छ। यो वर्ष समितिको बैठक १ पटक बसी २० निर्णय गरेकोमा मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्ने, विषयगत गुरुयोजना अनुरुपका ठूला आयोजनामा लगानी केन्द्रित गर्ने, राजस्वको स्रोत अनुमान, सङ्कलन र बाँडफाँटलाई यथार्थपरक बनाउने, प्रदेशमा एकीकृत प्रतिवेदन प्रणालीको विकास गरी स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका आयोजना कार्यान्वयनको प्रगति प्रतिवेदन तयारी गर्ने, निजी लगानीको वातावरण सिर्जना गर्ने, संकटग्रस्त रुग्ण सहकारीको समस्या सम्बोधन गर्ने, सङ्घीय कानुनसँग बाँझिएका प्रदेश कानुन संशोधन गर्ने जस्ता विषयहरू कार्यान्वयन भएका छैनन। परिषदको निर्णय कार्यान्वयन गर्नुपर्दछ।

७. **आयोजना बैङ्क -** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा ६(क)(४) मा लाभ लागतलगायत विविध विश्लेषणका आधारमा आयोजना बैङ्क निर्माण गर्ने व्यवस्था छ। प्रदेश विकास समस्या समाधान समितिको २०७८।०८।२३ मा बसेको बैठकको आयोजना बैंङ्क व्यवस्थापन सूचना प्रणाली तत्काल कार्यान्वयनमा ल्याइने निर्णयअनुसार आयोगले बागमती प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको विकास गरी बागमती प्रदेश आयोजना बैङ्क व्यवस्थापन सुचना प्रणाली दिग्दर्शन, २०८० स्वीकृत गरेको छ। आयोजना बैङ्क स्थापना गर्नको लागि पटक पटक निर्णय भएतापनि आयोग गठन भएको ६ वर्ष व्यतीत हुँदासमेत आयोजना बैङ्क स्थापना भएको छैन। स्रोत साधनका प्रथामिकतायुक्त क्षेत्रमा विनियोजन गरी योजना प्रणालीलाई प्रभावकारी बनाउन आयोगले मन्त्रालयसँग समन्वय गरी आयोजना बैङ्कको स्थापना तथा सञ्चालन गर्नुपर्दछ।

८. **कार्य अवधि -** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा १३ मा मुख्यमन्त्री आफ्नो पदबाट पदमुक्त भएमा आयोगका पदाधिकारी पदमुक्त हुने उल्लेख छ। उपाध्यक्षसहितको ५ पदाधिकारी रहने आयोगमा ६ वर्षको अवधिमा ७ जना उपाध्यक्ष, १६ सदस्य र १२ जना सचिवले आयोगको कार्य जिम्मेवारी सम्हालेको देखिन्छ। सरकार परिवर्तनसँगै आयोगका पदाधिकारीकोसमेत फेरबदल हुने व्यवस्थाले आयोगको कार्य सम्पादनमा असर पर्ने देखिन्छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा दिगो विकास लक्ष्य, आयोजना बैङ्क स्थापना, आवधिक योजनाको समीक्षालगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग गठन हुने व्यवस्था छ। प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति, प्रदेश वा स्थानीय तहको संगठित संस्थाको सेवाका पदमा उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गरी कर्मचारीको सेवाका शर्तसम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ।

१. **लेखापरीक्षण अङ्क -** आयोगको यो वर्ष निम्नानुसार रु.१८ करोड ३६ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७४९२३	१०७८२५	९२०	-	१८३६६८

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छ ;

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक / सुविधा	४२८४१	४२८४१	१६८५५	३९.३४
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२३६	२३६	७९	३३.४७
२२१०० सेवा महसुल	१५२२	१५२२	३९३	२५.८२
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४५७८	४५७८	२३२९	५०.८७
२२३०० कार्यालय सामान तथा सेवाहरू	५४३०	५४३०	२६१९	४८.२३
२२४०० सेवा तथा परामर्श खर्च	४७८१	४७८१	३०२५	६३.२७
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	३८००	४८१६	१५३७	३१.९१
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	१५९०	१५९०	८३३	५२.३८
२२७०० विविध खर्च	३३९०३	४१७०३	४१००५	९८.३३
२७३०० कर्मचारी सामाजिक लाभ	०	३१०	३१०	१००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३८००	३८००	३०२८	७९.६६
जम्मा चालु	**१०२४८१**	**१११६०७**	**७२०१३**	**६४.५२**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	९१०६	९१०६	२९१०	३१.९६
जम्मा पुँजीगत	**९१०६**	**९१०६**	**२९१०**	**३१.९६**
कुल जम्मा	**१११५८७**	**१२०७१३**	**७४९२३**	**६२.०७**

उल्लिखित विवरणअनुसार आयोगले चालुतर्फ ६४.५२, पुँजीगततर्फ ३१.९६ र समग्रमा ६२.०७ प्रतिशत खर्च गरेको देखिन्छ।

३. **नतिजा प्रकाशन -** आयोगबाट यो वर्ष सहायकस्तर पाँचौं देखि अधिकृतस्तर नवौं तहसम्मका १ हजार ६९९ पदका लागि दरखास्त आह्वान भएकोमा ९४ हजार ५ ले परीक्षा फारम भरेका सोमध्ये ४४

हजार १५१ जना अर्थात ४६.९७ प्रतिशत आवेदक परीक्षामा सामेल भई १ हजार ४८ जना अर्थात मागको तुलनामा ६१.६८ प्रतिशतमात्र उत्तीर्ण भएको देखिन्छ। गत वर्ष परीक्षा सञ्चालन भएका कतिपय सेवा समूहका पदहरूको नतिजा हालसम्म प्रकाशन भएको छैन।

४. **परामर्श -** प्रदेश लोकसेवा आयोगको वार्षिक प्रतिवेदनअनुसार प्रदेश सरकारबाट माग भई आएको निजामती सेवा नियमावलीको मस्यौदा तथा भरतपुर महानगरपालिकामा कार्यरत कृषि सेवा, मत्स्य समूह सहायक स्तर पाँचौं र प्राविधिक सहायक एक कर्मचारीलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ दफा ११८(१)(ग)बमोजिमको कसुरमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी परामर्श प्रदान गरेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा परामर्श, नतिजा प्रकाशनलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण-** प्रदेश लोकसेवा आयोगको यो वर्ष रु.१ लाख ४१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि उक्त बेरुजु फर्स्यौंट गरेको छ। सम्बन्धित विवरण **अनुसूची-९** मा संलग्न छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा उल्लेख भएबमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने गराउने र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीसमेतलाई कानुनी रायसल्लाह उपलब्ध गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क -** कार्यालयको यो वर्ष निम्नानुसार रु.१ करोड ८३ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१८१९४	-	१५	१८७	१८३९६

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालय को यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक/सुविधा	८३०९	८२२१	५५८६	६७.९५
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३४	३४	२२	६४.७१
२२१०० सेवा महशुल	४६४	४६४	१८०	३८.७९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र मर्मत	१७२०	२०७०	१८३०	८८.४१
२२३०० कार्यालय सामान तथा सेवाहरू	८३०	९८०	९३२	९५.१०
२२४०० सेवा तथा परामर्श खर्च	१७९०	१९९८	१९९६	९९.९०
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	४४००	५०१९	४५८१	९१.२७
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१०००	१२००	९२७	७७.२५
२२७०० विविध खर्च	३००	३००	२८३	९४.३३
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१२००	६००	५९८	९९.६७
चालु खर्च जम्मा	२००४७	२०८८६	१६९३४	८१.०८
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च (पुँजीगत)	१३१३	१३१३	१२६०	९५.९६
पुँजीगत खर्च जम्मा	१३१३	१३१३	१२६०	९५.९६
कुल जम्मा	**२१३६०**	**२२१९९**	**१८१९४**	**८१.९६**

उल्लिखित विवरणअनुसार कार्यालयले चालुतर्फ ८१.०८ ,पुँजीगततर्फ ९५.९६ र समग्रमा ८१.९६ प्रतिशत खर्च गरेको छ ।

३. **कानुनी राय** - नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहाकार हुने व्यवस्थाबमोजिम संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको

कर्तव्य हुने व्यवस्था छ। कार्यालयले यो वर्ष माग भएअनुसार मौखिक रुपमा राय सल्लाह दिएको उल्लेख गरेको छ।

४. **मुद्दाको स्थिति–** कार्यालयको वार्षिक प्रतिवेदन २०८०।८१अनुसार गत वर्षसम्म १२७ मुद्दा फर्स्यौंट हुन बाँकी देखिएकोमा १०६ मुद्दा नयाँ दर्तासमेत २३३ मुद्दारहेकोमा ८५ फर्स्यौंट भई १४८ बाँकी रहेको छ। प्रदेश सरकारको अधिकार क्षेत्र, राजस्व, प्रदेश कानुनको सम्बन्धमा न्यायिक पुनरावलोकनका मागसहितका रिट निवेदनहरूका मुद्दा बढी पर्ने गरेको देखिन्छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा मुद्दाको अवस्थामा बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजुको विवरण** - कार्यालयतर्फ यो वर्ष लगती वेरुजु देखिएको छैन।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधानबमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्नेलगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानूनी व्यवस्था** - नेपालको संविधानको धारा २१४बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ/नगर कार्यपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची -८ मा उल्लेख भएअनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालनलगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची -९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्नेसमेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये बागमती प्रदेशमा ११९ रहेका छन्। गाउँपालिकामा ५ देखि १५सम्म वडा तथा नगरपालिकामा ९ देखि ३५सम्म वडा रहने गरी स्थानीय तहको गठन हुने व्यवस्था छ। प्रदेशमा स्थानीय तहको संख्या सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनौटको आधारमा ३ महानगरपालिका, १ उप-महानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकताअनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमासमेत प्रभावकारिता आउनसकेको छैन।

कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा गत वर्ष औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार हुने गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुने गरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्दछ।

६. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ११९ स्थानीय तहको देहायअनुसार यो वर्षको शुरु जिम्मेवारी रु.३९ अर्ब १० करोड ३ लाख ३९ हजार र यो वर्षको आय रु.१ खर्ब २१ अर्ब ८६ करोड १३ लाख ६ हजार मध्ये रु.१ खर्ब २८ अर्ब २५ करोड १७ लाख ९८ हजार खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रु.५८ अर्ब ८६ करोड १८ लाख ९२ हजार, पुँजीगत खर्च रु.४३ अर्ब १४ करोड ९१ लाख १० हजार र वित्तीय तथा अन्य खर्च रु.२६ अर्ब २४ करोड ७ लाख ८८ हजार गरी रु.३२ अर्ब ७० करोड ९८ लाख ५४ आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रु. हजारमा)

क्र.सं	विवरण	संख्या	लेखापरीक्षण गाइ	बेरुजु		शुरु जिम्मेवारी	राजीनामा बमोजिम	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँड	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तिय खर्च	कुल खर्च	जिम्मेवारी सरेको
				रकम	प्रतिशत												
१	महानगरपालिका	३	४९३४४४२७	८३६०३६	१.६९	१९८४१४५३	६१९७९९२	४५१३९९	४१०५०९७	९२७९६३९	३२६६९३६	२३३०१०६२	९८९१५२५	११७५७७६७	४३९४०७४	२६०४३३६६	१७०९९१५०
२	उपमहानगरपालिका	१	५५९६७७२	१३०२९४	२.३३	६७७१०१	१०१८३५५	८८३०२	४८७२०३	३५२५७९	६४१४२९	२५८७८६९	१३९९६९४	९३३७२६	६७५४८२	३००८९०३	२५६०६७
३	नगरपालिका	४१	१०४८६९२९८	१९८०५३९	१.८९	१३३७४७२७	२०४३९३२१	२५३२५५६	१०३३९४६४	७०९५७९५	१०९३२७३६	५१३३९८७४	२४७२६७१	१८३४४९९५	१०८११७५६	५३५२९४२७	१११८५१७७
४	गाउँपालिका	७४	९०३०२६०७	१६०१६५९	१.७७	५२०७०५८	२३०२२७५६	३६०७०१०	७३४५४४२	१३३८५९८	९३१८७९४	४४६३२५०१	२३१९८००२	१२११२६२२	१०३५१४७६	४५६७०१०२	४१६९४६०
जम्मा		११९	२५०११३१०४	४५४८५२८	१.८२	३९१००३३९	५०६७८४२४	६६७९२६७	२२२७७२०६	१८०६६५११	२४१५९८९५	१२१८६१३०६	५८८६१८९२	४३१४९११०	२६२४०७८८	१२८२५१७९८	३२७०९८५४

उपर्युक्त सङ्घीय र प्रदेश अनुदान रकममा अन्तर सरकारी अख्तियारीको रकमसमेत समावेश छ। यससम्बन्धी विस्तृत विवरण **अनुसूची -१४** मा समावेश छ।

७. **वित्तीय हस्तान्तरण -** महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु. हजारमा)

क्र. सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण		
		सङ्घ	प्रदेश	जम्मा	सङ्घ	प्रदेश	जम्मा
१.	समानीकरण	१५८०९९००	१६६२५००	१७४७२४००	१४७०३५८२	१६६२५००	१६३६६०८२
२.	सशर्त	३३५०६५८९	२९०४५२६	६४१११११५	३०४८४७६८	२३८३३५३	३२८६८१२१
३.	विशेष	१५५१९००	७३७२००	२२८९१००	१०२७५३६	४९४४७२	१५२२००८
४.	समपुरक	१०९०५००	२३५०७००	३४४१२००	७२५४०३	१६१९९८०	२३४५३८३
	जम्मा	**५१९५८८८९**	**७६५४९२६**	**५९६१३८१५**	**४६९४१२८९**	**६१६०३०५**	**५३१०१५९४**

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ८८.४० प्रतिशत तथा प्रदेश सरकारबाट ११.६० प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ११९ स्थानीय तहको २०८०।८१ को कुल आन्तरिक आय रु.१८ अर्ब ६ करोड ६५ लाख ११ हजार रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्चसमेत धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजस्व क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा बजेट पेस र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। बागमती प्रदेशमा रहेका ११९ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रु.५८ अर्ब ८६ करोड १८ लाख ९२ हजार (४५.९० प्रतिशत), पुँजीगत खर्च रु.४३ अर्ब १४ करोड ९१ लाख १० हजार (३३.६४ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रु.२६ अर्ब २४ करोड ७ लाख ८८ हजार (२०.४६ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४)बमोजिम पालिकाले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय सरकार बीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा पालिकाले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले पालिकामा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, पालिकाले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, पालिकाले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको, समपुरक रकमको पचास प्रतिशत भन्दा बढी रकम खर्च गरेकोमा फिर्ता नगरेको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र पालिका बीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११९ पालिकाको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ८ हजार ५४१ दफा र लगती १३ हजार ५८६ दफाबाट रु.५ अर्ब ३३ करोड ७२ लाख २३ हजार र प्रतिक्रियाबाट थप बेरुजु ७९ लाख ७३ हजार गरी जम्मा ५ अर्ब ३४ करोड ५१ लाख ९६ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट ७९ करोड ६६ लाख ६८ हजार बेरुजु फर्स्यौंट भई रु.४ अर्ब ५४ करोड ८५ लाख २८ हजार बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

वर्गीकरण	बेरुजु अङ्क	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**७८६७९४**	**१७.३०**
२. नियमित गर्नुपर्ने	**३३८९९९२**	**७४.५३**
२.१ अनियमित भएको	२००२५१७	४३.०३
२.२ प्रमाण कागज पेस नभएको	१३८३८७८	३०.४२
२.३ शोधभर्ना नलिएको	३५९७	०.०८
३. पेस्की	**३७१७४२**	**८.१७**
जम्मा बेरुजु	**४५४८५२८**	**१००**

द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये पालिकाको किसिमअनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छः

(रु.हजारमा)

क. सं	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१.	महानगरपालिका	३	४९३४४४२७	८३६०३६	७९८७१	१.६९	१.५३
२.	उप-महानगरपालिका	१	५५९६७७२	१३०२९४	१९८१२	२.३३	१.९७
३.	नगरपालिका	४१	१०४८६९२९८	१९८०५३९	१९३९२३	१.८९	१.७०
४.	गाउँपालिका	७४	९०३०२६०७	१६०१६५९	७८१३६	१.७७	१.६९
जम्मा		**११९**	**२५०११३१०४**	**४५४८५२८**	**३७१७४२**	**१.८२**	**१.६७**

१२. **लेखापरीक्षणबाट देखिएका बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहायअनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुनअनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायतका बेहोरा देखिएका छन्।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - एकिकृत वार्षिक प्रतिवेदनमा पेश्कीको अभिलेख अद्यावधिक नगरेको, स्वीकृत लेखा फारमहरू प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यो वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, एकीकृत आर्थिक विवरण र प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा फरक परेको, आन्तरिक लेखापरीक्षण नगराएको, विभिन्न भुक्तानीमा कट्टी भएको दायित्व रकम एकीकृत वार्षिक प्रतिवेदनमा देखिएकोमा दाखिला नभएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा व्यवस्थापन तथा सर्वेक्षण नगरी दरबन्दी स्वीकृती र पदपूर्ति गरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरवन्दी वेगर करार सेवामा नियुक्ति गरेको, स्थायी कर्मचारी नियुक्ती हुने पदमा करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्स्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुनमा व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेकोलगायत बेहोरा देखिएका छन्।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम** - बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेकोलगायतका बेहोरा देखिएका छन्।

- **आन्तरिक आय** - लक्ष्यअनुसार सम्पत्ति कर, व्यवसाय कर, बहाल करलगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी वक्यौता रकम असुल नगरेको, असुल गर्न बाँकी कर तथा शुल्क बक्यौताको अभिलेख प्रमाणित गरी नराखेको, राजस्वको सफ्टवेयर वर्षान्तमा लक नगरेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौताअनुसारको रकम असुल नगरेको, आय

ठेक्का नलागेकोमा अमानतवाट असुल नगरेको, प्रदेश कानुनअनुसार राजस्व बाँडफाँट नगरेकोलगायत बेहोरा देखिएका छन्।

- **खरिद व्यवस्थापन**- आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेस भएका प्रतिवेदनहरू स्वीकृत गरी कार्यान्वयन नगरेको, प्रथम त्रैमासिकमा ठेक्का व्यवस्थापन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, केही पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु नगरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको एवं अवधि थपको निर्णय नगरेको, उपभोक्ता समितिबाट जटिल प्रकृतिको र सीमा भन्दा बढीको कार्य गराएको, उपभोक्ता समितिले सम्झौताअनुसारको योगदान नगरेको, स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा घटी/बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी सम्झौतामा उल्लेखित प्रतिशत भन्दा बढी मूल्य समायोजन भुक्तानी गरेको, पुर्व निर्धारित क्षतिपुर्ति असुल नगरेको, बजेट अभाव र निर्माण व्यवसायीको कारण ठेक्का अधुरो रहेको लगायतका बेहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन**– आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण गरेको, बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फर्स्यौंट नगरेको, विद्यालयका शिक्षकहरूको पारिश्रमिक तथा अन्य रकमहरू बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, वित्तीय समानीकरणबाट शिक्षकको तलब भत्तालगायत चालु खर्च गरेको, सामाजिक सुरक्षा भत्ता बढी निकासा गरेको, निस्कृय खातामा रहेको सामाजिक सुरक्षा भत्ता रकम सङ्घीय सञ्चित कोषमा फिर्ता नगरेको, पालिकाको क्षेत्राधिकार नभएको निकायलाई आर्थिक सहयोग गरेको, खर्च नभई बाँकी रहेको अनुदान रकम वर्षान्तमा सञ्चित कोषमा फिर्ता नगरेकोलगायत बेहोरा देखिएका छन्।

- **फोहोरमैला व्यवस्थापन** - काठमाडौं, ललितपुर, भरतपुर महानगरपालिका, शंखरापुर, महालक्ष्मी, टोखा, गोकर्णेश्वर, तारकेश्वर, मध्यपुर थिमीलगायतका नगरपालिकामा निजी संस्थाले फोहोरमैला सङ्कलन गरेकोमा पालिकासँग सम्झौता गरी अनुमति नलिएको, पालिकाहरूभित्र फोहोरको सङ्कलन, वर्गीकरण, बिसर्जन हुने परिमाण यकिन नगरेको, निजी संस्था आफैले निर्धारण गरी शुल्क उठाउने गरेको, पालिका आफैले फोहोरमैला सङ्कलन कार्य गर्न नसकेको, बुढानिलकण्ठ नगरपालिकामा निजी संस्थामार्फत फोहोर सङ्कलन भएकोमा अधिकांशसँग सम्झौता नभएको र शूल्कसमेत नतोकेको, नागार्जुन नगरपालिकाले निजी संस्थामार्फत क्षेत्र तोकी सम्झौता गरेकोमा एक संस्थासँग उठाउने शूल्क नतोकेको, सूर्य विनायक, गोदावरी नगरपालिकाले शुल्क निर्धारण गरी ठेक्का सम्झौता गरेकोमा न्यूनतम रोयल्टी बुझाउने गरेको, कागेश्वरी, मनोहरा, चागुँनारायण र किर्तिपूर नगरपालिकामा केही निजी संस्थाले मूल्य अभिवृद्धि कर असुल गरेकोमा सङ्घीय सञ्चितकोषमा दाखिला नगरेको, निजी संस्था मूल्य अभिवृद्धि करमा दर्ता नभएको, प्रतिस्पर्धात्मक विधिबाट ठेक्का लगाउनुपर्ने, कर बीजक जारी गर्नुपर्ने, रोयल्टी रकम समयसापेक्ष वृद्धि गर्नुपर्ने र सङ्कलित मूल्य अभिवृद्धि कर सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेलगायतका बेहोरा देखिएका छन्।

- **अभिलेख तथा अनुगमन**- स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौंट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको

अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन र अनुगमन नगरेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन एवं संकटग्रस्त सहकारीलाई कारबाहीको दायरामा नल्याएकोलगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका बेहोराहरू सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

१३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - बागमती प्रदेशका ११९ पालिकाको गत वर्षसम्मको कुल बेरुजु रु.२९ अर्ब ३८ करोड १६ लाख १२ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.२ अर्ब १४ करोड ७४ लाख ४५ हजार फर्स्यौंट भई रु.२७ अर्ब २३ करोड ४१ लाख ६७ हजार बाँकी रहेकोमा यो वर्षको लेखापरीक्षणबाट थप भएको रु.४ अर्ब ५४ करोड ८५ लाख २८ हजार र सम्परीक्षणबाट थप भएको रु.७ करोड १९ लाख ९७ हजारसमेत रु.३१ अर्ब ८५ करोड ४६ लाख ९२ हजार बेरुजु बाँकी रहेको छ।

१३.१. लेखापरीक्षण ऐन,२०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन पालिकाको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश पालिकाहरूले यससम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको बेहोरा गत विगतको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत छ ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समितिलगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। पालिकाले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानूनी व्यवस्था गरी बेरुजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद-४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** – नेपालको संविधानको धारा २४१ अनुसार यस प्रदेशका सबै सरकारी कार्यालय तथा कानुनद्वारा तोकिएका अन्य कार्यालयको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी २१४ निकायमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट १७३ कार्यालयको सैद्धान्तिक दफा १ हजार ८१४ र लगती दफा १ हजार २५९ बाट रु.६७ करोड १९ लाख ५३ हजार बेरुजु देखिएकोमा ३५ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा १ र लगती दफा २५० को रु.४ करोड ७३ लाख ६४ हजार फर्स्यौंट भई प्रतिक्रियाबाट रु.३ लाख २४ हजार थपसमेत यो वर्षको रु.६२ करोड ४९ लाख १३ हजार बाँकी रहेको छ।

समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १६ निकायको सैद्धान्तिक दफा २४० र लगती २७७ बाट रु.२२ करोड ८२ लाख ९१ हजार बेरुजु देखिएकोमा ५ निकायको लगती दफा ५७ को रु.२३ लाख २६ हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई रु.९ लाख ४ हजार थपसमेत यो वर्षको रु.२२ करोड ६८ लाख ६९ हजार बेरुजु बाँकी रहेको छ।

२. **बेरुजुको लगत र अभिलेख** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ (१) मा कार्यालयस्तरमा र दफा ३६ (२) मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहत सबै कार्यालयको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ। दफा ३९ (४) मा फर्स्यौंट तथा सम्परीक्षण भएको बेरुजुको लगत अद्यावधिक गरी अन्तिम लेखापरीक्षण हुँदा परीक्षण गराउनुपर्ने व्यवस्था छ। निकायहरूले सोअनुरूप बेरुजुको लगत अद्यावधिक नगरेको तथा सम्बन्धित निकायमा बेरुजुको यथार्थ विवरण नरहेको कारण बेरुजु फस्यौट एवं सम्परीक्षणको कार्यमासमेत प्रभाव परेको छ। ऐनको व्यवस्थाबमोजिम बेरुजुको लगत व्यवस्थापन, फर्स्यौंट अभिलेख, तथा सम्परीक्षण कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

३. **सम्परीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा लेखापरीक्षणबाट औंल्याईएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुल उपर गरी बेरुजु फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौंट गरेपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्थाअनुसार महालेखापरीक्षकको छैटौं प्रतिवेदनसम्म प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको कुल रु.४ अर्ब २८ करोड ५ लाख ६१ हजार बेरुजु रहेकोमा रु.२६ करोड ८२ लाख ७९ हजार सम्परीक्षण भई सम्परीक्षणबाट कायम रु.४९ लाख २ हजारसमेत रु.४ अर्ब १ करोड ७१ लाख ८४ हजार बेरुजु बाँकी रहेको छ। उक्त रकममा चालु वर्षको बेरुजु रु.८५ करोड १७ लाख ८२ हजार थप भई यो वर्षसम्मको बाँकी बेरुजु रु.४ अर्ब ८६ करोड ८९ लाख ६६ हजार रहेको छ।

४. **वार्षिक प्रतिवेदन छलफल** - महालेखापरीक्षकबाट संविधानको धारा २९४ को उपधारा ३ मा प्रदेश प्रमुख समक्ष पेस भएको प्रदेशको काम कारबाहीको प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५)बमोजिम मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने व्यवस्था छ। सोअनुसार महालेखापरीक्षकले गत वर्षसम्म प्रदेश प्रमुख समक्ष ६ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा प्रदेश सभाको सार्वजनिक लेखा

समितिमा दफावार छलफल सम्पन्न भएको छ। छलफल भएका बेरुजु सम्बन्धमा दफावार निर्णय अनुमोदन गरी दिएका निर्देशन एवं सार्वजनिक लेखापालन सम्बन्धमा भएका निर्णयको कार्यान्वयनको अभिलेख राखी अनुगमन गर्नुपर्दछ ।

५. **बेरुजु न्यूनीकरण -** महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद-५

भविष्यमा गर्नुपर्ने सुधार

दिगो विकासका लागि स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्न प्रयत्नशील रहनुपर्दछ। प्रदेशले यसका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी उपयुक्त संगठनात्मक संरचना, कर्मचारी व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालनलगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारको यो वर्षको लेखापरीक्षणबाट देखिएका कमी कमजोरीहरूमा पुनरावृत्ति नहुने गरी आर्थिक र वित्तीय अनुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक कानुन सम्बद्ध पक्षसँगको समन्वयमा तर्जुमा गरी कार्य सम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ । यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

३. मन्त्रालयहरूको संख्या र सङ्गठन संरचनामा पटक पटक थपघट हुँदा खर्चमा बृद्धि, नीतिगत अस्थिरता हुनुका साथै जिम्मेवारी र जवाफदेहितामा समेत असर परेकोले यसमा सुधार हुनुपर्दछ।

४. प्रदेश र स्थानीय तह वीच संरचना र काममा हुने दोहोरोपनालाई अन्त गर्दै सेवा प्रवाह प्रभावकारी वनाउनु पर्दछ।

५. सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन बञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

६. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

७. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

८. मातहतका कार्यालयहरूबाट गराउनु पर्ने कार्यहरू मन्त्रालयमा एकमुष्ट बजेट राखी कार्यान्वयन गरेको देखिएकोले मन्त्रालयहरू कार्य सञ्चालन स्तरका काममा संलग्न नभई नियमन, समन्वय, अनुगमन लगायत नीतिगत कार्यमा केन्द्रित रहनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

९. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयन योग्य बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१०. बजेट र खर्चको आँकलनलाई यथार्थपरक बनाई बजेट र यथार्थ खर्च बीचको अन्तर न्यून गर्नुपर्दछ।

११. पूर्वानुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अवण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर र कार्यक्रम शंसोधन गर्ने कार्यबाट विकास निर्माण कार्यको गुणस्तरमासमेत कमि आउने भएकोले यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

१२. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१३. आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र बजेट बीच सामञ्जस्यता कायम गरी बजेट विनियोजन गर्नुपर्दछ।

१४. मन्त्रालय तथा केन्द्रीय निकायले नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तोकिएको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ। साथै मन्त्रालयहरूले मातहतका बजेटरी तथा गैरबजेटरी निकायहरूको कारोबार तथा सूचनालाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

१५. संघ/प्रदेश/स्थानीय तह बीच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात कानुन बमोजिम फिर्ता गर्नुपर्ने भएमा आर्थिक वर्ष समाप्तिपश्चात् मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

१६. निर्वाचित हुने पदबाहेक सरकारीकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

१७. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनमा नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी मात्र अनुदान प्रदान गर्नुपर्दछ ।

१८. व्यावसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरूमा लगानी गर्दा लगानीको प्रकृति (शेयर वा ऋण) उल्लेख गर्नुपर्दछ। संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुदैन।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१९. प्रदेश सरकार र मातहत निकायसमेतको सम्पत्तिको एकीकृत अभिलेख राखी संरक्षणको व्यवस्था गर्न मूल्य नखुलेका सम्पत्तिको मूल्य खुलाई राख्ने, घरजग्गा अभिलेख व्यवस्थित हुने गरी प्रदेश सरकारको सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२०. जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोग हुने सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

२१. मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्नुपर्दछ।

२२. प्रयोगमा नआएका भवन, उपकरण, सवारी साधनलगायतका सम्पत्तिहरू हस्तान्तरण एवं व्यवस्थापन गर्नुपर्दछ।

विकास व्यवस्थापन

२३. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना गरी आयोजना बैङ्कमा राखेका आयोजनाहरूलाई मात्र बजेट विनियोजन गरी आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

२४. प्रदेश गौरवका आयोजनामा बजेटको सुनिश्चितता गर्नुका साथै सरोकारवाला निकाय बिच समन्वय र सहकार्य हुने गरी निर्धारित समयमा नै आयोजना सम्पन्न गर्न उपयुक्त अनुगमन संयन्त्र सहितको कानुनी व्यवस्था हुनुपर्दछ।

२५. मन्त्रालयहरूले योजना व्यवस्थापन गर्दा स-साना र टुक्रे योजना छनोट एवं सञ्चालन नगरी बढी प्रतिफल प्राप्त हुने तुलनात्मक लाभ बढी भएका योजना तथा कार्यक्रम छनोट एवं कार्यान्वयन गर्नुपर्दछ।

२६. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

२७. एउटै प्रकृतिको काममासमेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

२८. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

२९. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्नेगरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाईसमेत जवाफदेही बनाउनुपर्दछ ।

३०. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरिएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेको देखिएकोले ती योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ। लाभ लागतको दृष्टिकोणले उपयुक्त नदेखिएमा सोको कारण खुलाई कानुन बमोजिम टुङ्ग्याउनुपर्दछ।

३१. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ । कार्यालयमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने र विशेष प्राविधिक विज्ञता आवश्यक पर्ने कार्यमा मात्र परामर्श सेवा लिनुपर्दछ।

३२. परामर्शदाताबाट तयार भएका विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा देखिएका त्रुटि सम्बन्धमा सम्बन्धित विज्ञसमेतलाई जवाफदेही बनाउनुपर्दछ।

३३. दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटबीच सामाञ्जस्यता कायम गर्नुपर्दछ।

सूचना प्रविधि

३४. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना/भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३५. प्रदेश मातहतका कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीले कार्यालयहरूको आवश्यकतानुसार सूचना प्रदान गर्न नसकेकोले यसमा सुधार हुनुपर्दछ।

३६. तथ्याङ्क सत्यापन गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरुपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

३७. खरिद भएका सफ्टवेयरहरूको सोर्सकोड प्राप्त गरी सञ्चालनमा ल्याउनुपर्दछ।

सार्वजनिक प्रशासन

३८. प्रदेश सरकार (कार्यविभाजन) नियमावलीबमोजिम कार्य जिम्मेवारी सम्पादन गर्न कार्ययोजना तयारी गरी आवश्यक साधन स्रोत र पूर्वाधारको व्यवस्था गर्नुपर्दछ।

३९. प्रदेशमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

४०. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार र सञ्चालन गरी स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

४१. स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरणको अभिलेख अद्यावधिक गरी ती संस्थाहरूको नियमन गर्नुपर्दछ।

४२. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

४३. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्युतीय माध्यमको प्रयोग, गुनासो सुनुवाई, प्रभावकारी अनुगमन गरी संलग्न पदाधिकारी र जनशक्तिलाई सेवाग्राही प्रति उत्तरदायी र जवाफदेही बनाउनुपर्दछ।

४४. एउटै कर्मचारीलाई एकभन्दा बढी निकायको जिम्मेवारी दिने, विकल्प हुँदा समेत निमित्तबाट प्रशासन सञ्चालन गर्ने एवं कानुनी व्यवस्था विपरीत ३ महिना भन्दा बढी काजमा खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४५. अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

४६. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायबाट वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम, लागत र प्राप्त उपलब्धिलगायतका विषयहरूको प्रगति समीक्षा गर्नुपर्दछ।

सुशासन

४७. सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

४८. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौंट गर्नुपर्दछ।

४९. जिम्मेवार पदाधिकारी र लेखाउत्तरदायीत्व अधिकृतले लेखापरीक्षणवाट औंल्याएका बेरुजुहरू फर्स्यौंट गर्न गराउन विशेष सक्रियता देखाउनुपर्दछ।

५०. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सम्बन्धमा प्रदेश लेखा समितिको निर्णय एवं निर्देशनको पालना हुनुपर्दछ। बेरुजु नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ।

५१. प्रदेश सभाका विशेष समिति, प्रदेश मन्त्रिपरिषद्, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची –१
(प्रतिवेदनको परिच्छेद-१ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण
२०८०।८१

(रु.हजारमा)

सि.नं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजु भएका कार्यालयको संख्या	बेरुजु रकम
१.	प्रदेश सभा सचिवालय	१	१	२७०
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	३३४५
३.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२	२	०
४.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१४	८	०
५.	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	१५	१३	५४०२
६.	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३७	३३	८६९६६
७.	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	२२	२२	१०९४४८
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१७	१७	३६९२०६
९.	वन तथा वातावरण मन्त्रालय	२५	२२	२२४१०
१०.	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१३	११	६८६
११.	संस्कृति तथा पर्यटन मन्त्रालय	६	४	२८०२
१२.	सामाजिक विकास मन्त्रालय	८	८	१३५८९
१३.	स्वास्थ्य मन्त्रालय	३४	२८	१०७८९
१४.	प्रदेश नीति तथा योजना आयोग	१	१	०
१५.	प्रदेश लोक सेवा आयोग	१	१	०
१६.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
	जम्मा	**१९८**	**१७३**	**६२४९१३**

लेखापरीक्षण गरिएका समिति तथा अन्य संस्थाको विवरण
२०८०।८१

(रु.हजारमा)

क्र.सं.	समिति तथा अन्य संस्थाको नाम	संख्या	बेरुजु भएका कार्यालयको संख्या	बेरुजु रकम
१	**समितितर्फ**			
१.१	हेटौडा अस्पताल विकास समिति	१	१	१२८१९२
१.२	सिन्धुली अस्पताल विकास समिति	१	१	२६२
१.३	रामेछाप अस्पताल विकास समिति	१	१	०
१.४	रसुवा अस्पताल विकास समिति	१	१	१००
१.५	भक्तपुर अस्पताल विकास समिति	१	१	६१४५४
१.६	धादिङ्ग अस्पताल विकास समिति	१	१	०
१.७	त्रिशुली अस्पताल विकास समिति	१	१	२१२७
१.८	चौतारा अस्पताल विकास समिति	१	१	८३४५
१.९	बज्रबाराही चापागाउँ अस्पताल	१	१	१८३१
१.१०	टोखा चण्डेश्वरी अस्पताल	१	१	२३०७
१.११	पशुपति चौलागाई स्मृति अस्पताल, चरिकोट	१	१	३८४०
२	**अन्य संस्थातर्फ**			
२.१	प्रदेश सुशासन केन्द्र ललितपुर	१	१	६
२.२	प्रदेश युवा परिषद्, मकवानपुर	१	१	२००
२.३	प्रदेश खेलकुद विकास परिषद्, हेटौडा	१	१	१११४९
२.४	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हैटौडा	१	१	०
२.५	प्रदेश दुग्ध विकास बोर्ड	१	१	७०५६
	जम्मा	**१६**	**१६**	२२६८६९

अनुसूची – १(क)

(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण

२०८०।८१

क्र.सं.	कार्यालय / निकायको नाम	संख्या
१.	**प्रदेश सभा सचिवालय**	**१**
१.१.	प्रदेश सभा सचिवालय	१
२.	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१**
२.१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१
२.२.	प्रदेश सुशासन केन्द्र,ललितपुर	०
३.	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**२**
३.१.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१
३.२.	सञ्चार रजिष्ट्रारको कार्यालय	१
४.	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**१४**
४.१.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१
४.२.	प्रदेश लेखा इकाई कार्यालयहरू	१२
४.३.	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
५.	**उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश**	**१५**
५.१.	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश	**१**
५.२.	उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	१
५.३.	घरेलु तथा साना उद्योग कार्यालयहरू	१३
६.	**कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश**	**३७**
६.१.	कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश	१
६.२.	निर्देशनालयहरू	२
६.३.	कृषि ज्ञान केन्द्रहरू	७
६.४.	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू	८
६.५.	मत्स्य विकास केन्द्रहरू	२
६.६.	उपोष्ण प्रदेशीय बागबानी विकास केन्द्र, त्रिशुली	१
६.७.	कन्दमूल तरकारी विकास केन्द्र, सिन्धुली	१
६.८.	किम्बु नर्सरी विकास केन्द्र, भण्डारा	१
६.९.	कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, भण्डारा	१
६.१०.	पशु सेवा तालिम केन्द्र, लगनखेल	१
६.११.	पुष्प विकास केन्द्र, गोदावरी	१
६.१२.	प्रजनन पिढी विजकोया श्रोत केन्द्र, धुनीवेशी	१
६.१३.	बाखा विकास फार्म, चित्लाङ्ग	१
६.१४.	बाली संरक्षण प्रयोगशाला, हरिहरभवन	१
६.१५.	बिउ विजन प्रयोगशाला, हेटौडा	१
६.१६.	मसलाबाली विकास केन्द्र, पाचँखाल	१
६.१७.	माटो तथा मल परीक्षण प्रयोगशाला, हेटौडा	१
६.१८.	पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना आयोजना कार्यान्वयन इकाई, बागमति प्रदेश हेटौडा	१
६.१९.	मौरीपालन विकास कार्यक्रम, भण्डारा	१
६.२०.	व्यवसायिक ग्रेनेज केन्द्र, चित्तापोल	१
६.२१.	शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र, बोच	१
६.२२.	शितोष्ण बागबानी नर्सरी केन्द्र, दामन	१
७.	**खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, हेटौडा**	**२२**

क्र.सं.	कार्यालय / निकायको नाम	संख्या
७.१.	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, हेटौडा	१
७.२.	खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू	५
७.३.	जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू	१३
७.४.	नारायणी लिफ्ट खगेरी सिंचाइ व्यवस्थापन डिभिजन कार्यालय, चितवन	१
७.५.	भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू	२
८.	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**१७**
८.१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१
८.२.	ग्रामीण सडक सञ्जाल सुधार आयोजना	१
८.३.	पूर्वाधार विकास कार्यालय	६
८.४.	प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना	१
८.५.	प्रादेशिक सडक डिभिजन कार्यालयहरू	२
८.६.	यातायात पूर्वाधार निर्देशनालय	१
८.७.	सहरी विकास तथा भवन कार्यालय	५
९.	**वन तथा वातावरण मन्त्रालय, हेटौडा**	**२५**
९.१.	वन तथा वातावरण मन्त्रालय, हेटौडा	१
९.२.	वन निर्देशनालय, मकवानपुर	१
९.३.	डिभिजन वन कार्यालयहरू	१५
९.४.	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू	७
९.५.	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ललितपुर	१
१०.	**श्रम, रोजगार तथा यातायात मन्त्रालय, हेटौडा**	**१३**
१०.१.	श्रम, रोजगार तथा यातायात मन्त्रालय, हेटौडा	१
१०.२.	यातायात व्यवस्था कार्यालयहरू	१०
१०.३.	यातायात व्यवस्था सेवा कार्यालयहरू	२
११.	**संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश**	**६**
११.१.	संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश	**१**
११.२.	पर्यटन विकास आयोजना, मकवानपुर	**१**
११.३.	पर्यटन विकास आयोजना, इकाइ कार्यालय, काठमाडौं	**१**
११.४.	उपत्यका पर्यटन कार्यालय, ललितपुर	**१**
११.५.	समस्याग्रस्त घोषणा भएका सहकारी संस्था वा सङ्घ	**१**
११.६.	सहकारी प्रशिक्षालय, भरतपुर	१
१२.	**सामाजिक विकास मन्त्रालय**	**८**
१२.१.	सामाजिक विकास मन्त्रालय	१
१२.२.	युवा तथा खेलकुद मन्त्रालय,बागमती प्रदेश (साविक)	१
१२.३.	व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरू	२
१२.४.	प्रदेश युवा परिषद्	०
१२.५.	प्रदेश खेलकुद विकास परिषद्	०
१२.६.	शिक्षा तालिम केन्द्र	१
१२.७.	शिक्षा विकास निर्देशनालय	१
१२.८.	सार्वजनिक निर्माण कार्यान्वयन इकाई	२
१३.	**स्वास्थ्य मन्त्रालय, हेटौडा**	**३४**
१३.१.	स्वास्थ्य मन्त्रालय, हेटौडा	१
१३.२.	स्वास्थ्य निर्देशनालय	१
१३.३.	स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मकवानपुर	१
१३.४.	आयुर्वेद औषधि उत्पादन केन्द्र	१
१३.५.	जनस्वास्थ्य प्रयोगशाला, काभ्रेपलाञ्चोक	१
१३.६.	स्वास्थ्य कार्यालयहरू	१३

क्र.सं.	कार्यालय / निकायको नाम	संख्या
१३.७.	जिल्ला आयर्वेद स्वास्थ्य केन्द्रहरू	१३
१३.८.	मेथिनकोट अस्पताल, काभ्रेपलाञ्चोक	१
१३.९.	बकुलहर अस्पताल,चितवन	१
१३.१०	स्वास्थ्य तालिम केन्द्र, काठमाडौं	१
१३.११	अस्पताल विकास समितिहरू (१०)	०
१४.	**प्रदेश नीति तथा योजना आयोग**	**१**
१४.१.	प्रदेश नीति तथा योजना आयोग	१
१५.	**प्रदेश लोक सेवा आयोग**	**१**
१५.१.	प्रदेश लोक सेवा आयोग	१
१६.	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**१**
१६.१.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१
	जम्मा	**१९८**

अनुसूची – १(ख)

(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका समिति तथा अन्य संस्थाहरूको विवरण

२०८०।८१

क्र.सं.	समिति तथा अन्य संस्थाको नाम	संख्या
१	**समितितर्फ**	
१.१	हेटौडा अस्पताल विकास समिति	१
१.२	सिन्धुली अस्पताल विकास समिति	१
१.३	रामेछाप अस्पताल विकास समिति	१
१.४	रसुवा अस्पताल विकास समिति	१
१.५	भक्तपुर अस्पताल विकास समिति	१
१.६	धादिङ्ग अस्पताल विकास समिति	१
१.७	त्रिशुली अस्पताल विकास समिति	१
१.८	चौतारा अस्पताल विकास समिति	१
१.९	बज्रबाराही चापागाउँ अस्पताल	१
१.१०	टोखा चण्डेश्वरी अस्पताल	१
१.११	पशुपति चौलागाई स्मृति अस्पताल, चरिकोट	१
२	**अन्य संस्थातर्फ**	
२.१	प्रदेश सुशासन केन्द्र ललितपुर	१
२.२	प्रदेश युवा परिषद्, मकवानपुर	१
२.३	प्रदेश खेलकुद विकास परिषद्, हेटौडा	१
२.४	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हैटौडा	१
२.५	प्रदेश दुग्ध विकास बोर्ड	१
	जम्मा	**१६**

अनुसूची - २

(प्रतिवेदनको परिच्छेद १ को दफा १.१ सँग सम्बन्धित)

प्रदेश कार्यालयको लेखापरीक्षण रकम

२०८०।८१

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	२२०५५०	१	२२०५५०	१	१२६९	१	१२६९	१	२५६७	१	२५६७	०	०	०	०	२२४३८६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	२५३२२२	१	२५३२२२	१	१०६	१	१०६	१	१७५८	१	१७५८	१	१९५९	१	१९५९	२५७०४५
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२	४०२८५८	२	४०२८५८	२	१११८७	२	१११८७	२	६३१७३	२	६३१७३	२	२०८०७५	२	२०८०७५	६८५३९३
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१४	१२५५१५	१४	१२५५१५	१४	६६८९६६७	१४	६६८९६६७	१३	१५०१९	१३	१५०१९	९	८७४०	९	८७४०	६८३८९४१
५	उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय	१५	३४७३३३	१५	३४७३३३	१०	२६१००८	१०	२६१००८	१५	१५९९०	१५	१५९९०	४	५३५३५	४	५३५३५	६७७८६६
६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३७	१९८०५७४	३७	१९८०५७४	६	५६५९९८९	६	५६५९९८९	३६	११८८२२	३६	११८८२२	१४	१४३६५८	१४	१४३६५८	७९०३०४३
७	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	२२	७४५६०२३	२२	७४५६०२३	२२	१४६३२	२२	१४६३२	२२	९१८१९७	२२	९१८१९७	३	१५२६५	३	१५२६५	८४०४११७
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	१७	१६८६५४११	१७	१६८६५४११	१७	३३८३०४	१७	३३८३०४	१७	१९२५०२४	१७	१९२५०२४	३	८२१९	३	८२१९	१९१३६९५८
९	वन तथा वातावरण मन्त्रालय	२५	२३४३६३७	२५	२३४३६३७	२५	२१५२६२	२५	२१५२६२	२५	२१०६४४	२५	२१०६४४	१५	१७१३६२	१५	१७१३६२	२९४०९०५
१०	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१३	४४९४७४	१३	४४९४७४	११	१२८६३२८३	११	१२८६३२८३	९	१८८२१	९	१८८२१	०	०	०	०	१३३३१५७८
११	संस्कृति तथा पर्यटन मन्त्रालय	६	१३१४८२८	६	१३१४८२८	५	४३३५९	५	४३३५९	५	१०५९२७	५	१०५९२७	०	०	०	०	१४६४११४
१२	सामाजिक विकास मन्त्रालय	८	३१४४२९४	८	३१४४२९४	८	३३५३३	८	३३५३३	८	२२८३०६	८	२२८३०६	५	३२७२६९	५	३२७२६९	३७३३४०२
१३	स्वास्थ्य मन्त्रालय	३४	३३२७७७६	३४	३३२७७७६	२९	१२४५७	२९	१२४५७	३१	१०३८६३	३१	१०३८६३	२८	९४५२४४	२८	९४५२४४	४३८९३४०
१४	प्रदेश नीति तथा योजना आयोग	१	२९६७९	१	२९६७९	१	८	१	८	१	१९	१	१९	०	२०	१	२०	२९७२६
१५	प्रदेश लोक सेवा आयोग	१	७४९२३	१	७४९२३	१	१०७८२५	१	१०७८२५	१	९२०	१	९२०	०	०	०	०	१८३६६८
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१८१९४	१	१८१९४	०	०	०	०	१	१५	१	१५	१	१८७	१	१८७	१८३९६
	स्थानीय तहलाई वित्तीय हस्तान्तरण		६१६०३०५		६१६०३०५	०	०	०	०	०	०	०	०	०	०	०	०	६१६०३०५
	जम्मा	**१९८**	**४४५१४५९६**	**१९८**	**४४५१४५९६**	**१५३**	**२६२५१९८९**	**१५३**	**२६२५१९८९**	**१८८**	**३७२९०६५**	**१८८**	**३७२९०६५**	**८५**	**१८८३५३३**	**८६**	**१८८३५३३**	**७६३७९१८३**

द्रष्टव्य प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा प्रदेश सरकारका मन्त्रालयहरूले देखाएको खर्चमा रु.१३ लाख ९३ हजार हिसाब फरक परेको व्यहोरा सम्बित कोषको रायमा समावेश गरिएको छ ।

अनुसूची -३
(प्रतिवेदनको परिच्छेद-१ दफा १ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण
२०८०।८१

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	वक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१.	अस्पतालहरू	११	११	०	११	४८०५३४८	-
२.	प्रदेश सुशासन केन्द्र ललितपुर	१	१	०	१	१२३९२९	-
३.	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	१	०	१	२७१०६६	-
४.	प्रदेश खेलकुद विकास परिषद्, हेटौडा	१	१	०	१	५४०५३६	-
५.	प्रदेश युवा परिषद्, मकवानपुर	१	१	०	१	३३६६४६	-
६.	प्रदेश दुग्ध विकास बोर्ड	१	१	०	१	३६८२६६	-
	जम्मा	**१६**	**१६**	**०**	**१६**	**६४४५७९१**	**-**

अनुसूची - ४

(प्रतिवेदनको परिच्छेद १ दफा १.२ सँग सम्बन्धित)

आय व्यय हिसाव तयार गर्ने अन्य संस्था तथा समितिका लेखापरीक्षण रकम बेरुजु र सञ्चालन नतिजा २०८०।८१

(रु.हजारमा)

क्र.सं.	संस्थाको नाम	जिल्ला	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा											यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको सुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च			
१.	**समितितर्फ**																	
१.१	हेटौडा अस्पताल विकास समिति	मकवानपुर	२०८०।८१	१४३५०८८	१२८१९२	९४३७१	४२०९७४	२३६६१४	१३७२८९	७९४८७७	७०७२	४१०९१७	८३५३९	१३८६८३	६४०२११	१५४६६६	२४९०३७
१.२	सिन्धुली अस्पताल विकास समिति	सिन्धुली	२०८०।८१	७३४०४८	२६२	४३३७	१४७२५२	२१८६७६	१०१३	३६६९४१	१८२३१८	१४६९४४	०	३७८४५	३६७१०७	-१६६	४१७१
१.३	रामेछाप अस्पताल विकास समिति	रामेछाप	२०८०।८१	९२४९१	०	७६०७	५९८६९	५८०६	१२९	६५८०४	१७३६७	३४०४	५२८४	६३२	२६६८७	३९११७	४६७२४
१.४	रसुवा अस्पताल विकास समिति	रसुवा	२०८०।८१	९२१८६	१००	२६८३	१३५३५	३२२८०	०	४५८१५	१६९२	३०५८९	०	१४०९०	४६३७१	-५५६	२१२७
१.५	भक्तपुर अस्पताल विकास समिति	भक्तपुर	२०८०।८१	९६०९२९	६१४५४	१८१८७	२२८१३१	२४९५१५	८१८	४७८४६४	३६००२०	५८२९६	५९९४८	४२०१	४८२४६५	-४००१	१४१८६
१.६	धादिङ्ग अस्पताल विकास समिति	धादिङ	२०८०।८१	४२१३७४	०	५०१९	१०२१७०	१०८३८५	४५८	२११०१३	१०८३८५	१०१९४०	०	३६	२१०३६१	६५२	५६७१
१.७	त्रिशुली अस्पताल विकास समिति	नुवाकोट	२०८०।८१	५८५६४२	२१२७	२८७३	१०३४३७	१७२२०६	१५९४१	२९१५८४	६०६८०	१८७४७	११०७७१	१०३८६०	२९४०५८	-२४७४	३९९
१.८	चौतारा अस्पताल विकास समिति	सिन्धुपाल्चोक	२०८०।८१	५८३९०	८३४५	२२२६	२७२६२	०	११७६	२८४३८	९०३५	१३७५८	६५९२	५६७	२९९५२	-१५१४	७१२
१.९	बज्रबाराही चापागाउँ अस्पताल	ललितपुर	२०८०।८१	१२८५१७	१८३१	०	१४२	५३७१४	११०७६	६४९३२	३६४०	२३८५८	२६२१६	९८७१	६३५८५	१३४७	१३४७
१.१०	टोखा चण्डेश्वरी अस्पताल	काठमाण्डौ	२०८०।८१	१०४८५०	२३०६	०	०	४४७१५	७८९१	५२६०६	३३३०	२०५६३	२०८२२	७५२९	५२२४४	३६२	३६२
१.११	पशुपति चौलागाई स्मृति अस्पताल, चरिकोट	दोलखा	२०८०।८१	१९१८३३	३८४०	५९७२	३२४२१	६२२९८	१३०	९४८४९	१७७३५	४२०५५	८६१०	२८५८४	९६९८४	-२१३५	३८३७
२.	**अन्य संस्थातर्फ**																	०
२.१	प्रदेश सुशासन केन्द्र ललितपुर	ललितपुर	२०८०।८१	१२३९२९	६	०	०	६१८७३	९१	६१९६४	०	०	७९६८	५३९९७	६१९६५	-१	-१
२.२	प्रदेश युवा परिषद, मकवानपुर	मकवानपुर	२०८०।८१	३३६६४६	२००	०	०	१६८६७	१५१४५६	१६८३२३	०	९२२४	३४०६	१५५६९३	१६८३२३	०	०
२.३	प्रदेश खेलकुद विकास परिषद, हेटौडा	मकवानपुर	२०८०।८१	५४०५३६	१११४९	२०५५	०	८००६	२६२२६२	२७०२६८	७८४२०	१३२८९२	३७५७	५५१९९	२७०२६८	०	२०५५
२.४	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौडा	मकवानपुर	२०८०।८१	२७१०६६	०	१७४६०	१३३२१	११६९१९	४४९९	१३४७३९	२७३८२	५२९०१	५३५०६	२५३८	१३६३२७	-१५८८	१५८७२
२.५	प्रदेश दुग्ध विकास बोर्ड	मकवानपुर	२०८०।८१	३६८२६६	७०५७	१७२५७	०	१७३३४९	५४८५	१७८८३४	११९	१७३३४९	०	१५९६४	१८९४३२	-१०५९८	६६५९
जम्मा				**६४४५७९१**	**२२६८६९**	**१८००४७**	**११४८५१४**	**१५६१२२३**	**५९९७१४**	**३३०९४५१**	**८७७१९५**	**१२३९४३७**	**३९०४१९**	**६२९२८९**	**३१३६३४०**	**१७३१११**	**३५३१५८**

अनुसूची - ५

(प्रतिवेदनको परिच्छेद २ दफा ४.६ सँग सम्बन्धित)

पेस्की बाँकीको विवरण

२०८०।८१

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	गत सम्मको पेस्की	यो वर्ष फर्स्यौंट	गत वर्षसम्मको बाँकी	यो वर्ष थप	कुल जम्मा
१	सरकारी कार्यालयतर्फ	९८९०१२	७११६७	९१७८४५	१०९४७१	१०२७३१६
२	समिति तथा अन्य संस्थातर्फ	५७४०	०	५७४०	१४३९	७१७९
	जम्मा	**९९४७५२**	**७११६७**	**९२३५८५**	**११०९१०**	**१०३४४९५**

अनुसूची - ६

(प्रतिवेदनको परिच्छेद २ दफा ४.७ सँग सम्बन्धित)

कुल असुली विवरण
२०८०।८१

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षणको दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	कूल जम्मा
१	**सरकारी कार्यालय तर्फ**	**११२१६**	**२९९६**	**१७१६७**	**३१३७९**
१.१	प्रदेश सभा सचिवालय	१३५	०	३००	४३५
१.२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१०	०	०	१०
१.३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	८	४०	०	४८
१.४	आर्थिक मामिला तथा योजना मन्त्रालय	०	०	०	०
१.५	उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय	२४	११७	७६९	९१०
१.६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	८३७	३१	३७३	१२४१
१.७	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	७६	८२८	१११५	२०१९
१.८	भौतिक पूर्वाधार विकास मन्त्रालय	७५९७	११९५	३९६	९१८८
१.९	वन तथा वातावरण मन्त्रालय	२३२१	०	२४७०	४७९१
१.१	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१०	०	०	१०
१.११	संस्कृति तथा पर्यटन मन्त्रालय	४	०	११३५६	११३६०
१.१२	सामाजिक विकास मन्त्रालय	१०	४९६	११९	६२५
१.१३	स्वास्थ्य मन्त्रालय	१५६	१४८	२३४	५३८
१.१४	प्रदेश नीति तथा योजना आयोग	०	०	०	०
१.१५	प्रदेश लोक सेवा आयोग	२८	१४१	३५	२०४
१.१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	०	०	०	०
२	**समिति तथा अन्य संस्था तर्फ**	**२४८०**	**५४**	**१७०**	**२७०४**
	कुल जम्मा	**१३६९६**	**३०५०**	**१७३३७**	**३४०८३**

अनुसूची - ७

(प्रतिवेदनको परिच्छेद २ दफा ४.८ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

२०८०।८१

(रु.हजारमा)

सि.नं.	मन्त्रालय/निकायको नाम	असूल गर्नुपर्ने		असूल भएको		असूल गर्न बाँकी
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	रकम
१.	**सरकारी कार्यालयतर्फ**	**१०**	**५०२**	**१**	**४**	**४९८**
१.१	प्रदेश सभा सचिवालय	०	०	०	०	०
१.२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	०	०	०	०
१.३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	०	०	०	०	०
१.४	आर्थिक मामिला तथा योजना मन्त्रालय	०	०	०	०	०
१.५	उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय	०	०	०	०	०
१.६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१	४	१	४	०
१.७	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	७	४९२	०	०	४९२
१.८	भौतिक पूर्वाधार विकास मन्त्रालय	०	०	०	०	०
१.९	वन तथा वातावरण मन्त्रालय	१	१	०	०	१
१.१०	श्रम, रोजगार तथा यातायात मन्त्रालय	०	०	०	०	०
१.११	संस्कृति तथा पर्यटन मन्त्रालय	१	५	०	०	५
१.१२	सामाजिक विकास मन्त्रालय	०	०	०	०	०
१.१३	स्वास्थ्य मन्त्रालय	०	०	०	०	०
१.१४	प्रदेश नीति तथा योजना आयोग	०	०	०	०	०
१.१५	प्रदेश लोक सेवा आयोग	०	०	०	०	०
१.१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	०	०	०	०	०
२.	**समिति तथा अन्य संस्थातर्फ**	२	३६	०	०	३६
	जम्मा	**१२**	**५३८**	**१**	**४**	**५३४**

अनुसूची - ८

(प्रतिवेदनको परिच्छेद १ दफा २.४ सँग सम्बन्धित)

राजस्वको शीर्षकगत आम्दानी विवरण

२०८०।८१

(रु.हजारमा)

राजस्व संकेत	राजस्व शीर्षक	रकम
११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर	५४८९३३८
११४११	बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर	६७५३७६६
११४२१	बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क	२३२१२०६
११४५६	बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	६११५७४४
११४७१	बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर	७००४
११४७२	बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	१७७६६
१४१५१	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	१९१९
१४१५३	बाँडफाँट भई प्राप्त वन रोयल्टी	७७५१३
१४१५४	बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	४११४२
१४१५६	बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी	३५६७५४
१४१५७	बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	६४३१८२
१४१५८	बाँडफाँट भई प्राप्त पर्वतारोहणवापतको रोयल्टी	१८८०१
१४१५९	अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी	१८२३
१४१९१	पर्यटन शुल्क	१३९
१४१९१	पदयात्रा शुल्क	२
१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	३८८११
१४२१२	सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम	५६५७
१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	२५७
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	१२७३६०
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	५६९
१४२२४	परीक्षा शुल्क	१७१०६३
१४२२५	यातायात क्षेत्रको आम्दानी	७३५१९३
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	५९०८७
१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर	३०७५८०
१४२५४	रेडियो/एफ.एम. सञ्चालन दस्तुर	३३६१
१४२५५	टेलिभिजन सञ्चालन दस्तुर	२६८८
१४२५६	चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धी दस्तुर	२१३४२२९
१४२६४	वन क्षेत्रको अन्य आय	३६३४१
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	५८
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	३४०३६
१४३१३	धरौटी सदरस्याहा	८१
१४५११	बीमा दावी प्राप्त	४८४
१४५२९	अन्य राजस्व	१४३९
१५१११	बेरुजु	१०५४०३
१५११२	निकासा फिर्ता	२१२९
१५११३	अनुदान फिर्ता	६४००६४
	जम्मा	**२६२५१९८९**

अनुसूची - ९

(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको बेरुजु वर्गीकरण
२०८०।२०८१

(रु.हजारमा)

क्र. सं.	जिल्ला	मन्त्रालय/निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजू						
			दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गनुंपर्ने					पेस्की जम्मा
			सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेस नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१	मकवानपुर	प्रदेश सभा सचिवालय	१२	३	२७०	०	०	०	०	१२	३	२७०	४०	२०६	२४	०	०	२३०	०
२	मकवानपुर	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२८	२	३३४५	०	०	०	०	२८	२	३३४५	०	३३४५	०	०	०	३३४५	०
३	मकवानपुर	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३३	१४	२०५१	०	१४	२०५१	०	३३	०	०	०	०	०	०	०	०	०
४	मकवानपुर	आर्थिक मामिला तथा योजना मन्त्रालय	७७	०	०	०	०	०	०	७७	०	०	०	०	०	०	०	०	०
५	मकवानपुर	उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय	७६	२३	५५८९	०	३	२१७	३०	७६	२०	५४०२	४६	२८३८	२५१८	०	०	५३५६	०
६	मकवानपुर	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१९७	९९	८६९९७	०	१२	३१	०	१९७	८७	८६९६६	२९७३	४२७१	९९७४	०	०	१४२४५	६९७४८
७	मकवानपुर	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	३७५	३७०	११४०४१	०	७६	४५९३	०	३७५	२९४	१०९४४८	६५०९	५०५९०	४५८३३	०	०	९६४२३	६५१५
८	मकवानपुर	भौतिक पूर्वाधार विकास मन्त्रालय	३४५	४३६	३९६१४२	०	७२	२७२३१	२९४	३४५	३६४	३६९२०५	४९४१८	१००१६८	१८८६६८	०	०	२८८८३६	३०९५२
९	मकवानपुर	वन तथा वातावरण मन्त्रालय	२३७	१२९	२२४७१	१	१०	६१	०	२३६	११९	२२४१०	२८३०	४९७२	१२७४८	०	०	१७७२०	१८६०
१०	मकवानपुर	श्रम, रोजगार तथा यातायात मन्त्रालय	९४	६	७०४	०	१	१७	०	९४	५	६८७	३७	६४९	०	०	०	६४९	०
११	मकवानपुर	संस्कृति तथा पर्यटन मन्त्रालय	५१	१७	२८०२	०	०	०	०	५१	१७	२८०२	३४३	१७	२४४३	०	०	२४६०	०
१२	मकवानपुर	सामाजिक विकास मन्त्रालय	७५	२४	२४०६७	०	९	१०४७८	०	७५	१५	१३५८९	२६२३	९९३८	१०२८	०	०	१०९६६	०
१३	मकवानपुर	स्वास्थ्य मन्त्रालय	१८५	१२४	१३३३३	०	४१	२५४४	०	१८५	८३	१०७८९	३७८	३४३०	६१९७	०	३८८	१००१५	३९६
१४	मकवानपुर	प्रदेश नीति तथा योजना आयोग	११	०	०	०	०	०	०	११	०	०	०	०	०	०	०	०	०
१५	मकवानपुर	प्रदेश लोक सेवा आयोग	१३	१२	१४१	०	१२	१४१	०	१३	०	०	०	०	०	०	०	०	०
१६	मकवानपुर	मुख्य न्यायाधिवक्ताको कार्यालय	५	०	०	०	०	०	०	५	०	०	०	०	०	०	०	०	०
		जम्मा	**१८१४**	**१२५९**	**६७१९५३**	**१**	**२५०**	**४७३६४**	**३२४**	**१८१३**	**१००९**	**६२४९१३**	**६५१९७**	**१८०४२४**	**२६९४३३**	**०**	**३८८**	**४५०२४५**	**१०९४७१**

अनुसूची - १०

(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

आय-व्ययको कारोबार गर्ने अन्य संस्था तथा समितिको बेरुजु वर्गीकरण

२०८०।८१

(रु.हजारमा)

क्र. सं.	जिल्ला	मन्त्रालय/निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फर्स्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजू			बेरुजू						
			दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने		नियमित गर्नुपर्ने				
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेस नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की जम्मा
१.	ललितपुर	बज्रबाराही चापागाउँ अस्पताल	२०	८	१८३१	०	०	०	०	२०	८	१८३१	१३९	१२४८	१५५	०	०	१४०३	२८९
२.	काठमाडौं	टोखा चण्डेश्वरी अस्पताल	१८	५	२३०६	०	०	०	०	१८	५	२३०६	२१२	२०९३	१	०	०	२०९४	०
३.	मकवानपुर	प्रदेश खेलकुद विकास परिषद, हेटौंडा	१३	१३	१११८२	०	१०	३३	०	१३	३	१११४९	०	१११३९	१०	०	०	१११४९	०
४.	मकवानपुर	प्रदेश युवा परिषद,मकवानपुर	५	४	२२९	०	१	२९	०	५	३	२००	२०	०	०	०	०	०	१८०
५.	मकवानपुर	हेटौंडा अस्पताल विकास समिति	११	१९	१२८१९२	०	०	०	०	११	१९	१२८१९२	२५७६	०	१२५६१६	०	०	१२५६१६	०
६.	मकवानपुर	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हैटौंडा	१०	०	०	०	०	०	०	१०	०	०	०	०	०	०	०	०	०
७.	रामेछाप	रामेछाप अस्पताल	५	०	०	०	०	०	०	५	०	०	०	०	०	०	०	०	०
८.	ललितपुर	प्रदेश सुशासन केन्द्र ललितपुर	१७	१	६	०	०	०	०	१७	१	६	६	०	०	०	०	०	०
९.	दोलखा	पशुपति चौलागाई समृति अस्पताल, चरिकोट	१५	१३	३८४०	०	०	०	०	१५	१३	३८४०	३७२	१०५४	१४८२	०	९३१	३४६८	०
१०.	नुवाकोट	त्रिशुली अस्पताल	२४	१३८	२९६३	०	३६	१७४०	९०४	२४	१०२	२१२७	१९२४	०	२०३	०	०	२०३	०
११.	मकवानपुर	प्रदेश दुग्ध विकास बोर्ड	१२	११	७०५७	०	०	०	०	१२	११	७०५७	३४	०	६०५४	०	०	६०५४	९६९
१२.	भक्तपुर	भक्तपुर अस्पताल विकास समिति	१८	२०	६१९५३	०	७	४९९	०	१८	१३	६१४५४	१२४	०	६१३३०	०	०	६१३३०	०
१३.	सिन्धुली	सिन्धुली अस्पताल विकास समिति	२०	११	२६२	०	०	०	०	२०	११	२६२	२१६	०	४६	०	०	४६	०
१४.	रसुवा	रसुवा अस्पताल विकास समिति	१०	३	१००	०	०	०	०	१०	३	१००	१९	८१	०	०	०	८१	०
१५.	सिन्धुपाल्चोक	चौतारा अस्पताल विकास समिति	८	२८	८३४५	०	०	०	०	८	२८	८३४५	१०९	७५२६	७१०	०	०	८२३६	०
१६.	धादिङ	धादिङ्ग अस्पताल विकास समिति	३४	३	२५	०	३	२५	०	३४	०	०	०	०	०	०	०	०	०
		कुल जम्मा	**२४०**	**२७७**	**२२८२९१**	**०**	**५७**	**२३२६**	**९०४**	**२४०**	**२२०**	**२२६८६९**	**५७५०**	**२३१४२**	**१९५६०७**	**०**	**९३१**	**२१९६८०**	**१४३९**

अनुसूची - ११

(प्रतिवेदनको परिच्छेद-२ दफा ३ सँग सम्बन्धित)

बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको अद्यावधिक विवरण

२०८०।८१

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	गत वर्षसम्मको बाँकी	सम्परीक्षण भएको	सम्परीक्षण बाट थप रकम	गत वर्षसम्मको बाँकी	यो वर्षको थप	सातौं प्रतिवेदनसम्मको वाँकी बेरुजु	सातौं प्रतिवेदनसम्मको वाँकी बेरुजुमध्ये पेस्की
१.	सरकारी कार्यालयतर्फ	४०८१६४४	२५७५५१	४९०२	३८२८९९५	६२४९१३	४४५३९०८	१०२७३१६
२.	समिति तथा अन्य संस्थातर्फ	१९८९१७	१०७२८	०	१८८१८९	२२६८६९	४१५०५८	७१७९
	जम्मा	**४२८०५६१**	**२६८२७९**	**४९०२**	**४०१७१८४**	**८५१७८२**	**४८६८९६६**	**१०३४४९५**

अनुसूची - १२

(प्रतिवेदनको परिच्छेद १ दफा ४ सँग सम्बन्धित)

प्रदेश सरकारले अन्य निकायलाई निकासा दिई खर्च भएको रकमको विवरण

२०८०।८१

(रु.हजारमा)

क्र.सं.	जिल्ला	सङ्घीय कार्यालयको नाम	जम्मा बजेट	जम्मा खर्च
१	दोलखा	जिल्ला समन्वय समिति दोलखा	४०००	२९३१
२	रामेछाप	जिल्ला समन्वय समिति रामेछाप	३५००	२९८६
३	सिन्धुली	जिल्ला समन्वय समिति सिन्धुली	३५००	३३७२
४	काभ्रेपलान्चोक	जिल्ला समन्वय समिति काभ्रेपलान्चोक	४०००	३९२४
५	सिन्धुपाल्चोक	जिल्ला समन्वय समिति सिन्धुपाल्चोक	३५००	२२४३
६	रसुवा	जिल्ला समन्वय समिति रसुवा	३५००	३०६६
७	नुवाकोट	जिल्ला समन्वय समिति नुवाकोट	४०००	३५८०
८	धादिङ	जिल्ला समन्वय समिति धादिङ	६०००	३६६६
९	चितवन	जिल्ला समन्वय समिति चितवन	३५००	२६८६
१०	मकवानपुर	जिल्ला समन्वय समिति मकवानपुर	६०००	४९२८
११	भक्तपुर	जिल्ला समन्वय समिति भक्तपुर	३५००	२३१४
१२	ललितपुर	जिल्ला समन्वय समिति ललितपुर	३५००	१९३२
१३	काठमाण्डौ	जिल्ला समन्वय समिति काठमाण्डौ	३५००	३३४९
१४	दोलखा	मालपोत कार्यालय	१३५०	१३४९
१५	दोलखा	नापी कार्यालय, दोलखा	७७०	६६८
